# सहकारी सुशासन

बुलेटिन

वर्ष १ अंक २ चैत्र २०७९








नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**सहकारी व्यवस्थापन समितिको कार्यालय**
अनामनगर, काठमाडौं

# यसभित्र


**समाचार खण्ड**

समस्याग्रस्त दुइवटा संस्थाको बचत फिर्ता ४

नवनियुक्त मन्त्रीको स्वागत ६

सहकारी व्यवस्थापन समितिको स्थापना दिवस ७

तेस्रो राष्ट्रिय सहकारी महासम्मेलनमा उत्साहपूर्वक सम्पन्न ८

व्यवस्थापन समितिका अध्यक्षको अध्यक्षतामा सञ्चालन सत्र ११

सरकार सहकारीको समस्या समाधानमा प्रयत्नशील : मन्त्री १३

'सहकारीलाई उत्पादनमुखी बनाउन सके देशले प्रतिफल पाउँछ' १५

चरिकोटमा अर्न्तक्रियात्मक रुपमा गो ष्ठी सम्पन्न १७

चितवनमा दुई दिवसीय अर्न्तक्रियात्मक कार्यक्रम सम्पन्न १९

**अन्तर्वार्ता खण्ड**

सहकारीमा विश्वासको वातावरण तयार गर्न सकेमा अहिले देखिएको समस्या सधैं रहिरहँदैन २२

**लेख खण्ड**

सहकारीमा देखिएको वित्तीय समस्या २६
लिलामणी पोखरेल

दिगो विकास लक्ष्यको प्राप्तिमा सहकारी क्षेत्रको भूमिका २९
डा. दामोदर रेग्मी

सहकारी सञ्चालनमा ध्यान दिनुपर्नै कुराहरु ३२
केशवराज आचार्य

सहकारी किन समस्यामा पर्छ ?
डि.वि. बस्नेत ३४

सुशीला थापा/ललिता महर्जन ४१

सहकारी सुशासनका लागि एकल सहकारी सदस्यता
गोपीनाथ मैनाली ४८

बागमती प्रदेशमा सहकारी अभियानको अवस्था
बलराम निरौला ५०

सहकारी क्षेत्रमा पहिचानको सङ्कट
डा. शिवजी सापकोटा ५४

सुशासन प्रवर्धनमा सहकारी संस्थाको सञ्चालन र व्यवस्थापन
माधव पौडेल ५७

सिउँडी त फुल्छ हामी किन गर्न सक्दैनौ ?
ईश्वर न्यौपाने ६१

ऋण लगानी र असुलीमा अपनाउनु पर्ने विधि
नवराज दहाल ६६

वित्तीय सहकारी संस्थाको नियमन र अनुगमन
नविन राज दाहाल ७१

## चैत मसान्तसम्मको प्रतिवेदन

# समस्याग्रस्त दुइवटा संस्थाको बचत फिर्ता




सहकारी व्यवस्थापन समितिले २ वटा समस्याग्रस्त सहकारी संस्थाको मागदावी फिर्ता गर्न सफल भएको छ । २०७५ साल असार १८ गते समस्याग्रस्त घोषणा गरिएको कुवेर बचत तथा ऋण सहकारी संस्था र स्ट्याण्डर्ड मल्टिपर्पोज को-अपरेटिभ लिमिटेडको समयसीमाभित्रै दावी गरेका बचतकर्ताको बचत फिर्ता गरेको हो ।

२०७९ चैत मसान्तसम्मको आर्थिक प्रगतिअनुसार दावी फिर्ता भएको बचत रकम ५७ लाख ६३ हजार ४ सय ६७ रकम रहेको छ । त्यसैगरी स्टयाण्डर्ड मल्टिपर्पोज को-अपरेटिभका बचतकर्ताले मागदावी गरेका बचत फिर्ता गरिएको छ । ७५ लाख २८ हजार ८ सय २४ रूपैयाँ फिर्ता गरिएको छ ।

सहकारी ऋण असुली समेत भइरहेको छ । कुवेरको २८२ जना ऋणी रहेकोमा ८ ऋणी सदस्यले ऋण भुक्तानी गरेका छन् । जुन २.८४ प्रतिशत हो । ८ लाख ५५ हजार ऋण असुल भएको हो । २ करोड ५४ लाख ४५ हजार ६ सय ६७ साँवा रकम असूल हुन बाँकी छ । सेभिङ सहकारीतर्फ भने १४.२९ प्रतिशत ऋणीले ऋण भुक्तानी गरेका छन् । कुल ६३ जनामध्ये ९ जनाले ऋण भुक्तानी गरेका हुन् । १७ लाख १८ हजार ११ रूपैयाँ असूल भएको हो भने १ करोड ६ लाख ८ सय ९१ रूपैयाँ ऋण साँवा असुल हुन बाँकी रहेको हो ।

२०७५ असार १८ गते नै समस्याग्रस्त घोषणा भएको प्यासिफिक सेभिङ एण्ड क्रेडिट को-अपरेटिभड लिमिटेडको पनि बचत फिर्तातर्फ प्रगति भएको छ । ३५२ बचतकर्ताले मागदावी ४८ करोड ७३ लाख ९८ हजार ९ सय १३ रूपैयाँ बचत रकम साँवा रहेकोमा अब १२ करोड ३७ लाख ५१ हजार ७ सय १८ बचत रकम फिर्ता गर्न बाँकी रहेको छ । मागदावी फिर्ता पाउन बाँकी बचतकर्ता १७० जना रहेका छन् ।

२०७५ साल फागुन १९ गते समस्याग्रस्त घोषणा भएको सोसाइटल बचत तथा ऋण सहकारी संस्थाको बचत फिर्ता प्रगति ४६.५४ प्रतिशत भएको छ । १० करोड ८७ लाख ४१ हजार २ सय ४३ बचत रकम मध्ये अब ५ करोड ८१ लाख ३४ हजार ५ सय ५८ रूपैयाँ फिर्ता गर्न बाँकी छ । २४० जना

सदस्यले बचत फिर्ताको दावी गरेकामा १०७ जनाको फिर्ता गर्न बाँकी छ । ऋण असुलतर्फ भने २८ ऋणीमध्ये ३ जनाले मात्र ऋण चुक्ता गरेका छन् । जुन १०.७१ प्रतिशत हुन आउँछ । १३ करोड ८ लाख ६९ हजार ७ सय ६८ रूपैयाँ ऋण साँवा असुल हुन बाँकी रहेकोमा ६३ लाख ४० हजार ८ सय ११ रूपैयाँ असूल भएको हो ।

लु:निभा बहुउद्देश्यीय सहकारी संस्था २०७६ साउन १२ गते समस्याग्रस्त घोषणा भएको थियो । सो संस्थाको १८.७५ प्रतिशत बचत फिर्ता प्रगति रहेको छ । २१४ जनाले बचत फिर्ताका लागि दावी गरेकोमा १३८ जनाको अब बचत फिर्ता गर्न बाँकी रहेको छ । ११ करोड ७४ लाख ४४ हजार २६ रूपैयाँ बचत फिर्ता माग दावी भएकोमा अझै ९ करोड ५४ लाख २४ हजार २ सय ९९ रूपैयाँ फिर्ता गर्न बाकी छ । ऋण असुलीतर्फ भने ३२.५२ प्रतिशत प्रगति रहेको छ ।

२०६ जना ऋणीमध्ये ६७ जनाले ऋण भुक्तानी गरेका छन् । ११ करोड ९६ लाख १ हजार ९ सय९ साँवा ऋण रकम रहेको छ । १ करोड २२ लाख ८४ हजार ७ सय ७९ रूपैयाँ असुली भएको हो । स्टयाण्डर्ड सेभिङ एण्ड क्रेडिट को अपरेटिभ लिमिटेडको बचत फिर्ताको प्रगति ५.८२ प्रतिशत छ ।

११ करोड ८९ लाख ९३ हजार ८ सय २८ रूपैयाँ बचत फिर्ता माग रहेको छ । जसमध्ये अब १० करोड ४४ लाख ३५ हजार ८ सय ४४ रूपैयाँ फिर्ता गर्न बाँकी छ । १७५ जनाले बचत फिर्ताका लागि दावी गरेका १३८ जनाको फिर्ता गर्न बाँकी छ ।

ऋण असुलीतर्फ ६.९३ प्रतिशत प्रगति छ । ४९ करोड ३० लाख ६३ हजार ५ सय ९७ रूपैयाँ ऋण रकम रहेकोमा ४५ लाख ६१ हजार ७ सय ४६ ऋण असुल भएको छ । ३७५ ऋणीमध्ये २६ जनाले ऋण चुक्ता गरेका छन् ।

चार्टड सेभिङ एण्ड क्रेडिट को अपरेटिभ लिमिटेडको बचत फिर्तातर्फ २.७३ प्रतिशत प्रगति छ । ८४ लाख ११ हजार ४ सय ९४ बचत रकम रहेकोमा अब ८१ लाख ८१ हजार४ सय ९४ फिर्ता गर्न बाँकी छ । १४ मध्ये ११ जनाको बचत फिर्ता गर्न बाँकी रहेको हो । प्रभु बचत तथा ऋण सहकारी संस्थामा १३८ जना बचतकर्ताले बचत फिर्ता माग गरेकोमा १२३ले अझै फिर्ता पाउन बाँकी रहेको छ । १३ करोड २० लाख ८९ हजार ९ सय २७ रूपैयाँ बचतमध्ये अझै १३ करोड ५ लाख ७२ हजार ९ सय २७ रूपैयाँ फिर्ता गर्न बाँकी छ । यसको ऋण असुलीतर्फ ८.६४ प्रतिशत प्रगति छ । ८१ ऋणीमध्ये ७ जनाले ऋण तिरेका छन् ।

समस्या ग्रस्त सहकारीमध्ये सबैभन्दा बढी बचत कर्ताले रकम दावी गरेको ओरेण्टल को-अपरेटिभ लिमिटेडलाई २०७९ असोज ७ गत समस्याग्रसत थिए । जसमध्ये ३ लाख रूपैयाँमात्र फिर्ता भएको छ । जुन ०.६९ प्रतिशत हो । त्यसैगरी कोहिनुर हिल सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, भेगास बचत तथा ऋण सहकारी संस्था लिमिटेड पनि २०७५ असार १८ गते नै समस्याग्रसत घोषित भएका संस्था हुन् । कोहिनुरबाट ५१ बचतकर्ताले २ करोड ४१ लाख ७१ हजार ८ सय ९९ रूपैयाँ फिर्ता माग गरेका छन् । जसमा ५१ जना बचतकर्ता छन् । त्यसैगरी भेगासमा १७ सदस्यले १ करोड ६५ लाख ४४ हजार ७ सय ११ रूपैयाँ बचत फिर्ता माग भएको छ ।

चार्टड सेभिङ एण्ड क्रेडिट को अपरेटिभड र सोसाइटल बचत तथा

**सहकारी व्यवस्थापन समितिबाट दावीकर्ताको बचत दिलाउन सहकारीका सञ्चालक र ऋणीहरुको चल अचल सम्पती रोक्का गर्ने कार्य भएको छ । यसैगरी कालो सूचिमा राख्ने र राहदानी रोक्का गर्ने सूचना जारी भएको छ ।**

घोषित गरिएको थियो । ४ हजार २ सय ५९ जनाले ३ अर्ब १९ करोड ५० लाख २२ हजार ८ सय ६२ रूपैयाँ साँवा बचत रकम मागदावी भएको छ । ऋण असुलीतर्फ भने १.५४ प्रतिशत प्रगति भएको छ । २ हजार २ सय ७७ ऋणीमध्ये ३५ जनाले ऋण भुक्तानी गरेका छन् । ३ अर्ब ७६ करोड ११ लाख ९० हजार ४ सय १९ रूपैयाँ साँवा ऋण रकममध्ये २ करोड ५० लाख ४२ हजार ८ सय १० रूपैयाँ भुक्तानी भएको हो ।

कञ्जुमर बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई पनि २०७५ असार १८ गते समस्याग्रस्त घोषणा गरिएको थियो । जसमा ५६ बचतकर्ताले ४ करोड ३४ लाख ७८ हजार २ सय ५२ रूपैयाँ बचत फिर्ता माग दावी गरेका ऋण सहकारी संस्थाको जेठ १५ भित्र राफसाफ हुने कार्ययोजना रहेको छ ।

१२ संस्थाबाट ४ अर्ब २५ करोड ७४ लाख ८९ हजार ४ सय ४६ रूपैयाँ बचत फिर्ता माग दावी भएकोमा हालसम्म ४५ करोड ८० लाख ७० हजार ८ सय ८२ रूपैयाँ फिर्ता भएको छ ।

ऋणतर्फ ४ अर्ब ८१ करोड १५ लाख २५ हजार ४ सय १८ रूपैयाँ साँवा रहेकोमा ५ करोड ३९ लाख असुली भएको छ । ३ हजार ६ सय ५८ जनाले ऋण तिर्नुपर्नेमा १ सय ७५ ले तिरेका छन् । जुन ४.७८ प्रतिशत प्रगति हो । ५ हजार ५ सय ४२ जनाले कुल बचत फिर्ता मागदावी गरेकोमा हालसम्म ४ सय ७२ ले फिर्ता पाएका छन् ।

# नवनियुक्त मन्त्रीको स्वागत



चैत्र, २०७९

सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम नेपाल सरकारबाट समस्याग्रस्त घोषित सहकारी संस्थाहरूको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी गर्ने समितिका रूपमा रहेको सहकारी व्यवस्थापन समितिका पदाधिकारीहरूले नवनियुक्त भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री रन्जिता श्रेष्ठ चौधरीलाई बधाई तथा शुभकामना व्यक्त गरेको छ । १७ चैतबाट मन्त्री रन्जिता श्रेष्ठ चौधरीले भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय सम्हाल्नु भएको हो । सो अवसरमा मन्त्री चौधरीले सहकारी क्षेत्रको प्रवर्धनमा छलफल गरेर अगाडि बढ्ने बताउनुभएको थियो ।  सहकारी व्यवस्थापन समितिका अध्यक्ष काशीराज दाहालले समितिको काम कार्वाहीको विषयमा जानकारी गराउनुभएको थियो ।

समितिका सदस्यहरू केशवराज आचार्य, डि.बि. बस्नेत, सुशीला थापा थपलिया, ललिता कुमारी महर्जन, तीर्थराज सिल्वाल र सदस्यसचिव केशव प्रसाद पौडेलले शुभकामना व्यक्त गर्नुभएको थियो ।



पुस २८, २०७९

# सहकारी व्यवस्थापन समितिको स्थापना दिवस

सहकारी व्यवस्थापन समितिको स्थापना दिवस पुस २८ गते मनाइएको छ । सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा भएका सहकारी संस्था वा सङ्घ को सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्ने गरी नेपाल सरकार मन्त्री परिषदको मिति २०७४ पुष २८ गतेको निर्णयानुसार गठन भएको हो ।

स्थापना दिवसको कार्यक्रमलाई संबोधन गर्दै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव डा. दामोदर रेग्मीले सहकारी अर्थतन्त्रको महत्वपर्ण खम्बा भएकोले सहकारीहरूलाई समस्याग्रस्त हुन नदिन जागरण कार्यक्रमको आवश्यकता रहेको औंल्याउनुभयो । उहाँले वचतकर्ताहरूको वचत सुनिश्चित गर्ने तर्फ सम्बन्धित सबै सजग हुनुपर्ने धारणा राख्नुभयो ।

'नेपालको अर्थतन्त्रको एउटा महत्वपूर्ण खम्बा सहकारी हो । न्यून र मध्यम आय भएका मानिसहरूको संलग्नता भएकाले यो क्षेत्रमा जागरण कार्यक्रम सञ्चालन गरेर सहकारीलाई समस्याग्रस्त हुन दिनु हुँदैन ।' सचिव रेग्मीले भन्नुभयो, 'बचतकर्ताका बचत फिर्ता हुने सुनिश्चित गर्ने विषयमा पनि सबै संवेदनशील हुनुपर्छ ।'

सहकारी व्यवस्थापन समितिका अध्यक्ष काशीराज दाहालको अध्यक्षतामा सो कार्यक्रम सम्पन्न भएको थियो । अध्यक्ष दाहालले व्यवस्थापन समितिले हालसम्म गरेको कार्यहरूको विषयमा जानकारी गराउनुभएको थियो । सो कार्यक्रममा सहकारी व्यवस्थापन समितिको प्रगति विवरण समेत प्रस्तुत गरिएको थियो ।




# तेस्रो राष्ट्रिय सहकारी महासम्मेलनमा उत्साहपूर्वक सम्पन्न

चैत २३ गते प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले महासम्मेलनको उद्घाटन गर्नुभएको थियो । उहाँले सहकारी अभियान नेपालको अर्थतन्त्रको एउटा बलियो आधार भएको बताउनुभयो ।

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय र राष्ट्रिय सहकारी महासङ्घको संयुक्त आयोजनामा २०७९ चैत २३ देखि २५ सम्म तेस्रो राष्ट्रिय सहकारी महासम्मेलन सम्पन्न भएको छ । पत्येक पाँच बर्षको अन्तरालमा राष्ट्रिय सहकारी महासम्मेलन हुने गर्दछ ।

चैत २३ गते प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले महासम्मेलनको उद्घाट गर्नुभएको थियो । उहाँले सहकारी अभियान नेपालको अर्थतन्त्रको एउटा बलियो आधार भएको बताउनुभयो । उहाँले सहकारीलाई सुदृढ र प्रवर्धन गर्न सरकार सकारात्मक रहेको सन्देश दिनुभएको थियो । कार्यक्रमको समापनमा पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले मन्तव्य राख्नुभएको थियो । अर्थतन्त्र अप्ठेरो परेको बेला जोगाउने सहकारी भएको बताउँदै ओलीले ठूला बैंक, व्यापारी, उद्योगी समस्या भएकाले साना पूँजि भएका सहकारी समस्यामा हुनु स्वभाबिक भएको र यसलाई समाधान गर्दै जानुपर्ने बताउनुभयो । उहाँले सहकारीले एकीकृत जग्गामार्फत् कृषि उत्पादनमा लाग्नुपर्नेमा जोड दिनुभयो ।

सहकारीको दिगोपनाका लागि स्वनियमन र सुशासन भन्ने नाराका साथ महासम्मेलन सम्पन्न भएको हो । नेपालको सहकारी



अभियानको उपलब्धीहरूलाई संस्थागत गर्दै अभियान २०३० तय गरी दिशानिर्देशन गरेको महासङ्घका अध्यक्ष मिनराज कडेलले बताउँनुभयो । भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिव डा दामेदर रेग्मीले महासम्मेलनले सहकारी अभियानको बाटो तय गरेको बताउनुभएको छ । सहकारी क्षेत्रका वर्तमान समस्या समाधान गर्न सरोकारवाला निकायका उच्चस्तरीय प्रतिनिधिहरूबीच वृहत छलफल गरी साझा रणनीति तय भएकाले महासम्मेलन सफल भएको महासङ्घका महाप्रबन्धक चित्राकुमारी थाम्सुहाङ सुब्बाले बताउनुभयो । सहकारी अभियानको दिगोपनाको आधार स्वनियमन तथा प्रजातान्त्रिक सुशासनको अभ्यासलाई अझ कार्यन्वयन गर्नुपर्नेमा महासम्मेलने जोड दिएको छ ।

महासम्मेलनमा तीन तहकै सरकारका प्रतिनिधि, जनप्रतिनिधि, सातै प्रदेशका सहकारीकर्मी, निजी क्षेत्रका प्रतिनिधि, गैर सरकारी सङ्घ/संस्थाका प्रतिनिधिहरू, विश्वविद्यालयका प्राध्यापकहरू, बैंकर्स र अन्तर्राष्ट्रिय सहकारी अभियन्ताहरूको समेत बाक्लो उपस्थिति थियो ।

दक्षिण एसियाका अरु देशहरुमध्ये राष्ट्रको विकास प्रक्रियामा नेपालको सहकारी अभियानको प्रभाव महत्वपूर्ण रहदै आएकोले यो महासम्मेलनलाई एसिया प्यासिफिकका देशहरूले समेत महत्व दिएका थिए । जसका कारण अन्तर्राष्ट्रिय सहकारी महासङ्घ एसिया प्रशान्त क्षेत्र र नेडाकको बैठक समेत महासम्मेलनको अवसर पारेर काठमाडौंमा नै आयोजना भयो ।

महासम्मेलनको उद्घाटन समारोहमा नेपाल राष्ट्र बैंकका गर्भनर महाप्रसाद अधिकारी विशेष सम्बोधन गर्दै अर्थतन्त्रमा सहकारीको महत्वको विषयमा बताउनुभएको थियो । अन्तर्राष्ट्रिय सहकारी महासङ्घका अध्यक्ष एरियल ग्वार्कोले भर्चुअल रूपमा महासम्मेलनलाई सम्बोधन गर्नुभयो । त्यसैगरी अन्तर्राष्ट्रिय सहकारी महासङ्घ एसिया प्रशान्त क्षेत्रका अध्यक्ष चन्द्रपाल सिंह यादव, अखिल चाइना आपूर्ती तथा बजार सहकारी सङ्घका अध्यक्ष काई फ्नेहोंग, दक्षिण कोरियाको राष्ट्रिय कृषि सहकारी महासङ्घका उपाध्यक्ष जे सिक लिले महासम्मेनलाई सम्बोधन गर्नुभएको थियो ।

महासम्मेलनमा ११ वटा विषयमा व्यापक छलफल भए । जसमा पूर्व अर्थमन्त्री, मन्त्रीहरू, पूर्व गर्भनर, सचिवहरूसहित अन्तर्राष्ट्रिय सहकारी विज्ञहरूको प्रस्तुति रहेको थियो । महासम्मेलनमा अस्ट्रेलिया, जापान, भारत, दक्षिण कोरियाका विज्ञहरूको पनि प्रस्तुति रहेको थियो । ७३ लाख सदस्यहरु आवद्ध रहेको नेपाली सहकारी अभियानमा ५६ प्रतिशत महिला सदस्य रहेका छन् र कम्तिमा १ लाख जनाले प्रत्यक्ष रूपमा रोजगारी प्राप्त गरिरहेको नेपालको सबैभन्दा बृहद सञ्जाल विस्तार भएको सहकारी क्षेत्रको योगदानहरूलाई संस्थागत गर्दै वर्तमान वित्तीय प्रणालीमा देखिएको सङ्कटका मुद्धाहरूको संवोधन गर्नुका साथै महासम्मेलनले सन् २०३० सम्मका लागि अभियानको स्पष्ट रणनीतिक दिशा तय गर्न सफल भएको छ ।

कार्यक्रममा पूर्व अर्थमन्त्री सुरेन्द्र पाण्डे, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव डा. दामोदर रेग्मी, पूर्व अर्थ सचिव रामेश्वर खनाल, कृषि तथा वन विश्वविद्यालयका उपकुलपति प्रा.डा. पुण्य प्रसाद रेग्मी, विजनेस काउन्सिल अफ को-अपरेटिभ एण्ड म्युचअलकी प्रमुख कार्यकारी अधिकृत मेलिना मोरिसन, आइसिए एपी क्षेत्रीय निर्देशक बालु एयर, नेपाल राष्ट्र बैंकका निर्देशक, रामशरण खरेल, उद्योग

वाणिज्य तथा आपूर्ति मन्त्रालयकी सह सचिव राधिका अर्याल राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष, डा. गोविन्द्र राज पोखरेल, जेए जेन्चु जापानका सिनियर म्यानेजर टोक्यो इचिया , राष्ट्रिय सहकारी महासङ्घ लि.का महाप्रबन्धक चित्राकुमारी थाम्सुहाङ सुब्बा,बैंकर्स अनिल केशरी शाहलगायतले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

प्यानल छलफलमा महासङ्घका अध्यक्ष मिनराज कँडेल, एफएनसीसीआइका उपाध्यक्ष चन्द्र ढकाल, सहकारी विभागका रजिष्ट्रार नमराज घिमिरे सहभागी हुनुहुन्थयो ।



पूर्व अर्थमन्त्री युवराज खतिवडा, पूर्व गर्भनर दीपेन्द्र बहादुर क्षेत्री, पूर्व मन्त्री केशव बडाल, गणेश शाह, सहकारी व्यवस्थापन समितिका अध्यक्ष काशीराज दाहाल, पूर्व राज्यमन्त्री दीपकप्रकाश बाँस्कोटा , महासङ्घका वरिष्ठ उपाध्यक्ष तथा संविधान सभासदस्य ओमदेवी मल्ल, नेपाल सरकारका सचिव बैकुष्ठ अर्याल, महासङ्घका सल्लाहकार कमल चौलागाई, विष्णु रिमाल, योजना आयोगका पूर्व उपाध्यक्ष पुष्प कँडेललगायतले विभिन्न कार्यपत्रको सेसनको अध्यक्षता गर्नुभएको थियो । त्यसैगरी प्यानल छलफलको मोडरेर सहकारी विज्ञ इन्दिरा पन्तले गर्नुभएको थियो ।

नेपालमा ३०,८७९ प्रारम्भिक सहकारी संस्था, ३११ जिल्ला स्तरीय सहकारी सङ्घहरु, ११ प्रदेश स्तरीय सहकारी सङ्घहरु, १८ विषयगत केन्द्रीय सहकारी सङ्घ, एक राष्ट्रिय सहकारी बैक र अभियानको शीर्षस्थ निकायका रूपमा राष्ट्रिय सहकारी महासङ्घ रहेको छ । सहकारीको गुणात्मक विकासका लागि समेत यसको सुदृढ सञ्जालीकरण, छरितो संरचना र सहकारीको मुटुको रूपमा रहेको स्वनियमन र सुशासनको प्रवर्धनका लागि महासम्मेलन कोशेढुंगा सावित भएको विश्वास लिन सकिन्छ । कार्यक्षेत्रका आधारमा १२५ वटा सहकारी मात्र सङ्घीय सरकारको क्षेत्राधिकारभित्र, ६,००२ प्रदेश सरकारको क्षेत्राधिकारभित्र र बाँकी सबै २३ हजार ७ सय ५९ स्थानीय सरकारको क्षेत्राधिकार भित्र रहेकाले स्थानीय तहमा सहकारीको नियमन प्रवर्धनमा विशेष कार्य गर्नका लागि समेत यस महासम्मेलनबाट महत्वपूर्ण सन्देश प्रवाह भएको छ ।



# व्यवस्थापन समितिका अध्यक्षको अध्यक्षतामा सञ्चालन सत्र




चैत्र २५, २०७९

सहकारी व्यवस्थापन समितिका अध्यक्ष काशीराज दाहालले राष्ट्रिय सहकारी महासङ्घ र भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको आयोजनामा भएको तेस्रो राष्ट्रिय सहकारी महासङ्घको नेपालको सहकारी अभियान भिजन २०३० को कार्यसत्रको अध्यक्षता गर्नुभएको छ । कार्यक्रम २०७९ चैत २५ गते भएको थियो । कार्यक्रमको अध्यक्षता गर्दै उहाँले सहकारी अभियानलाई सन् २०३० भित्र कहाँ पुऱ्याउने भन्न लक्ष्य कोरेर अगाडि बढ्न आवश्यक रहेको बताउनुभयो । उहाँले सहकारी क्षेत्रको गुणात्मक विकासका लागि सबैको सहकार्यको आवश्यकता औंल्याउनुभयो ।

नेपालको सहकारी अभियान भिजन २०३० विषयक कार्यपत्र प्रस्तुत गर्दै रष्ट्रिय सहकारी महासङ्घ लिमिटेडकी महाप्रवन्धक चित्राकुमारी थाम्सुहाङ सुब्बाले सहकारीहरूको वर्गीकरण आवश्यक रहेको धारणा राख्नुभयो । सहकारी वर्गीकरण गरेर सहकारीको पहिचान र जोखिम निर्धारण गर्न सकिने बताउनुभयो ।

महाप्रवन्धक सुब्बाले सहकारीमा राजनीतिकरण हावी भएको भन्दै यसको संरचनागत सुधार हुनुपर्नेमा जोड दिनुभएको थियो । उहाँले डा युवराज खतिवडाको नेतृत्वमा बनेको अध्ययन समितिले तयार पारेको प्रतिवेदन कागजमा सीमित भएको भन्दै यसको कार्यन्वयन हुनुपर्नेमा जोड दिनुभयो ।

सो कार्यक्रमको अध्यक्षता गर्नुभएको दाहाल, कार्यपत्र प्रस्तोता तथा व्याख्याकारहरूले समेत नेपालका सहकारीहरूमा बृहत सुधार गर्नुपर्ने आवश्यकता रहेको औंल्याउनुभयो । अर्थतन्त्र सङ्कुचनसँगै सहकारीहरू तलरताबाट पनि प्रभावित भएको र सहकारीको सुशासनलाई फोकस गर्ने बेला आएको प्यानालिस्ट तथा नेफ्स्कूनका पूर्व अध्यक्ष ऋषिराज घिमिरेले बताउनुभयो ।

राष्ट्रिय सहकारी विकास बोर्डका सहअध्यक्ष मित्रराज दवाडीले सहकार्य गरेर अगाडि बढेको खण्डमा सहकारी अर्थतन्त्रको महत्वपूर्ण खम्बा हुने बताउनुभयो ।

सो कार्यपत्रमा सहकारी एकीकरण गरी १० हजारमा सीमित राख्नुपर्ने माग समेत उठेको थियो । हाल नेपालमा ३० हजार बढी सहकारी रहेका छन् ।

# ११ बुँदे काठमाडौं घोषणा पत्र जारी

## सहकारीको पूँजीलाई उत्पादन, प्रशोधन र बजारीकरणमा लगानी गर्ने प्रतिवद्धता

सहकारीको पूँजिलाई उत्पादन, प्रशोधन र बजारीकरणमा लगानी गरी मूल्य श्रृंखला विकासमार्फत आत्मनिर्भर अर्थतन्त्र निमार्ण गर्न तेस्रो राष्ट्रिय सहकारी महासम्मेलनले जोड दिएको छ ।

काठमाडौंमा २३ चैतदेखि २५ चैतसम्म भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र राष्ट्रिय सहकारी महासङ्घ को आयोजनामा भएको तेस्रो राष्ट्रिय सहकारी महासम्मेलनमा जारी ११ बुँदे घोषणा–पत्रमा आत्मनिभर अर्थतन्त्र निमार्णमा सहकारीको योगदान बृद्धि गर्ने उल्लेख छ ।

वातावरण मैत्री कृषि, उत्पादनमा वृद्धि आयात प्रतिस्थापन, निर्यात प्रर्वद्धन र रोजगारी सिर्जना गर्न सार्वजनिक निजी र सहकारी साझेदारी मोडेललाई अगाडि बढाइने घोषणा पत्रमा उल्लेख छ । नवीन सोच र सिर्जनात्मकताका आधारमा सहकारीमार्फत कृषि पर्यटन, जलश्रोत, स्वास्थ्य, शिक्षा, उद्योगलगायतका क्षेत्रमा लगानी वृद्धि गर्ने प्रतिवद्धता महासम्मेलनले गरेको छ ।

विशिष्टीकृत सहकारी सङ्घमार्फत् बृहत र विशिष्ट उत्पादनको विकास, कृषि र पशुजन्य क्षेत्रको प्रवर्धन एवं ठूला कृषि फार्मको स्थापना, कृषि जन्य वस्तु तथा सेवाको मूल्य तथा आपूर्ति श्रृंखला विकास गरी सहकारीको ब्राण्ड प्रवर्धन गर्ने जनाइएको छ ।

त्यसैगरी, सहकारी सिद्धान्त, मूल्य, मान्यता र विधिको परिपालना गरी सहकारीको पहिचान स्थापित गर्न सहकारी संस्थाहरूमा स्वनियमन र सुशासन कायम गर्दै सदस्य केन्द्रित व्यवसायको माध्यमबाट गुणात्मक सहकारी अभियान निर्माणमा प्रतिवद्धता जनाइएको छ । सदस्यको बचतको सुरक्षाका लागि सहकारी क्षेत्रमा विश्वास अभिवृद्धि गर्न राष्ट्रव्यापी रूपमा जागरण अभियान सञ्चालन गर्न, सहकारी क्षेत्रको दिगोपनका लागि कानुनले परिकल्पना गरेका प्रवर्धनात्मक व्यवस्था कार्यन्वयनका लागि आवश्यक पहलकदमी गर्न र अर्थतन्त्रमा देखा परेका समस्याका कारण सहकारी क्षेत्रमा सिर्जना भएको तरलता सङ्कुचनको समस्या समाधानार्थ तिनै तहका सरकारको तर्फबाट सम्बोधन गर्न सामूहिक रूपमा बहस पैरवीका लागि पहल गरिने घोषणा पत्रमा उल्लेख छ ।

साथै, सहकारीको स्वस्थ्य एवं प्रतिष्प्रर्धात्मक क्षमता अभिवृद्धिका लागि एकीकरणलाई अभियानको रूपमा सञ्चालन गर्नुका साथै नवप्रविधिलाई आत्मसाथ गर्दै गुणस्तरीय सेवा प्रवाह गर्न प्रतिबद्ध जनाइएको छ । सरकार मातहत रहेका कोषहरू सहकारी वैंकमार्फत सहुलियतपूर्णरूपमा लगानी गर्न तथा उच्चतम प्रविधि अपनाउन सामूहिक पहलकदमी गर्ने बताइको छ ।

दिगो विकासका लक्ष्य प्राप्तिका लागि सहकारी सङ्घ संस्थामा महिला तथा लैंगिक समानता, युवा तथा सिमान्तकृत वर्गबीच सामाजिक समावेशिता कायम गर्दै वित्तीय पहुँच वृद्धि गर्दै जाने उल्लेख छ ।

सहकारी क्षेत्रलाई आवश्यक जनशक्ति निर्माण गर्न औपचारिक शिक्षामा सहकारी विषय अध्ययन अध्यापन गराउन तथा सहकारीमा क्षमतावान मानव संसाधनलाई आकर्षित गर्दै स्थायित्व कायम गर्न सामूहिक पहलकदमी गर्न समेत उल्लेख छ ।

सहकारी क्षेत्रको तथ्याङ्क अद्यावधिक गर्ने, सहकारीको अध्ययन अनुसन्धानमा लगानी वृद्धि गरी समग्र अर्थतन्त्रमा सहकारी क्षेत्रको योगदानको मापन गर्ने प्रणाली विकासका लागि पहलकदमी लिने महासम्मेलनको प्रतिवद्धता छ । समापन समारोहमा महासङ्घका उपाध्यक्ष रमेश पोखरेलले घोषणापत्र पढेर सुनाउनुभएको थियो ।

# सरकार सहकारीको समस्या समाधानमा प्रयत्नशील : मन्त्री

## इटहरीमा एक दिवसीय गोष्ठी माघमा सम्पन्न




माघ २७, २०७९

सहकारी व्यवस्थापन समितिको आयोजनामा २०७९, २७ माघमा सुशासनको प्रवर्धनमा सहकारी संस्थाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी एक दिवसीय कार्यशाला गोष्ठी सम्पन्न भएको छ । सुशासनको प्रवर्धनमा सहकारी संस्थाको सञ्चालन र व्यवस्थापन सम्बन्धी राष्ट्रिय कार्यशाला गोष्ठीका माध्यमबाट सङ्घ, प्रदेश र स्थानीयतहमा सहकारीको क्षेत्रमा देखिएका समस्याहरूको पहिचान गरी संस्थाहरूमा सुशासन प्रवर्धनमा टेवा पुऱ्याउने उद्देश्यले कार्यक्रम गरिएको हो । इटहरी उपमहानगरपालिका सुनसरीमा भएको गोष्ठीको उद्घाटन सङ्घीय भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री राजेन्द्र कुमार राईले गर्नुभएको थियो । सङ्घीय सरकारका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव डा. दामोदर रेग्मीको अध्यक्षतामा गोष्ठी सम्पन्न भएको हो ।

मन्त्री राईले सहकारी संस्थाहरूमा सुशासन प्रवर्धन गरी रोजगारी सिर्जना गरी देशको आर्थिक सुधारमा सरोकारवालाहरू लाग्नुपर्ने बताउनुभयो । 'नेपाल सरकारबाट समस्यामा रहेका सहकारीहरूको समस्या समाधान गर्न प्रयत्नशील छ । गोष्ठीबाट निस्कने सुझावहरूलाई कार्यन्वयन गर्नका लागि प्रयत्नशील रहनेछौं ।' उहाँले प्रतिबद्धता समेत व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा सङ्घीय मन्त्रालयका सचिव डा. दामोदर रेग्मीले गरिबी निवारणमा सहकारी संस्थाको भूमिका विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । देशको सामाजिक तथा आर्थिक रूपान्तरणका लागि सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको बताउँदै उहाँले कूल गार्हस्थको छ प्रतिशत सहकारी संस्थाले ओगटेको बताउनुभयो । उहाँले ८० प्रतिशतभन्दा बढी सहकारी स्थानीय तहमा रहेकाले स्थानीय तहको भूमिका बढी भएको बताउनुभयो । 'सहकारीले देशको महत्त्वपूर्ण आर्थिक भूमिका निर्वाह गरेको छ । सुखी नेपाली समृद्ध नेपालका लागि सहकारी अपरिहार्य रहेको छ । सम्पत्ति शुद्धीकरण निवारणका प्रावधानहरूलाई पूर्णरूपमा लागू गर्न समेत वित्तीय सहकारीहरूलाई अनुरोध छ ।' उहाँले भन्नुभयो, 'आन्तरिक र बाह्य रूपमा विकृति र विसङ्गतिलाई निराकरण गर्न हामी सबै लाग्नु पर्छ । सञ्चालकलाई ऋण दिने, बचतकर्तालाई ब्याज नदिने अनि त्यस कार्यबाट फाइदा लिएर पछि भाग्ने गरेको देखिन्छ ।' सहकारी अब पूरानै तरिकाबाट चलाएर नहुने र विगतका कार्यशैलीमा

परिवर्तन गरी जनताको आय-आर्जन हुने काममा सहकारीलाई लैजानु पर्नेमा उहाँको जोड थियो । 'सहकारी क्षेत्रलाई सरकारले सम्बोधन गर्न नसकेका कार्यहरू गर्न सक्ने, हिम्मत राख्न सक्ने बनाउनु पर्छ । गरिबी हटाउन सहकारीको प्रमुख भूमिका रहेको छ ।' उहाँले थप्नुभयो, ' दिगो विकास लक्ष्यको १७ वटा लक्ष्य मध्ये गरिबी निवारण समेत एक हो । जसलाई सहकारीले लक्ष्यसम्म पु-याउन सहयोग गर्न सक्छ ।' सहकारीको मूल्य, मान्यता, सिद्धान्तमा रहेर सञ्चालन गर्नुपर्ने, स्वावलम्बनका लागि निर्यात, आयात तथा पारस्परिकताको कार्य गर्ने, समुदायमा आधारित सदस्य केन्द्रित, आवश्यकताका आधारमा लगानी गर्ने गरे सहकारीले उचित लक्ष्य हाँसिल गर्न सक्ने उहाँको बुझाइ थियो ।

सहकारी व्यवस्थापन समितिका अध्यक्ष काशीराज दाहालले कार्यशाला गोष्ठीको उद्देश्य तथा गोष्ठीमा उपस्थित सम्पूर्णलाई स्वागत गर्दै सहकारी संस्थाहरूले सर्वोपरी हितमा काम गर्नुपर्नेमा जोड दिनुभयो । 'विदेशी धेरै मुलुकहरूमा सहकारी संस्थाले उत्कृष्ट कार्यहरू गरेको पाइन्छ । नेपालमा पनि धेरै उदाहरण छन् । ती संस्थाका सफलताका कथालाई उजागर गर्दै अन्यलाई समेत उत्प्रेरणा दिनुपर्छ ।' दाहालले भन्नुभयो ।

उक्त एक दिवसीय कार्यक्रममा वित्तीय क्षेत्रमा विभिन्न विषयमा ६ वटा कार्यपत्रहरू प्रस्तुत भएका थिए । भूमि व्यबस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिव डा. दामोदर रेग्मीले गरिवी निवारणमा सहकारी संस्थाको भूमिका, सहकारी व्यवस्थापन समितिका अध्यक्ष काशीराज दाहालले सहकारी संस्था सञ्चालन सम्बन्धी ऐन/नियम र सुशासन प्रवर्धन विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । त्यसैगरी उद्योग कृषि तथा सहकारी मन्त्रालयका प्रदेश सचिवले प्रदेश सहकारीको अवस्था, नियमनमा प्रदेश मन्त्रालयको भूमिका विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । राष्ट्रिय सहकारी महासङ्घका उपाध्यक्ष रमेश पोखरेलले ऋण लगानी, असुली तथा वित्तीय कारोबार गर्ने संस्थाको अनुगमन नियमनमा सङ्घ/महासङ्घको भूमिका विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । विराटनगर महानगरपालिकाका प्रशासकीय अधिकृतले पालिकास्तरीय सहकारीको अवस्था, नियमन र सुशासनको विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका सदस्य सचिव केशव प्रसाद पौडेलले समूह विभाजन, छलफल र प्रस्तुति गर्नुभएको थियो । समितिका अध्यक्ष काशीराज दाहालले गोष्ठीको समापन गर्दै सहकारी सम्बन्धी नियम, नीति तथा कानुनमा के कसरी सहज बनाउन सकिन्छ ? छलफल गरी त्यसलाई अगाडि बढाउनु पर्नेमा जोड दिनुभयो । 'केही सहकारीमा आएको बेथितिले सबै सहकारीलाई नराम्रो नजरले हेर्न नहुने, सहकारीमा सुशासन कसरी गर्ने भन्ने उद्देश्य यस कार्यशाला गोष्ठीको निष्कर्ष रहेको बताउनुभयो ।

प्रदेश १ का प्रदेश सभाका सचिव गोपाल प्रसाद पराजुली, सुनसरीका प्रमुख जिल्ला अधिकारी, तीर्थराज भट्टराई र हुमकला पाण्डेले सहकारी संस्थाहरूमा सुशासन प्रवर्धन गर्न स्थानीय तह तथा सहकारी संस्थाहरूमा संलग्न अभियानकर्मीहरू लाग्नु पर्नेमा जोड दिनुभयो । एक दिवसीय कार्यशाला गोष्ठीको अन्त्यमा सहकारी संस्थाहरूमा सुशासन प्रवर्धनको इटहरी घोषणापत्र २०७९ जारी गरिएको थियो । सहभागीहरूबाट घोषणापत्र बेजोड तालीका साथ घोषणा भएको र उक्त घोषणापत्रलाई स्थानीयतह तथा अभियन्ताहरूले शिरोधार्य गरी कार्यन्वयनमा ल्याउने प्रतिबद्धता समेत जनाउनु भएको थियो ।

नेपालको संविधान, सङ्घीयता र सहकारी क्षेत्रमा रहेको अन्यौलता हटाउन, सङ्घ, प्रदेश र स्थानीयतहमा हस्तान्तरण भई प्राप्त हुन आएका र दर्ता सञ्चालन भइआएका सहकारी संस्थाहरूमा सुशासन प्रवर्धन गर्न र समस्याग्रस्त हुन नदिने अभिप्रायले प्रदेश १ मा सो गोष्ठीको आयोजना गरिएको हो ।

हप्रदेश १ सुनसरी, मोरङ्, झापा, उदयपुर, इलाम, धनकुटाका महानगर, उप-महानगर, नगर र गाउँपालिकाका प्रमुख/उप्रमुख, अध्यक्ष तथा उपाध्यक्षको सहभागिता थियो । साथै प्रदेश सभाका सचिव, सुनसरी मोरङ्का प्रमुख जिल्ला अधिकारी, प्रमुख प्रशासकीय अधिकृत, स्थानीय तहका सहकारी शाखा हेर्ने कर्मचारीहरू, सहकारी अभियानमा संलग्न अभियानकर्मीहरू, सहकारी व्यवस्थापन समितिका सदस्य कर्मचारीलगायत पत्रकार हरूको उपस्थितिमा रहेको थियो ।





पुस, २०७९

## बुटवल गोष्ठी

# ‘सहकारीलाई उत्पादनमुखी बनाउन सके देशले प्रतिफल पाउँछ’

प्रदेश प्रमुख माननीय अमिक शेरचन

लुम्बिनी प्रदेशका प्रदेश प्रमुख अमिक शेरचनले सहकारीलाई उत्पादनमुखी बनाउन सके मात्र वास्तविक प्रतिफल देशले पाउन सक्ने बताउनुभएको छ । सहकारी व्यवस्थापन समितिको कार्यालय काठमाडौँले आयोजना गरेको 'सुशासनको प्रवर्धनमा सहकारी संस्थाको सञ्चालन र व्यवस्थापन' विषयक दुई दिने कार्यशाला गोष्ठीमा उद्घाटन गर्दै उहाँले सहकारीले उत्पादनमा ध्यान दिएर ऋणको कारोबार बैंकबाट गर्नुपर्ने बताउनुभयो ।

"एकाध सहकारीबाट बचतकर्ताको पैसा हिनामिना भयो भन्दा व्यापक प्रचारप्रसार भएको छ, बैंकबाट धेरै हिनामिना हुँदा पनि त्यसको प्रचारप्रसार भएको छैन, सहकारीमा धेरैजनाको पैसा भएकाले बढी प्रचारप्रसार भएको हो, गलत काम गर्ने सहकारीलाई कानुनी कारबाही गरेर सहकारीलाई मूल्य, मान्यताका आधारमा अघि बढाउनुपर्छ", प्रदेश प्रमुख शेरचनले भन्नुभयो ।

सहकारीका माध्यमबाट अर्थतन्त्रको जग बलियो बनाउन स्थानीय तहको भूमिका महत्वपूर्ण हुने भएकाले त्यसअनुसार काम गर्न प्रदेशअन्तर्गतका स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीलाई उहाँले आग्रह समेत गर्नुभयो । समितिका अध्यक्ष




काशीराज दाहालले संविधानको मर्म सार्वजनिक, निजी र सहकारी क्षेत्रबाट आत्मनिर्भर अर्थतन्त्र निर्माण हुन सक्छ भन्ने रहेकाले त्यसअनुसार काम गर्न स्थानीय तहका जनप्रतिनिधिको भूमिका महत्वपूर्ण हुने धारणा राख्नुभएको थियो ।

'सहकारी ऋण दिने कम्पनी र बैंक नभई जनतालाई सेवा दिने पद्धति भएकाले त्यसअनुरूप हिँडाउन स्थानीय तहको भूमिका महत्वपूर्ण हुन्छ ।' दाहालले भन्नुभयो ।

८० प्रतिशत सहकारी स्थानीय तहको कार्यक्षेत्रमा रहेकाले त्यसैअनुसार काम गर्न सक्षम बनाउन कार्यक्रम आयोजना गरिएको आयोजक समितिको अध्यक्षसमेत रहेका दाहालको भनाइ थियो ।

प्रदेशको अर्थ तथा सहकारी मन्त्रालयका सचिव नेत्रप्रसाद सुवेदीले नियामक निकायले उजुरी आएपछि मात्र नभई सधैं सक्रिय हुनुपर्ने बताउनुभयो ।

सहकारीलाई सबै सदस्यको हित हुने गरी उत्पादनमा जोड्नुपर्ने उहाँको भनाइ थियो । बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेले बचत फिर्ता नपाउने सहकारीका बचतकर्ताले नगरपालिका घेर्न आउँछौं भन्ने गरेको सुनाउँदै सहकारी व्यवस्थापन जनप्रतिनिधिको समस्या बन्ने गरेको बताउनुभयो । कतिसम्म ब्याजदरमा सहकारी जान मिल्ने भन्नेमा नियामक निकायले काम गर्नुपर्ने उहाँको सुझाव छ ।

समितिका सदस्य केशवराज आचार्यले सहकारीमा सुशासन प्रवर्धनका लागि जागरण फैल्याउन सातै प्रदेशमा यस्ता

**एकाध सहकारीबाट बचतकर्ताको पैसा हिनामिना भयो भन्दा व्यापक प्रचारप्रसार भएको छ, बैंकबाट धेरै हिनामिना हुँदा पनि त्यसको प्रचारप्रसार भएको छैन, सहकारीमा धेरैजनाको पैसा भएकाले बढी प्रचारप्रसार भएको हो**

कार्यक्रम भइरहेको जानकारी गराउनु भएको थियो । नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लिमिटेडका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले हाल सरकारले १२ सहकारीलाई समस्याग्रस्त घोषणा गरेकामा सयौं सहकारी समस्याग्रस्त घोषणा हुने सूचिमा परिसकेकाले अरू सहकारीलाई त्यस्तो हुन नदिन यो कार्यक्रम प्रभावकारी भएको बताउनुभयो ।

सहकारी ऐन, २०७४ मा सुशासन कायम गर्न कार्यन्वयन गरिनुपर्ने दफा अझै कार्यन्वयन नभएर समस्याग्रस्त हुने क्रम बढ्न थालेकाले यसतर्फ सरकारको ध्यान जानुपर्ने उहाँले बताउनुभयो ।

स्यन्देहीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले तीन सहकारीका बचतकर्ता बचत फिर्ता पाउन नसकेको भनी गुनासो दर्ता गराउन आएको ताजा स्मरण गर्नुभएको थियो । 'सहकारीप्रति जनताको विश्वास गुमेर असहज अवस्था आउन नदिन सबै मिलेर काम गर्नुपर्छ ।' उहाँले भन्नुभयो ।

कार्यक्रममा लुम्बिनी प्रदेशका स्यन्देही, कपिलवस्तु, पाल्पा, गुल्मी, अर्घाखाँची र नवलपरासी पश्चिमका गरी २४ स्थानीय तहका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत र सहकारी शाखा हेर्ने शाखा प्रमुखहरूको सहभागिता रहेको आयोजक समितिका सदस्य सचिव केशवप्रसाद पौडेलले बताउनुभयो ।






# चरिकोटमा अर्न्तक्रियात्मक रुपमा गोष्ठी सम्पन्न

बागमती प्रदेश स्थित दोलखा जिल्लाको सदरमुकाम चरिकोटमा समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले मङ्सिर २३ र २४ गते सुशासनको प्रवर्धनमा सहकारी संस्थाको सञ्चालन र व्यवस्थापन विषयक दुई दिवसीय गोष्ठीको आयोजना गरेको थियो । गोष्ठी निकै प्रभावकारी भएको थियो । गोष्ठीलाई अर्न्तक्रियात्मक बनाइएको थियो । जसका कारण गोष्ठीबाट महत्वपूर्ण विषय उजागर भएको कार्यालयले महशुस गरेको छ । आगामी दिनमा नीति निर्मातालाई समेत सो गोष्ठीको निष्कर्षले पृष्ठपोषण दिने देखिन्छ ।

सहकारी संस्थाहरूलाई समस्याग्रस्त हुनबाट बचाउनका लागि नेपालको संविधान सङ्घीयता र सहकारीको क्षेत्रमा देखिएका कानुनी अड्चनहरूलाई क्रमशः सुधार गर्दै लैजाने अभिप्रायबाट सङ्घ, प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भई आएका र दर्ता सञ्चालन भई सेवारत सहकारी संस्थाहरूमा सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यक्रमबाट सहकारी संस्थाहरूमा सुशासन प्रवर्धन भई बचतकर्ताहरूको रकममा जोखिम नबढ्ने निष्कर्ष छ ।

गोष्ठीमा दोलखा, रामेछाप र सिन्धुपाल्चोकका जिल्लाहरू मध्येबाट १४ स्थानीय तहबाट सहकारी शाखा हेर्ने कर्मचारी सहकारी व्यवस्थापन समिति, सहकारी संस्थामा संलग्न अभियन्ता गरी कूल ५० जनाको सहभागिता थियो ।

सहकारी व्यवस्थापन समितिमा कर्मचारीहरू स्थानीय तह हेर्ने कर्मचारीहरू सहकारी अभियानमा संलग्न अभियन्ता तथा पत्राकारहरूको उपस्थितिमा जिल्ला समन्वय समिति दोलखाका प्रमुख बर्जुराम घतानीले गर्नुभएको थियो । कार्यक्रमको अध्यक्षता सहकारी व्यवस्थापन समितिका अध्यक्ष काशीराज दाहालले गर्नु भएको थियो । कार्यक्रमको सञ्चालन समितिका सदस्य-सचिव केशव प्रसाद पौडेलले गर्नु भएको थियो । साथै कार्यक्रमको उद्देश्य र स्वागत मन्तव्य समितिका सदस्य डि.बि. बस्नेतले राख्नुभएको थियो ।

गोष्ठीमा विभिन्न विषयको कार्यपत्र प्रस्तुत भएको थियो भने समूह विभाजन गरेर छलफल गरी छलफलबाट निस्केको निष्कर्ष समेत प्रस्तुतिकरण गरिएको थियो । कार्यक्रमको पहिलो दिन समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष काशीराज दाहालले सहकारी संस्था सञ्चालन सम्बन्धी ऐन/नियम र सुशासन प्रवर्धन विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । त्यसैगरी मिलिजुली बचत तथा ऋण सहकारी संस्थाका कार्यकारी प्रमुख ईश्वरी न्यौपानेले सहकारीको अवस्था, स्थिति, अभ्यास र प्रभावको विषयमा प्रस्तुति गर्नुभयो । त्यसैगरी भीमेश्वर नगरपालिकाका कार्यकारी प्रमुख शिशिर पौडेलले पालिकास्तरीय सहकारीको नियमन र सुशासनका कार्यहरू विषय कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । त्यसैगरी दोस्रो दिन जनचेतना बचत तथा ऋण सहकारी संस्था लिका प्रमुख नवराज दाहालले ऋण लगानी र असुलीमा अपनाउनुपर्ने विधिको विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घबाट वित्तीय सहकारी संस्थाको नियमन र अनुगमनको विषयमा कार्यपत्र प्रस्तुत भएको थियो । त्यसैगरी कार्यालयका सदस्यले सहकारी संस्थाको स्थिति र समस्याग्रस्त हुन नदिन अपनाउनुपर्ने उपायको विषयमा प्रस्तुति भएको थियो ।

कार्यक्रमको दोस्रो दिन उपस्थित सहभागीहरूलाई तीन समूहमा विभाजन गरिएको, नेपालमा सहकारी संस्थाको सुधारमा टेवा पुग्ने तीन महत्वपूर्ण विषयहरू समूहमा उपलब्ध गराई सुझाव लिइएको थियो । त्यसको सहजीकरण कार्यालयका सदस्य सचिव केशव प्रसाद पौडेलले गर्नुभएको थियो ।

**सहकारीको व्यवस्थापन र नियमन सङ्घीय, प्रदेश र स्थानीय तहमा बनेको सहकारी ऐन/नियम कार्यन्वयनमा देखिएको समस्याहरूः-**

- क्षेत्राधिकार स्पष्ट नहुनु,
- तहगत समन्वयको अभाव,
- सहकारी क्षेत्र जनप्रतिनिधिहरूको प्राथमिकतामा नहुनु,
- सहकारी क्षेत्रको ज्ञान भएको जनशक्तिको कमी हुनु,
- सहकारी अभियानको तर्फबाट दवाव सिर्जना गर्न, नसक्नु,
- सहकारी शिक्षा, तालिम, अनुगमन, नियमन प्रभावकारी रूपमा हुन नसक्नु,

## अनुगमन र सुपरिवेक्षण सम्बन्धी अनुभव र सुधार गर्नुपर्ने पक्ष

- अनुगमनको साधनहरू तय गरी विज्ञ समूह सहितको अनुगमन तथा सुपरिवेक्षण संयन्त्रको निर्माण गर्ने,
- समतामा आधारित नतिजामूलक अनुगमन संयन्त्र विकास गर्ने,
- प्रभावकारी अनुगमन र सुपरिवेक्षणको लागि आवश्यक जनशक्ति र बजेट व्यवस्थापनको लागि तीनै तहको सरकार (स्थानीय तह) लाई थप जिम्मेवार बनाउन,
- अनुगमन र सुपरिवेक्षण संयन्त्रको अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदनको आधारमा सहकारी संस्थाको वर्गीकरण गरी पुरस्कार र दण्डको व्यवस्था गर्नुपर्ने,
- सहकारी सम्बन्धी नीतिमा एकरूपता ल्याई जनप्रतिनिधि, कर्मचारी सहकारी अभियान्ताहरू वीच सहकारीको मर्म, मूल्य मान्यता र सिद्धान्तको आधारमा अनुगमन र सुपरिवेक्षण गर्ने,
- नियमन निकायको क्षमता, स्रोत साधनको उपलब्धताको सीमा भित्र रही सहकारी सङ्घ संस्थाको दर्ता, खारेजीको व्यवस्था गर्ने आदि,

## समस्याग्रस्त सहकारीको व्यवस्थापन सहकारी सञ्चालन व्यवस्थापन स्व-नियमन, क्षमता अभिवृद्धिका लागि अवलम्बन गर्नुपर्ने विधि

### समस्याग्रस्त कसरी ?

- निर्णय प्रक्रियामा सदस्यहरूको सार्थक र अर्थपूर्ण सहभागिता नहुनु,
- सीमित व्यक्तिमा पूँजि परिचालन र लगानी,
- अनुउत्पादक क्षेत्रमा लगानी, भई विविधिकरण नहुनु,
- वित्त बजारमा अस्वस्थ प्रतिस्पर्धा,

### स्व-नियमन कसरी, किन भएन ?

- जवाफदेहिता र जिम्मेवारीमा अस्पष्टता,
- कमजोर आन्तरिक नियन्त्रण प्रणाली,
- उत्प्रेरणात्मक अनुगमनमा कमी, (सरोकारवालाहरूबाट)
- सहकारी शिक्षाको व्यवहारीक कार्यन्वयनमा कमजोरी,
- सहकारीमा प्रतिवद्धता र अपनत्वको न्युनता,

### व्यवस्थापन कसरी ?

- पदीय र जिम्मेवारीगत कार्य विवरण स्पष्ट हुनुपर्ने,
- आन्तरिक नियन्त्रण प्रणालीको विकास र कार्यान्वन,
- सहकारी शिक्षाको व्यवहारिक कार्यान्वन,
- सहकारी शिक्षाको व्यवहारिक कार्यन्वयन,
- सदस्यहरूमा अपनत्व सिर्जना गर्ने खालको उत्प्रेरणात्मक कार्यक्रमहरूको सिर्जना गर्ने,

### क्षमता अभिवृद्धिमा कहाँ चुक्यौँ ?

- उत्प्रेरणात्मक अनुगमन,
- अपर्याप्त स्रोत, साधन/बजेट(आधारशीला)
- अख्तियार प्राप्त सञ्चालक/कर्मचारीहरूमा जिम्मेवारी बोधको अभाव, अधिकार क्षेत्र मिच्ने, गलत र त्रुटिपूर्ण अभ्यास,
- अन्तर सरकारी समन्वयको अभाव/अस्पष्टता,
- कमजोर राजनीतिक प्रतिवद्धता,
- उद्यमशीलता र आर्थिक गतिविधिमा लगानी नहुनु (अनुउत्पादक)

चरिकोट दोलखामा सञ्चालन भएको दुई दिवसीय गोष्ठीको औपचारिकरूपमा समितिका अध्यक्ष काशीराज दाहालले समापन गर्नुभएको थियो ।

# चितवनमा दुई दिवसीय अर्न्तक्रियात्मक कार्यक्रम सम्पन्न




असोज, २०७९

सहकारी व्यवस्थापन समिति, काठमाडौंको अयोजनामा असोज ७ र ८ गते भरतपुर महानगरपालिका चितवनमा दुई दिवसीय सुशासनको प्रवर्धनमा सहकारी संस्थाको सञ्चालन र व्यवस्थापन विषयक गोष्ठी सम्पन्न भएको थियो ।

गोष्ठीमा चितवन, मकवानपुर, धादिङ् तथा नवलपरासी जिल्ला (बर्दघाट-सुस्ता पूर्व) का नगरपालिका र गाउँपालिकाका मेयर, उपमेयर, अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, स्थानीय तहका सहकारी शाखा हेर्ने अधिकृतको उपस्थितिमा र सहकारी अभियानमा संलग्न अभियन्ता, सहकारी व्यवस्थापन समितिका सदस्य कर्मचारीलगायत पत्रकारहरूको उपस्थिति थियो ।गोष्ठीको अध्यक्षता सहकारी व्यवस्थापन समितिका अध्यक्ष काशीराज दाहालले गर्नुभएको थियो ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, बागमती प्रदेशका मन्त्री बलराम पौडेलले दीप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन गर्नु भएको थियो । उद्घाटनको क्रममा मन्त्री पौडेलले सङ्घीय सरकारबाट प्रदेश सरकारलाई अधिकार सम्पन्न गराउनु पर्ने तथा सहकारी संस्थाहरूमा सुशासन प्रवर्धनको लागि सङ्घ, प्रदेश र स्थानीयतहका सरकारहरू कटिबद्ध हुनुपर्ने धारणा राख्नुभएको थियो ।

उद्घाटन कार्यक्रममा निलकण्ठ न.पा., धादिङ्का भीम प्रसाद ढुङ्गाना, सहकारी व्यवस्थापन समितिका सदस्यज्यूहरू लगायतबाट सहकारी संस्थाहरूमा सुशासन प्रवर्धनमा यस्ता गोष्ठीहरू फलदायी हुने र सङ्घ प्रदेश र स्थानीय तहका तीनै वटा सरकारहरू सहकारीमा सुशासन प्रवर्धनका लागि कटिबद्ध हुनुपर्नेमा जोड दिनुभएको थियो । उक्त दुई दिवसीय कार्यक्रममा वित्तीय क्षेत्रमा विभिन्न विषयमा ६ वटा कार्यक्रहरू

विषय विज्ञद्वारा प्रस्तुत गरिएको थियो । सहकारी संस्था सञ्चालन सम्बन्धी ऐन नियम र सुशासन प्रवर्द्धनको विषयमा काशीराज दाहालले प्रस्तुति गर्नुभयो । सहकारी विज्ञ डा. शिवजी सापकोटाले नेपालमा वित्तीय सहकरीको स्थिति, अन्तर्राष्ट्रिय अभ्यास र नेपालमा प्रयोग विषय कार्यपत्र प्रस्तुत गर्नुभयो । भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय बागमती प्रदेशका सचिव बलराम निरौलाले प्रदेश स्तरीय सहकारीको अवस्था, सुशासनको सन्दर्भमा प्रदेश सहकारीबाट भएको प्रयासको विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । भरतपुर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद सापकोटाले पालिकास्तरीय सहकारीको दर्ता नियमन र सुशासनको स्थिति विषयको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

समितिका सदस्य सुशीला थापा थपलिया र ललिता कुमारी महजृनले सहकारी संस्थाको सञ्चालन र व्यवस्थापनमा महिला सहभागिता विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सदस्य तिर्थराज सिल्वालले सहकारी संस्थाहरूको नियमन र अनुगमनका बारेमा कार्यपत्र प्रस्तुती गर्नुभयो । विकु बचत तथा ऋण सहकारी संस्थामा प्रमुख कार्यकारी अधिकृत माधव पौडेलले वित्तीय सहकारीको अवस्था र आर्थिक विकासमा योगदान विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । समतिका सदस्य केशवराज आचार्यले सहकारी संस्थाको स्थिति र समस्याग्रस्त हुन नदिन अपनाउनुपर्ने सतकर्ताको विषयमा प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा समूह विभाजन गरी छलफल गरिएको थियो ।

## सहकारी संस्थाहरूमा सुशासन प्रवर्धनमा थप सुधारका उपायहरू

- COPOMiS (व्यवस्थापन सूचना प्रणाली) लाई कडाईका साथ सबै सहकारी संस्था लागु गर्ने
- नयाँ सङ्घीय संरचनाअनुसार तयार गरिएका ऐन, नियमावली अनुसार संस्था लिमिटेडहरूको विनियम संसोधन गर्नुपर्ने ।
- सहकारी संस्था लिमिटेडको सञ्चालक समितिमा राजनीतिक भागबण्डा र राजनितीक मिलेमतो, नातावाद, कृपावाद हुन नहुने ।
- सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका सदस्यहरूलाई अनिवार्य सहकारी तालिका दिनुपर्ने,
- दण्ड जरिवानासहित पुरस्कारको व्यवस्था हुनुपर्ने,
- सञ्चालक, लेखा सुपरिवेक्षक र व्यवस्थापकलाई बढी जिम्मेवार बनाउन,
- श्रम ऐनले तोकेअनुसार सहकारी संस्थामा कार्यरत कर्मचारीहरूलाई पारिश्रमिक दिने व्यवस्था हुनुपर्ने,
- PEARLS / MCI अनुगमन प्रणाली अनिवार्य लागू गर्नुपर्ने,
- सङ्घीय सहकारी विभागद्वारा जारी गरिएका निर्देशिकाहरू पूर्णरूपमा लागू गर्नुपर्ने,
- शेयर सदस्य तथा सहकारी संस्था लिमिटेडहरूको समग्र वित्तीय व्यवस्थाको अध्ययन गरी सङ्घीय सहकारी विभागले एकीकरणको नीति बनाउनु पर्ने,

## सहकारी संस्थाहरूलाई समस्याग्रस्त हुन नदिन के गर्ने ?

- दर्ता पूर्व सहकारीका सञ्चालकहरूलाई सहकारी शिक्षा अनिवार्य गर्ने,
- सङ्घहरूको क्षमता विकास गरी प्रारम्भिक सहकारी संस्थाको अनुगमन व्यवस्था मिलाउने,
- नियामक निकायबाट दण्ड/पुरस्कारको व्यवस्था गर्ने,
- नियामक निकायमा सहकारी गुनासो संयन्त्र विकास गर्ने,
- जुन उद्देश्यका लागि सहकारी संस्था दर्ता भएको हो, सो बमोजिम सञ्चालित गराउनु पर्ने,
- सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण क्षमता विकास र निरन्तर जागरूक गराउने,
- नियामक निकायहरूको अनुगमन निरीक्षण क्षमता विकास गर्ने,
- अनुगमन निरीक्षणको कार्य विधि एवं चेक लिस्टको व्यवस्था गर्ने,
- अनुगमन गर्दा वित्तीय संस्थाहरूलाई प्रत्येक छ महिनामा र विषयगत सहकारीहरूलाई वार्षिक रूपमा तोकिएको समितिका सदस्यहरूले अनिवार्य रूपमा चेकलिस्ट बनाएर नियमित अनुगमन गर्नुपर्ने,
- विषयगत सङ्घहरू सहितको अनुगमन संयन्त्र विकास गर्ने,
- संख्यात्मक हिसाबले अत्याधिक रहेका सहकारी एकीकरणको लागि पहल गर्ने,
- सहकारी ऐन,२०४८ अनुसार दर्ता भएका सहकारी संस्थाहरूको र चालू विनियममा एक चौथाई बढी संशोधन गर्नुपर्ने अवस्थाको विनियमहरू पुनर्लेखन गर्ने कानुनी व्यवस्था गर्ने,

- सहकारी संस्थालाई बाध्ने भन्दा स्वनियम स्वउत्तरदायित्व उन्मुख बनाउने गरी संशोधन हुनुपर्ने,
- सहकारी संस्थाको वित्तीय, सञ्चालकीय स्वच्छताको लागि नियमित मोनिटरिङ्ग गर्ने जिम्मा केन्द्रीय सङ्घ वा बोर्डलाई कानुनी रूपमा जिम्मेवार बनाउने,
- स्थानीयतहले समेत प्रदेश, सङ्घ क्षेत्राधिकारको संस्थासंग बेसरोकार हुने अवस्था अन्त्य गरी खुला, पारदर्शीता र स्थानीय तहसंग पनि गर्ने व्यवस्था गर्ने,
- सहकारी भनेको "स्व-आवश्यकता र उद्देश्य पूर्तिका निम्ति विचार मिल्नेहरूको स्वावलम्वी समूह" हो भन्ने विषयलाई प्रमोट हुने र जस अपजस (विग्रे/बनेका) शेयर सदस्य स्वयं हो सरकार वा तेश्रो पक्ष होईन भन्ने विषय ऐनमै किटान गरी नियमहरूमा व्याख्या गर्ने,
- सहकारी दर्शन र ऐन नियममा वेमेल भएका धेरै विषयहरू छन् , जसलाई सम्बोधन गर्ने (दर्शनलाई महत्व) गरी ऐन नियम सुधार गर्ने । जस्तोः तेश्रो पक्षको सहयोग वा हस्तक्षेप  दर्शनले स्वीकार्दैन ।
- दर्शनः विभार मिल्नेहरूको स-साना सहकारी/ मर्जर र दर्ता ऐन ऐनले बाँधेको बढी नै छ ,
- सहकारी संस्थाले गलत गर्छन् त्यसैले कानुन कडा चाहिन्छ भन्ने मानसिकताले भन्दा पनि स्वयंले स्वयंको लागि जन्माएको संस्था सहकारी भएकोले त्यसको समस्या वा विकास, राम्रो नराम्रो सम्पूर्ण जिम्मा शेयर सदस्यको नै भएकोले तेश्रो पक्षसंग उपचार खोज्ने प्रवृत्ति निरूत्साहित गर्ने गरी ऐन, नियम सर्व-व्यापक प्रचार-प्रसार, निर्देशिका तयार गर्ने,
- भ्mोले सहकारीहरूको पहिचान पालिका सहकारी शाखाले गर्ने, निजहरू वैधानिकता कायम गरी बस्छन् र अनुदान दोहन गर्ने प्रवृतिलाई नियन्त्रण/खारेजी सम्म गर्नसक्ने अधिकार पालिका शाखामा रहने कानुनी व्यवस्था हुनु पर्ने,
- बाहिर दर्ता भै अन्य पालिकामा शाखा/सेवा केन्द्र खोल्न रोक्ने वा पालिका सहकारी शाखाको स्वीकृति लिनुपर्ने कानुनी व्यवस्था हुनुपर्ने । जिल्ला सहकारी सङ्घ र विषयगत सङ्घहरूको सिफारिस लिने (पालिकाले) व्यवस्था हुनुपर्ने,
- कोष विभाजन संरक्षित पूँजि कोष, प्रवर्धन कोष, पछिका कोषमा अधिकतम छ वटा कोषमा सीमित गर्नुपर्ने । कर्मचारी बोनस कोषलाई पनि खर्च कोषमा मापन गरी कर कट्टी हुने व्यवस्था हुनुपर्ने,
- पालिकास्तरसम्म दक्ष कर्मचारी र पर्याप्त कर्मचारी व्यवस्था कानुनमा व्यवस्था गरी गर्नुपर्ने,
- दर्ता गर्ने निकाय र अनुगमन निरीक्षण गर्ने नियामक निकायको व्यवस्था गर्नुपर्ने,

२ दिवसीय कार्यशाला गोष्ठीको अन्तिम दिन सहकारी संस्थाहरूमा सुशासन प्रवर्धनको चितवन घोषणापत्र २०७९ जारी गरिएको थियो । अपेक्षा गरेअनुसार गोष्ठी अन्तक्रियात्मक भएको र जोखिम न्युनीकरणमा सहयोग पुगेको कार्यालयले जनाएको छ । गोष्ठीको औपचारिकरूपमा समितिका अध्यक्ष काशीराज दाहालबाट समापन गरिएको थियो ।

अन्तर्वार्ता

# सहकारीमा विश्वासको वातावरण तयार गर्न सकेमा अहिले देखिएको समस्या सधैं रहिरहँदैन



*सहकारी व्यवस्थापन समितिका अध्यक्ष काशीराज दाहालले विगतमा लामो समय न्याय तथा कानुनको क्षेत्रमा व्यतीत गर्नुभयो । उहाँले विगतमा नेपाल सरकारको विशिष्ठ श्रेणीमा रहेर समेत जिम्मेवारी वहन गरिसक्नु भएको छ । सरकारी सेवाबाट विधिवत रूपमा अवकाश भइसकेपछि पनि प्रशासन सुधार आयोगको अध्यक्ष, प्रशासन सुधार अनुगमनको अध्यक्ष, प्रशासकीय अदालतको अध्यक्षको जिम्मेवारी वहन गरिसक्नु भएकोछ । संविधानविद दाहालकै अध्यक्षतामा आम सञ्चार नीति र सूचनाको हक सम्बन्धी कानुन बन्यो । पत्रपत्रिकाहरूको संपरीक्षण गर्ने समितिमा रहेर पनि उहाँले काम गरिसक्नु भएको छ । विभिन्न कानुनहरूको अध्ययन, अनुसन्धन र विभिन्न पत्रपत्रिकाहरूमा कानुन सम्बन्धी प्राज्ञिक लेख-रचनामा बढी समय बिताउन रूचि राख्नुहुने संविधानविद काशीराज दाहाललाई नेपाल सरकारले हाल भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको मातहतमा रहेको सहकारी व्यवस्थापन समितिको अध्यक्षमा नियुक्त गरेको छ । प्रस्तुत छ, सहकारी क्षेत्रको समसामयिक विषयमा केन्द्रित रहेर रामसूदन तिमल्सिनाले उहाँसंग गरेको कुराकानीको महत्वपूर्ण अंशः*

**काशीराज दाहाल**
अध्यक्षः सहकारी व्यवस्थापन समिति

चैत्र, २०७९

**सहकारी क्षेत्रको वर्तमान अवस्थालाई यहाँले कसरी हेर्नुभएको छ ?**

नेपालमा विभिन्न प्रकृतिका ३१ हजारको हाराहारीमा सहकारी संस्थाहरू दर्ता भएर सञ्चालनमा रहेको देखिन्छ । तीमध्ये करीब १५ हजार बचत तथा ऋणको मात्र कारोबार गर्ने बित्तीय प्रकृतिका सहकारी संस्थाहरू सञ्चालनमा रहेका छन् भने अरू अन्य प्रकृतिका सहकारी संस्था छन् ।

नेपालको संविधान, (२०७२) ले सहकारीलाई राष्ट्रिय अर्थतन्त्रको एक महत्वपूर्ण खम्बाको रूपमा मान्यता दिएको छ । सहकारी सदस्य नियन्त्रित सामाजिक मूल्यमा आधारित व्यवसाय भएकाले समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि यसको महत्वपूर्ण भूमिका रहन्छ । सहकारीका विश्वव्यापी सिद्धान्तको पालना भएकै कारण विश्वका धेरै मानिसको सहकारीका माध्यमबाट आर्थिक, सामाजिक र साँस्कृतिक समृद्धि प्राप्त गरेका छन् ।

समुदायको आर्थिक सम्बृद्धि र गरिबी निवारणमा सहकारीले

उल्लेख योगदान दिएको छ । सहकारीको माध्यमबाट छिमेकी मुलुक भारत, इजराइल,क्यानाडा, दक्षिण कोरिया, जापान, ब्राजिल, स्वीडेन, नर्वे, डेनमार्कलगायत एसिया, युरोप अमेरिकी विभिन्न देशहरूले दिगो आर्थिक समृद्धि हासिल गरेका छन् । नेपालमा पनि वि.सं.२०१० सालबाट नै सहकारीको संस्थागत विकासको प्रक्रिया प्रारम्भ भयो । २०१६ सालमा सहकारी संस्थासम्बधी ऐन ल्याइयो । ०४८मा छुट्टै सहकारी ऐन, २०४८ आयो र त्यसमा भएको कमीलाई हटाउन सहकारी ऐन,२०७४ आयो । जहाँसम्म देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिंदै आइरहेका सहकारी क्षेत्रमा यतिबेला केही चुनौति देखा परेका छन् । सहकारीका विश्वव्यापी सिद्धान्त, मूल्य र मान्यताहरूको इमान्दारीपूर्वक पालना नभएको कारण, ऋण प्रवाह गर्दा सुरक्षण नलिएको, अनुत्पादक क्षेत्रमा लगानी गरेको र सुरक्षण लिए पनि कमसल लिने कारणबाट वा लगानी गरेको ऋण असूल हुन नसक्दा कतिपय संस्था धराशायी भए । तर जुन कानुनले बाध्यत्मक व्यवस्था गरेको छ, वार्षिक साधारणसभा, सञ्चालक समितिको बैठक, सुपरिवेक्षण लेखा समिति, लेखा परीक्षण लगायतका गर्नै पर्ने नियमित कार्यहरू नगरेको कारणबाट र एउटै व्यक्ति वरिपरि सहकारी घुमिरह्यो वा कुनै एक व्यवस्थापकको जिम्मामा सहकारी संस्थालाई छोडिएका सहकारीमा मात्र समस्या हो । सबै सहकारीमा समस्या भएको होइन । धेरै सहकारी राम्रा छन् । तिनको प्रचार प्रसार गर्नुपर्ने छ । असल अभ्यासको बजारीकरण आवश्यक छ ।

### के गऱ्यो भने यो समस्या समयमै समाधान गरेर सहज वातावरण बनाउन सकिन्छ ?

समयमै सन्तुलनको दृष्टिकोण राख्नु, समस्याग्रस्त हुन नदिनका लागि प्रचलित ऐन, कानुनको प्रभावकारी कार्यन्वयन गर्ने, निहित स्वार्थवश बित्तीय कारोबारहरू नगर्ने, सहकारीका विश्वव्यापी सिद्धान्तहरूको इमान्दारीसाथ कार्यन्वयन गर्ने लगायतका सहकारीका आधारभूत नीतिहरूलाई पालना गर्नुका साथै नियतवस गल्ती गर्दै नगर्ने प्रतिवद्धतासाथ काम गर्न सक्नुपर्छ । सहकारीको महत्वलाई आत्मसात गरेर अहिले केही धराशयी भएका बित्तीय कारोबार गर्ने सहकारी संस्थाहरूलाई समयमै व्यवस्थापन गर्नुपर्छ । त्यो व्यवस्थापन गर्ने भनेको प्रथमतः, सहकारीका सञ्चालक समितिको दायित्व हो । दोस्रो, संस्थाको लेखा परीक्षण समयमै गर्ने, साधारणसभा ऐन, कानुनले तोके बमोजिम गर्ने र नियामक निकायले बेलाबेलामा दिएको नीति, निर्देशनहरूलाई इमान्दारीपूर्वक पालना गर्नुपर्छ । तेस्रो, सहकारीको साइनबोर्ड राखेर व्यापारिक लाभका लागि क्रियाशील हुने व्यक्तिहरू सहकारी संस्थाहरूमा रहनु हुँदैन । चौथो, सहकारी सम्बन्धी कुनै पनि तालिम नलिएका व्यक्तिहरूलाई सहकारी संस्था सञ्चालन गर्न दिनु हुँदैन । पाँचौं, सरकारी नियामक निकायले सहकारी सङ्घ/संस्थाहरू बिनियम र कार्यविधि अनुसार सञ्चालन भएका छन् वा छैनन् भनेर नियमित अनुगमन गरेर सुधारको विकल्पसहित आवश्यक निर्देशन दिनुपर्छ । अनुगमनका क्रममा दिएको निर्देशन पालना नगर्ने सहकारी संस्थाहरूलाई प्रचलित कानुनअनुसार कार्वाही गर्नुपर्छ । छैठौं, समान प्रकृतिका केही सहकारी संस्थाहरूलाई गाभ्नु पर्ने अवस्था पनि देखिएको हुँदा गाभ्नुपर्छ । एकै वाक्यमा भन्नुपर्दा संस्थागत सुशासन प्रवर्धन नभएका कारण सहकारी संस्थाहरू समस्याग्रस्त हुँदै गएको हुँदा सहकारी सङ्घ/संस्थाहरुमा सुशासन आवश्यक छ ।

### सहकारी सङ्घ/संस्थाहरुमा सुशासन प्रवर्धन कसरी हुन्छ होला ?

नेपालको संविधानले सहकारीको सञ्चालन र व्यवस्थापनको विषयलाई तिनै तहको सरकारलाई सुम्पिएको छ । सहकारीलाई नियमन गर्ने अधिकार सङ्घ, प्रदेश र स्थानीयलाई दिएको छ । ३१ हजार सहकारी संस्थाहरूको आंकडा प्रस्तुत गरिएको छ । त्यसमा ८० प्रतिशत सहकारी संस्थाहरूको अनुगमन र नियमन गर्ने अधिकार स्थानीय तहको कार्यक्षेत्र भित्र परेको छ । १९ प्रतिशत प्रदेश सरकारको कार्यक्षेत्रभित्र परेको छ र १ प्रतिशतभन्दा पनि कम सहकारी सङ्घ/संस्थाहरूको नियमन र अनुगमन सङ्घीय सरकारको क्षेत्रभित्र पर्ने कानुनी व्यवस्था छ । यसलाई नै आधार मान्दा पनि सहकारीमा अहिलेभन्दा धेरै समस्या आउन सक्ने देखिन्छ । त्यसको कारण हो सबैभन्दा बढी सहकारी स्थानीय तहमा क्रियाशील छन् । त्यस्तै प्रदेशमा र केही मात्र सङ्घीय सरकारको नियमनभित्र पर्छन् । यसो भन्नुको अर्थ हो, अब स्थानीय तह र प्रदेश सरकारले सहकारी सङ्घ/संस्थाहरूको दर्ता गर्दा विशेष विचार पुऱ्याउनु पर्छ । आफ्नो जनशक्तिलाई पनि समय सापेक्ष सीप र ज्ञानले सक्षम बनाउनुपर्छ र स्थानीय तह र प्रदेश सरकारका सहकारी विभागहरूलाई बढी क्रियाशील बनाउनुपर्छ । सहकारी सम्बन्धी ज्ञान नभएका, कुनै तालिमहरू पनि नलिएका व्यक्ति वा समूहहरूलाई पहिला तालिम प्रशिक्षण दिएर मात्र सहकारी संस्था दर्ता र सञ्चालन गर्न दिनुपर्छ । स्थानीय तह र प्रदेश सरकारको कार्यक्षेत्रभित्र दर्ता भइ सञ्चालनमा रहेका सहकारी सङ्घ/संस्थाहरूले प्रचलित ऐन/कानुनहरूलाई पालना गरेका छन् वा छैनन् ? संस्थाको विनियम र कार्यविधिलाई पालना गरेका छन् वा छैनन् ? वार्षिक साधारणसभा समयमा नै गरेका छन् वा छैनन् ? बित्तीय पारदर्शिता छ वा छैन ? नियामक निकायले बेलाबेलामा जारी

गर्ने निर्देशनहरूको पालना गरेका छन् वा छैनन् ? सहकारीका विश्वव्यापी सिद्धान्त, मूल्य र मान्यतालाई पालना गरेका छन् वा छैनन् ? आफ्ना सदस्यहरूलाई महत्व दिएर उनीहरूको आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धिका लागि क्रियाशील छन् वा छैनन् ? यी सबै कुरामा सुक्ष्म अध्ययन र अनुगमन गरेर आवश्यक सुझाव दिनुपर्छ । नियामक निकायले दिएका सुझावहरू र संस्थाको बिनियममा गरेको व्यवस्थालाई पालना नगर्ने सहकारी सङ्घ/संस्थाहरूलाई कानुनी कार्वाही गर्नुपर्छ । यी कामहरू गर्न सकियो भने मात्र सहकारी सङ्घ/संस्थाहरूमा शुद्धीकरण, पारदर्शीता र व्यवसायिकता विकास हुन्छ ।



## सहकारी सङ्घ/संस्थाहरुमा सुशासन प्रवर्धन गर्नलाई सङ्घीय सरकारको भूमिका कस्तो हुनुपर्छ नि ?

आ-आफ्नो कार्यक्षेत्रभित्र गर्नु पर्ने कार्यहरू कानुनले नै निर्धारण गरेको छ । तोकिएको जिम्मेवारी सबैले वहन गर्नैपर्छ । सङ्घीय सरकारको पनि सहकारी विभाग छ । सहकारी विभागको स्तरोन्नति गर्नुपर्छ । स्थानीय तह, प्रदेश सरकार र सङ्घीय सरकारको सहकारी विभागको मौजुदा जनशक्तिलाई तालिम र प्रशिक्षण दिने लगायतका सीप विकास गर्नुपर्छ । उनीहरूले अनुगमन कसरी गर्ने, प्रतिवेदन कसरी तयार गर्ने र रिर्पोटिङ् कसरी गर्ने भन्ने विषयहरुमा दक्ष बनाएर मात्र सहकारी सङ्घ/संस्थाहरूको अनुगमन र नियमन गर्न खटाउनुपर्छ । कतिपय जनशक्ति पूर्ति गर्न सकिएन भने सम्झौता गरी करारमा लिएर भए पनि परामर्श सेवा लिनुपर्छ । त्यसका लागि कोही लेखा विशेषज्ञ, कोही सहकारी विशेषज्ञ र कोही बित्तीय विशेषज्ञहरूलाई समावेश गरेर तीनै तहको सरकारले सहकारी सङ्घ/संस्थाहरूमा समस्या आउन नदिनका लागि नियमन र अनुगमन गर्नु पर्दछ । नियमकारी निकायहरू गम्भीर भई यस समस्याको समाधानमा केन्द्रित हुनुपर्दछ ।

## सहकारीको विश्वसनियतामा माथि नै प्रश्न उठिरहेको छ नि ?

अहिले अनावश्यक नकारात्मक प्रचार बढी भइरहेको छ, त्यसले सहकारी अभियानलाई मात्र नभएर अन्ततः सिङ्गो राष्ट्रिय अर्थतन्त्रलाई नै अप्ठेरोमा पार्छ । सहकारी क्षेत्रलाई धराशायी हुनबाट जोगाउनका लागि बेलैमा संयमता अपनाएर अनुगमन र नियमन गरेर समाधान गर्नुपर्छ । सहकारीलाई समस्याग्रस्त हुन नदिन गर्नु पर्ने आवश्यक कार्यहरूलाई तदारूकताकासाथ अवलम्बन गर्न सकियो भने कमी आउन सक्छ । अर्को कुरा ऋण प्रवाह गर्दा कसैको दबाब र प्रभावमा पर्नु हुँदैन । कमशल धितोमा ऋण लगानी गर्नु हुँदैन । बचतकर्ता सदस्यहरूले पैसा राख्ने मात्र होइन, पैसा लिएर उद्यम पनि गर्ने हो भनी सञ्चालक र व्यवस्थापकले सम्झाउने गर्नुपर्छ । सुशासन प्रवर्धन सहकारी संस्थाहरूलाई धराशायी हुनबाट जोगाउन सहकारी सङ्घ, महासङ्घको भूमिका पनि सक्रिय हुनुपर्दछ । सहकारिता स्वाबलम्वन, पारदर्शिता, पारस्परिकता र आत्मनिर्भरतासहितको जीवन यापन हो । सहकारीमा नीति, नियम र विधि भन्दा पनि जीवनशैली वा सामाजिक मूल्यमा आधारित जीवनयापन महत्वपूर्ण हो । सहकारीका यी आधारभूत गुणलाई अवलम्बन गर्ने सहकारी धराशयी हुँदैनन् ।

## सहकारी ऐन, २०७४ र सहकारी नियमावली २०७५ कार्यन्वयन हुन सकेन भन्ने कुरालाई कसरी लिनु भएको छ ?

सहकारी ऐन,२०७४मा भएका कतिपय व्यवस्थाहरू अझै पनि कार्यन्वयनमा आएका छैनन् । ऐनमा भएका कतिपय व्यवस्थाहरू लागू गर्नु पर्ने अवस्था छ । ऐन पूर्ण रूपमा कार्यन्वयन हुनुपर्छ र ऐनले निर्धारण गरेका आधारभूत नीति र सिद्धान्त सरोकारवालाहरू सबैले समान रूपमा पालना गर्नुपर्छ । सहकारी ऐन,२०७४ले सहकारी सम्बन्धी कानुनी समस्याहरूलाई हेर्ने छुट्टै न्यायाधीकरणको व्यवस्था गरेको छ,

कर्जा सूचना केन्द्रको व्यवस्था गरेको छ, सहकारी प्रवर्धन कोष, स्थीरिकरण कोषलगायतको विभिन्न व्यवस्था गरेको छ । सहकारी ऐन र नियमावलीले गरेको कानुनी व्यवस्थाको कार्यन्वयनलाई प्रभावकारी बनाउनुपर्छ । सहकारी ऐन,२०७४ र सहकारी नियमावली, २०७५ को प्रभावकारी कार्यन्वयन हुन नसक्नु गम्भिर विषय हो । त्यसकारण सरकारले पनि कानुन कार्यन्वयनमा प्रभावकारिता देखाउनुपर्ने बेला आएको छ । ऐन/कानुनले गरेका राम्रा कामहरूमा हाम्रो ध्यान जानै नसकेका कारण नै अहिले बचत तथा ऋण सहकारी संस्थाहरू एकपछि अर्को गर्दै समस्याग्रस्त हुँदै जान थालेका हुन् । हामीले सहकारीको माध्यमबाट असल अभ्यास र उत्कृष्ट सामाजिक जीवन यापन गर्ने हो । त्यस कारण मौजुदा ऐन/कानुनहरूलाई मात्र दोष दिएर हुँदैन । गर्नुपर्ने न्यूनतम काम सबैले गर्नैपर्छ । ऐनले सरकारी नियामक निकायहरूलाई मात्र नभएर सुशासन प्रवर्धनमा सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ले सहकारीका जिल्ला सङ्घहरू, विषयगत केन्द्रीय सङ्घहरू र राष्ट्रिय सहकारी महासङ्घको पनि भूमिका निर्धारण गरिदिएको छ । उनीहरूले पनि सुम्पिएको जिम्मेवारी इमान्दारीसाथ निर्वाह गर्नुपर्छ । अर्थात् सहकारीका जिम्मेवार निकायहरूले प्रचलित ऐन/नियमहरूलाई कार्यन्वयन गराउनका लागि सक्दो प्रयास गर्नुपर्छ । सुशासन प्रवर्धनमा योगदान दिने, पारदर्शीपूर्ण ढंगले काम गर्न लगाउने र ऋण लगानी गर्दा सुरक्षणको प्रत्याभूति गराउने र सदस्य नियन्त्रित प्रणलीलाई सहकारीले पालना गर्ने लगायतका आधारभूत कुराहरूलाई सहकारीका सम्बन्धित सङ्घ र महासङ्घले पनि नियमित रूपमा अनुगमन गर्ने वा निरीक्षण गर्नुपर्छ । सहकारी संस्थाहरू, जिल्ला तथा विषयगत सङ्घहरू र सरकारी नियामक निकायबीचको समन्वय र सहकार्यबाट नै अहिले सहकारीमा आएको समस्या समाधान गर्न सकिन्छ ।

## सहकारीको भविष्य कस्तो देख्नु हुन्छ ?

विश्वमा नै सहकारीको योगदान महत्वपूर्ण रहेको मानिन्छ । परिवारको तीन जनामध्ये एक जना सहकारीको सदस्य रहेको आँकडा सार्वजनिक भइरहेको अवस्था छ । केही मुलुकहरूको दृष्टान्तका आधारमा भन्नुपर्दा सहकारीको सदस्य नभएका व्यक्ति अब विश्वमा नै बिरलै हुने भनिन्छ । हामी स्वयम्ले केही सहकारीको अवलोकन गर्दा सहकारीले निर्वाह गरेको भूमिका उल्लेखनीय र उदाहरणीय मात्र छैन प्रशंसनीय समेत भएको पाएका छौं । महिलाहरूबाट सञ्चालित सहकारीहरूले पनि राम्रो परिणाम दिएको उदाहरणहरू छ । हामीले बिरोध मात्र होइन, सम्मान गर्ने सँस्कृतिको पनि विकास गर्नुपर्छ । हामीले त जो खराब छ, त्यसलाई मात्र जिम्मेवारी बोध गराउने र दण्डित गर्ने हो । सबै सहकारी संस्थाहरूलाई एउटै टोकरीमा राखेर खराबै मात्र छन् भन्यो भने पनि त्यो अन्याय हुन्छ र सबै सहकारीहरूले राम्रै राम्रो मात्र गरेका छन् भन्यौं भने त्यो पनि राम्रो होइन । त्यसैले हामीले सहकारी संस्थाहरूको वर्गीकरण गर्नुपर्छ । अति राम्रा सहकारीहरूलाई एउटा वर्गमा राख्नुपर्छ, सुधार गर्नुपर्ने सहकारी संस्थाहरूलाई अर्को वर्गमा राख्नु पर्छ र धराशायी वा समस्याग्रस्त सहकारी संस्थाहरूलाई एउटा वर्गमा राख्नुपर्छ । गुण र चरित्रका आधारमा फरक-फरक व्यवहार गर्ने सोंच पनि बनाउनुपर्छ । वर्गीकरण र मूल्यांकन नगरी सबै सहकारीलाई एउटै टोकरीमा राखेर केवल समस्याग्रस्त भए मात्र भन्यो भने न्यायसंगत हुँदैन । संविधानले नै तीन खम्बे अर्थनीतिको एक महत्वपूर्ण खम्बाको रूपमा सहकारीलाई स्थापित गरिसकेपछि राज्य वा सरकारले पनि सोही अनुरूप व्यवहार गर्नुपर्छ र नीति र कार्यक्रम पनि सोहीअनुरूप बनाएर अगाडि बढ्नुपर्छ । त्यसो गर्न सकियो भने सहकारीलाई हेर्ने आम देष्टिकोणमा पनि फरक आउँछ । ऐन, कानुन र बिनियम अनुसार पारदर्शी भएर चल्ने र राम्रो काम गर्ने सहकारी संस्थाहरूलाई टेवा दिनुपर्छ । नेपालमा सहकारीको भविश्य राम्रो छ । राम्रो बनाउनु पर्दछ ।


## सहकारी व्यवस्थापन समितिले के के गरिरहेको छ ?

नेपाल सरकारले समस्याग्रस्त भनी घोषणा गरेको सहकारी संस्थाहरू खास गरी बचत तथा ऋणको कारोबार गर्ने बित्तीय प्रकृतिका सहकारी संस्थाहरू समस्याग्रस्त हुने गरेको पाइएको छ । केही सहकारी संस्थाहरू समस्याग्रस्त घोषित भइनसके पनि अनुगमन तथा निरीक्षणका क्रमम केही सहकारी संस्थाहरू धराशयी हुन लागेको देखिन्छ । अहिले पनि मन्त्रालय र सहकारी विभागको तहमा त्यस्ता सूचनाहरू प्राप्त भइरहेको अवस्था छ ।

नामै चलेका सहकारी संस्थाहरू पनि एकपछि अर्को समस्याग्रस्त हुँदै गएको सूचनाहरू आइरहेका छन् । यद्यपि सहकारी संस्थाहरूमा आउने समस्याहरूको समाधान गर्ने वैकल्पिक व्यवस्था पनि मौजुदा कानुनले गरेको छ । त्यस मध्ये सबै भन्दा पुरानो र धेरै बचतकर्ताहरूको ठूलो पूँजि डुबाउनेमा ओरेण्टल कोअपरेटिभ हो । पहिला त १६ अर्ब हिनामिना गरेको उजुर परेको थियो । तर पछि सम्बसन्धत व्यक्तिले बीचमा केही रकम भुक्तानी पनि गरिसकेको भनेकाले कसको कति दायित्व छ भनी पुनःदाबी माँग गर्ने र पुनर्मूल्यांकन गर्ने काम भइरहेको छ । त्यसको नतिजा पनि चाँडै सार्वजनिक हुनेछ । अरू सहकारी संस्थाहरूको पनि केहीको अर्ब र केहीको करोडौंको हाराहारीमा दाबी आइरहेको छ । त्यसको सम्पूर्ण विवरण प्रतिवेदनमार्फत समितिले सार्वजनिक गर्ने छ । समस्या समाधान उन्मुख कार्य भइरहेको छ । सबैको सहयोग आवश्यक छ । सहकारी संस्थाहरूलाई समस्याग्रस्त धोषणा गरेर समाधान खोज्नु भन्दा समस्याग्रस्त हुन नदिनेलाई नै सजग हुनु आवश्यक छ ।

लेख खण्ड

# सहकारीमा देखिएको वित्तीय समस्या




**लिलामणि पोखरेल**

राजनीतिज्ञ





१. वर्तमान राजनैतिक, आर्थिक एवं सामाजिक परिवेशमा सञ्चालन हुने सहकारीका समस्या, सीमा र यस अभियानभित्र पैदा भएका ठीक बेठीक संस्कार र संस्कृतिले गर्दा सहकारीको उद्देश्य, लक्ष्य र उपादेयतामा समयानुकूल व्यवस्थापन गरिनु पर्ने देखिन्छ ।

२. 'हाम्रा बारे कानुन वनाउ, सहकारी ऐन, २०७४ ले पुगेन, अधिकार र कर्तव्य किटानी गर, हामीले जनताको पूँजि परिचालन गर्छौं, कृति र विकृति दुवै देखिन्छन्, हाम्रो निगरानी र नियमन गर, स्व-अनुशासन हाम्रो विधि हो, राज्य अभिभावक हो, जनताको रक्षा र विकासमा राज्यको ध्यान पुगोस्, खराब नियत र अपचलनले हाम्रो पनि बदनामी हुन थाल्यो, राज्यको पहुँच नपुगेको ठाउँमा हामीले संस्थागत सेवा दिन्छौं, राष्ट्रिय पूँजि निर्माण र समृद्धिमा हाम्रो पनि योगदान छ ' भन्ने भनाइ मुख्य सार वस्तु हो ।

३. सामाजिक न्यायसहितको आम्दानी र गरिबी निवारणका लागि उद्यमशीलताको साझा अभियान हो - सहकारी आन्दोलन ।

४. उत्पादन, वितरण र उपभोगका लागि आर्थिक विकासमा हुने सामान्य विकास प्रक्रिया (evolution) र क्रान्तिकारी हस्तक्षेप (revolution) द्वारा लक्षित दिशा तर्फ अगाडि बढ्दा आउन सक्ने अवरोध वारे अर्थशास्त्रमा एउटा भनाइ रहेको हुन्छ - " अन्य अवस्था सामान्य रहेमा "(If other Thing remaining the same) भन्ने गरिन्छ । त्यो कुरा सहकारी आन्दोलनमा पनि लागू हुन्छ ।

५. कुलीनतान्त्रिक शासन व्यवस्था विरूद्धको युद्ध र आन्दोलनले ल्याएको परिवर्तनलाई संस्थागत गर्न संझौताको दस्तावेजका रूपमा संविधान वन्यो । संविधानको कार्यन्वयन र अग्रगमनको बाटो पहिल्याउन खोज्दा संविधानको विफलतातिर पश्चगमनको यत्नले द्वन्द्व खुल्ला वा छद्म रूपमा भइरहेको अनुभूति सबैमा भएको हुनुपर्छ । त्यस्ता द्वन्दका आयामहरु राष्ट्रिय र अन्तरराष्ट्रिय रूपमा भिन्न भिन्न रूपमा देखा पर्ने गरेका छन् । परिवर्तन र परिवर्तनकारीका भूमिकालाई विफल पार्ने, होच्याउने चेष्टाहरु सक्रिय छन् । हाम्रो सचेतना, सतर्कता र निगरानी सहितको एकतावद्ध प्रतिवाद मात्र त्यसको उपचार हो । यिनै भुमरी मित्र सहकारी आन्दोलनमित्र सहकारी आन्दोलन पनि परेको छ ।

६. साँच्चै नै सहकारी आन्दोलन समाजवादको भ्रुण हो । लक्ष दिगभ्रमित हुन नदिंदा आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय क्षेत्रमा तथा राष्ट्रिय स्वाधीनता र राष्ट्रिय स्वाधीन अर्थतन्त्र निर्माण साथै गरिबी नियोजन गर्नमा योगदान पुयाउन ठूलो क्षेत्रमा रहेका साना पूँजि परिचालन र आत्म निर्भर बन्ने अभियान पूँजिवादी साम्राज्यवाद र त्यसले विस्तार गरेको वित्तीय पूँजिवाद विरूद्धको सशक्त माध्यम हो । तर हामी तथा हाम्रो शासकीय सत्ताको नीति र व्यवहारमा भिन्न छौं ।

७. नेपालको संविधानले भनेको छ - "समाजवाद प्रति प्रतिबद्ध रही "(प्रस्तावना) "समाजवाद उन्मुख समृद्ध र स्वतन्त्र अर्थतन्त्र" (धारा ५० (३)) निर्माण गर्न सार्वजनिक, निजी र सहकारी " (धारा ५१ (घ) (ज्ञ)) को तीन खुट्टे आर्थिक नीति अवलम्बन गर्दै "सहकारी क्षेत्रलाई प्रवर्धन गर्दै राष्ट्रिय विकासमा अत्याधिक परिचालन गर्ने " (धारा ५१ (घ) (३) भन्ने स्पष्ट दृष्टिकोण र दिशा निर्देश हुँदा हुँदै राज्य पूँजीवादी नवउदारवादको चक्रव्यूहमा फस्दै गएको कुरा योजना तर्जुमा गर्ने निकाय, बजेट निर्माण गर्ने संस्था, बजेटका सिद्धान्त र विनियोजनमा देखा परेका कुरा त्यसका ज्वलन्त उदाहरण छन् ।

८. नेपालको भू-राजनैतिक स्थिति र अवस्थामा सार्वभौम दस्तावेजीय (संविधान) स्वीकृतिलाई क्रियान्वयन गर्न नदिन आन्तरिक वाह्य निर्मम दबाब हुने गरेको छ । भू-परिवेष्टित अवस्था र सामरिक अवस्थिति अर्थात् रणनैतिक अवस्थिति (strategic location), फरक राजनैतिक एवं आर्थिक प्रणाली भएका दुई ठूला छिमेकीहरु त्यसमा पनि भारत तर्फको खुला सिमानाका कारण हुने अवैध कारोबार, चोरी निकासी पैठारी, असमान सन्धि संझौता, छाँयामा परेको अर्थतन्त्र (Satalite economy), वाह्य क्षेत्रबाट हुने गरेको सुक्ष्म तथा स्थूल व्यवस्थापन (micro and macro – management_ सम्बन्धी हस्तक्षेप, शान्ति प्रक्रिया पछिको लामो सङ्क्रमणकाल, द्वन्द्व व्यवस्थापनमा दिग्भ्रमित पार्ने चलखेल र षडयन्त्रहरु सहकारी आन्दोलनको सही दिशा र विकासका अवरोधक कारण बनेका छन्

९. माथिका कारक तत्वहरूका अलावा सहकारी आन्दोलन आफ्नै कारणले पनि उद्देश्यअनुरूप लक्ष प्राप्ति गर्न र विकासमा अवरूद्ध भएका छन् । त्यसमा पनि "बचत तथा ऋण" सहकारी संस्थाहरु अधिकांश समस्याग्रस्त वन्दैछन् । आर्थिक मन्दीले लगानी प्रतिफल प्राप्त हुन नसकेको कुरा स्थूल कारण हो भने अपारदर्शीता र सुशासनमा भएको कमजोरी पनि महत्वपूर्ण कारण रहेका छन् । जहाँ पारदर्शीता र सुशासनमा समस्या जटिल छैन र आत्म अनुशासनको आचरण शुद्ध छ ती सञ्चालित छन् । उत्पादन सहकारीमा त्यति ठूलो समस्या देखिदैन । त्यस मध्य पनि ग्रामीण क्षेत्रका सहकारीहरु कम समस्याग्रस्त छन् । अधिकांश समस्याग्रस्त सहकारीहरु शहर केन्द्रित छन् । अनूचित नाफा कमाउने उद्देश्यले अनुत्पादक क्षेत्रमा लगानी र कतिपय सञ्चालकहरूद्धारा गरिने अपचलनले पनि जोखिमयुक्त र समस्याग्रस्त बनेका देखिन्छन् ।

१०. ६६ वर्षको सहकारी अभियान ६३ वर्षको कानुनी विकास ३५ वर्ष देखिको नेफस्कूनको यात्रा ३२ वर्ष देखिको अनुगमनकारी संरचना- सहकारी विकास बोर्डले पनि प्रवर्धन, नियमन र नियन्त्रण गर्ने जिम्मेवारी पूरा हुन नसकेको अवस्था, सहकारी दर्ता

र नियमनको अख्तियार संस्था सहकारी विभागको गंभीरताको अभाव, समष्टिगत संस्था अनुगमनको अभाव या ऐनको रिक्तताले नयाँ ऐन वा ऐन परिमार्जनको आवश्यकता अनुभूत भएको देखिन्छ । तर जनताको पैसाको संरक्षणमा राज्य भने गम्भीर देखिदैन। त्यसको मुख्य कारण हो राज्यको आर्थिक प्रवर्धनमा नवउदारवादी पूँजिवादी अर्थ व्यवस्था को प्रभाव र समाजवादको कमजोर आस्था र निष्ठा ।

११. राज्यको नीति "सहकारी क्षेत्रलाई प्रवर्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने" भन्ने सबल दृष्टिकोण रहदा रहदै पनि कार्यन्वयनमा दृष्टि तथा चेत नहुनु देशले अङ्गीकार गरेको शिक्षा प्रणाली, त्यही प्रणालीबाट उत्पादित जनशक्तिबाट निर्मित कर्मचारीतन्त्र, पूँजीवादी उत्पादन विधि अँगालेका प्राविधिज्ञ र विज्ञता विहीन शासक वर्ग नै जिम्मेवार छन् । साथै चाँडै धन कमाउने, एक्लै धनी हुने भन्ने प्रवृत्तिका सञ्चालक समेत जिम्मेवार छन् । प्रतिस्पर्धाका नाममा राज्य आफ्नो भूमिकावाट पन्छदै भूमिकाहीन बन्दै जाने, उत्पादनमा लगानी भन्दा कर खाने प्रवृत्ति बढ्दै जानु, सामाजिक न्याय र दायित्वबाट पन्छिनु, राज्यको लगानीका उत्पादनमा घाटा बढ्दै जानु (भ्रष्टाचारले गर्दा), नव उदारवादी पूँजीवादी प्रभावमा परेको निजी क्षेत्रको भूमिका बढ्नुले संविधानको उद्घोषित नीतिले जीवन धान्न धौ धौ मानिरहेको छ । आलोचना मात्र हैन सत्यता यही हो । आधार पत्रमा उल्लिखित misappropriation, liquidity crunch / embezzelement समस्या उद्बोध गरेका सारभूत पदावली भएको लागेको छ ।

१२. सहकारी खासगरी "ऋण तथा वचत" सहकारीमा देखिने वित्तीय अराजकताका कारण र चरित्रहरु निम्नबमोजिम देखिन्छन् ।

(क) अनुचित लोभ र स्वार्थका साथ परिवार सदस्यहरु, नाता तथा कुटुम्वका नाममा संस्था दर्ता गर्ने प्रचलन,

(ख) स्रोत नखुलेको पैसा लगानी गर्ने थलो बनाउने, त्यसमा नियामक निकाय उदासीन,

(ग) लगानीका क्षेत्र तथा दायराको अनिश्चितता,

(घ) सहकारीहरु सहकारीको सिद्धान्त र आचरण भन्दा साहूकार बन्ने प्रवृत्ति,

(ङ) छिटो पैसा कमाउने प्रयोजनका निम्ति अनुत्पादक क्षेत्रमा लगानी ,

(च) सञ्चित रकम सञ्चालक आफैले विभिन्न तरिकाले खर्च गर्ने जुन नितान्त अनियमित हुन्छ,

(छ) नक्कली दर्ता प्रमाणपत्र को आधारमा सहकारी खोल्नेमा राज्यको निगरानी नपुग्नु,

(ज) लगानीमा रिस्क फ्याक्टरको उपेक्षा,

(झ) व्याज र सेवा शुल्क अग्रिम असुली गर्ने प्रचलन,

(ञ) व्याजको दर एवं सेवा शुल्कमा एकरुपता नहुनु,

(ट) अविश्वनीय संस्थामा निक्षेप,

(ठ) संस्थाको कार्यालय वारम्वार सारी रहने प्रवृत्तिले ठगिरहने,

(ड) सामुयिक अनुगमन, निरीक्षण, दण्ड सजाय, पुरस्कार, असुली (निक्षेप कर्ताको) संरक्षणको अभाव,

(ढ) प्रभावकारी कानुनी व्यवस्थाको अभाव ।

अतः माथिका संक्षिप्त अवधारणाहरु आजको तत्कालीन समस्याहरुको समाधानका लागि सबल र स्पष्ट कानुन निर्माणको आवश्यकता देखिन्छ । सहकारीहरु आफैले निर्माण गरेका स्वःअनुशासनमा चल्ने संरचना भएकोले कतिपयले राज्यको हस्तक्षेपलाई सहकारी माथिको नियोजन पनि ठान्ने गरेको देखिन्छ । जहाँसुकै भए पनि जनताको सम्पत्तिको रक्षा र जिम्मेवार अभिभावक राज्य हुने हुँदा पपुलर कानुनको आवश्यकता भएको हो । बदनियत राखेर खोलिएका संस्था, संस्था खोलेर अपचलन गरेका संस्था र तिनका क्रियाकलापका कारण र थोरै संस्थाका नकारात्मक आचरणले सहकारी सिद्धान्त नै बेठीक हो भन्ने दुस्प्रचारले प्रत्येक्ष अप्रत्येक्ष संविधानले निर्देशित गरेको समाजवादको भ्रुण नै नष्ट गर्ने साजिस पनि देखिन्छ । कानुन आफै चल्ने हैन । कानुन कार्यन्वयनको पहलकदमी आवश्यक हुन्छ र भरपर्दो अनुगमन प्रणाली तथा संरचना व्यवहारिक रूपमा देखिनु नै पर्छ । नेफस्कून ले अनुशरण गर्ने सापेक्षित स्वायत्तता भने स्वच्छन्दता हुँदै होइन । सापेक्षित स्वायत्ततामा अनुशासन र दायित्व पनि अनिवार्य हुन्छ। झण्डै ३१ हजार सहकारी र ७० लाख जनताको सचेतना रहेको करीब ७ खरवको पूँजि सञ्चित हुने संस्थावारे गम्भिर भएन भने जनता ठगिने र देशमा आर्थिक अराजकाता ल्याउँछ ।

# दिगो विकास लक्ष्यको प्राप्तिमा सहकारी क्षेत्रको भूमिका



**डा. दामोदर रेग्मी**
सचिव, भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालय

दिगो विकास लक्ष्यको सफल कार्यन्वयनका लागि सरकार निजी क्षेत्र विकास साझेदार सामुदायिक संस्थाहरु सवैको समान र अर्थपूर्ण सहभागिता रहनु आवश्यक हुन्छ

दिगो विकास लक्ष्य वर्तमान विश्वको साझा प्रयास विकास साझा अभियान र साझा कार्ययोजना सहितको साझा प्रयास र प्रतिबद्धताको अवधारणा हो । दिगो विकासको अवधारणाले प्राकृतिक स्रोत साधन वातावरण जनसंख्या र विकास गतिविधिहरु बीचको उचित एवं सन्तुलित तालमेलमा जोड दिने गर्दछ । यसले आर्थिक सामाजिक र वातावरणीय विकास वीच सन्तुलनको माग गर्दछ । यसले सामाजिक र वातावरणीय विकास वहन गर्न सक्नेवातावरणीय र आर्थिक विकास संभावनायुक्त तथा सामाजिक र आर्थिक विकास समतामूलक हुनु पर्ने कुरामा जोड दिन्छ । आधारभूत आवश्यकताको परिपूर्ति र विद्यमान स्रोतको उचित प्रयोग दिगो विकासका मुख्यतया दुई आधारभूत सिध्दान्तहरु हुन् ।

यसै पृष्ठभूमिमा विश्वको विकासको साझा एजेण्डाको रुपमा दिगो विकास लक्ष्यहरुको अवधारणा ल्याइएको हो ।

दिगो विकास लक्ष्यले प्राथमिक महत्त्वका पाँच वटा क्षेत्र  निर्धारण गरेको छ जसलाई फाइभ पी पनि भनिन्छ । यसमा पिपुल (जनता) प्लानेट (पृथ्वी) प्रस्पिरिटि (समृध्दि) पिस (शान्ति) र पार्टनरसिप (साझेदारी) पर्दछन् ।यसको मूल उद्देश्य विकास प्रक्रियामा कोही पनि पछाडि नपरून भन्ने हो।

यसअन्तर्गत विश्वव्यापी रूपमा १७ वटा लक्ष्य, १६९ वटा परिमाणात्मक लक्ष्य २४४ वटा सूचक तय भएका छन् । १७ वटा लक्ष्यहरूमा हरेक क्षेत्रमा रहेको सबै स्वरूपहरूको गरिबीको अन्त्य गर्ने ,भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषि प्रवर्धन गर्ने ,सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्धन गर्ने , समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि आजीवन सिकाइका अवसर प्रवर्धन गर्ने, लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला, किशोरी तथा बालिकाहरूलाई सशक्त बनाउने , सबैको निम्ति पानी तथा सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने, व्यहोर्न सकिने, भरपर्दो, दिगो र आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने , सबैका लागि, स्थिर, समावेशी तथा दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्धन गर्ने , उत्थानशील पूर्वाधारको निर्माण, समावेशी तथा दिगो औद्योगीकरणको प्रवर्धन र नवप्रवर्तनलाई प्रेरित गर्ने , देशभित्र तथा देशहरूबीचको असमानता घटाउने , सहरहरु एवम् मानव बस्तीहरूलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने, दिगो उपभोग तथा उत्पादन

प्रणाली र ढाँचाहरु सुनिश्चित गर्ने, जलवायु परिवर्तन र यसका प्रभावसँग जुध्न तत्काल कार्य अघि बढाउने , दिगो विकासको निम्ति महासागर, समुन्द्र र सामुन्द्रिक स्रोत संरक्षण गर्ने, भूसतही पारिस्थितिकीय प्रणालीको दिगो उपयोग, रक्षा र पुनस्थापन गर्ने, वनको दिगो रुपमा व्यवस्थापन गर्ने, मरूभूमिकरण विरूद्ध लड्ने र जमिनको क्षयीकरण रोक्नुका साथै यस्लाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने, दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्ने, न्यायमा सबैको पहुँच प्रदान गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्था निर्माण गर्ने, दिगो विकासका लागि कार्यन्वयनका उपाय साधनलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनः

स्थानीयकरणलाई आवश्यक मान्ने गरिन्छ । दिगो विकास लक्ष्यको स्थानीयकरण भनेको दिगो विकास लक्ष्य प्राप्तिका लागि निर्धारित परिमाणात्मक सूचकहरूलाई स्थानीय स्रोत र साधन अनुसार स्थानीय आवश्यकता अनुरूप परिमार्जन गर्दै स्थानीय योजना बनाउँदा तिनीहरुको आन्तरिकीकरण तथा अन्तरघुलन कायम गराइ कार्यन्वयनमा ल्याउनु हो ।

दिगो विकास लक्ष्यको सफल कार्यन्वयनका लागि सरकार निजी क्षेत्र विकास साझेदार सामुदायिक संस्थाहरु सवैको समान र अर्थपूर्ण सहभागिता रहनु आवश्यक हुन्छ । देशको अर्थतन्त्रको तेश्रो खम्वाको रूपमा रहेको सहकारी क्षेत्रले दिगो विकास लक्ष्य प्राप्तिमा सकारात्मक योगदान दिन सक्ने भएकोले

**संयुक्त राष्ट्र सङ्घका १९३ वटा मुलुकहरूले दिगो विकास लक्ष्यको अवधारणामा सहमति जनाएका छन् । यसकारण दिगो विकास लक्ष्यहरूको राष्ट्रिय रुपमा अपनत्व ग्रहण र तदनुरुप कार्यन्वयन दायित्वको विषय हो ।**

जीवन्त तुल्याउने लक्ष्यहरू पर्दछन् ।

संयुक्त राष्ट्र सङ्घका १९३ वटा मुलुकहरूले दिगो विकास लक्ष्यको अवधारणामा सहमति जनाएका छन् । यसकारण दिगो विकास लक्ष्यहरूको राष्ट्रिय रूपमा अपनत्व ग्रहण र तदनुरूप कार्यन्वयन दायित्वको विषय हो । साथै राष्ट्रिय रूपमा अपनत्व ग्रहण र तदनुरूपको कार्यन्वयन संयन्त्र निर्माण गर्न यसको स्थानीयकरण अर्को अपरिहार्य आवश्यकता हो । यसको लागि विकासका हरेक साझेदारहरूसंग दिगो विकास लक्ष्यको आबध्दता अनिवार्य पक्ष हो ।

दिगो विकास लक्ष्य प्राप्तिमा यसमा सहकारी अभियानको सार्थक सहभागिताको आवश्यकता पर्दछ ।

हरेक क्षेत्रमा रहेको सबै स्वरूपहरूको गरिबीको अन्त्य गर्ने लक्ष्य प्राप्तिको लागि सहकारी उद्यम विकास मार्फत उत्पादनशील रोजगारी सिर्जना गर्ने, स्थानीय संभावना, स्रोत उपयोगमार्फत आय सिर्जना गर्ने, उत्पादनको प्रशोधन, बजारीकरणमार्फत मूल्य श्रृंखला विकास गर्ने, सामाजिक पूँजी निर्माणमार्फत् बञ्चितीकरण न्यूनीकरण गर्ने, सामाजिक चासो र आवश्यकताप्रतिको जागरण, उद्यमशील संस्कृति विकास गर्ने , बजार पहुच विकास गर्ने कार्यमार्फत योगदान दिन सक्दछ ।

भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषि प्रवर्धन गर्ने लक्ष्यमा सहकारी खेती प्रवर्धन, व्यावसायिक उत्पादन, कृषि सामग्री व्यवस्थापन, मूल्य श्रृंखलाका विविध आयाममा संलग्नता, खानपान व्यवहार परिवर्तन ज्ञान, सीप र प्रविधि विकासमार्फत खेतीपाती सुधार, वित्तीय पहुँचमार्फत साना उत्पादक र ब्यक्तिलाई लगानी अवसर जुटाइदिन सक्दछ ।

सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्धन गर्ने लक्ष्यमा सहकारी क्षेत्रले सहकारी स्वास्थ्य सेवा, साझा स्वास्थ्य सेवा, स्वास्थ्य शिविर सञ्चालन, जोखिमयुक्त खानपान, व्यवहार र जीवनशैली विरूद्धको चेतना विस्तार, स्वास्थ्य वीमा सञ्चालन , सरसफाइ चेतना, अभियान र फोहरमैला व्यवस्थापनमा सहयोग गर्न सक्दछ ।

समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि आजीवन सिकाइका अवसर प्रवर्धन गर्ने कार्यमा शिक्षालय तथा शैक्षिक प्रतिष्ठान सञ्चालन, सीपसहितको शिक्षाका शिविर सञ्चालन, शिक्षा र सीप भएकाका लागि कर्जा सहुलियत , सदस्य परिवारमा शैक्षिक कर्जा र लगानी कार्यक्रम मार्फत शैक्षिक विकासमा योगदान दिन सक्दछ ।

लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला, किशोरी तथा बालिकाहरूलाई सशक्त बनाउने कार्यमा रोजगारी तथा जीवन निर्वाहका अवसर विस्तार, संगठित हुने अवसरमार्फत स्वरोजगारी सिर्जना , विभिन्न तहमा महिला सहभागिता विस्तार, महिला नेतृत्व विकास, महिला केन्द्रित व्यवसायमार्फत् महिला विकास र सशक्तिकरणको कार्यक्रम सञ्चालन, सामाजिक जिम्मेवारीमार्फत कुप्रथा हटाउन र संस्कार परिवर्तन गर्न सहकारी क्षेत्रले नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्दछ ।

सबैको निम्ति पानी तथा सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने कार्यमा

पानीका स्रोतको संरक्षण, खानेपानी कार्यक्रम सञ्चालन, व्यवस्थापन , पानीको जोहो गर्ने आनीबानी विकास, पुनर्प्रयोज्य बस्तुहरूको व्यवस्थित उपयोग र विसर्जन, एक घर एक विरूवा अभियान मार्फत योगदान गर्न सक्दछ ।

व्यहोर्न सकिने, भरपर्दो, दिगो र आधुनिक ऊर्जा क्षेत्रमा साना जलविद्युत र सफा ऊर्जा कार्यक्रम सञ्चालन, सामुदायिक विद्युतीकरण कार्यक्रम, उर्जा किफायती चेतना विस्तार, खाना पकाउन स्वच्छ ऊर्जाको उपयोग अभियान सञ्चालन गर्न सक्दछ ।

सहकारी क्षेत्रले यसका अतिरिक्त असमानताविरूद्ध बहस, पैरवी र नागरिक शिक्षा विकास, असमान नीति र व्यवहार विरूद्धमा कार्यसूची तय गर्ने, सहकारी भावना र सामाजिक न्यायका पक्षमा कार्य गर्ने, न्यून आय समूह लक्षित कार्यक्रम सञ्चालन गर्न सक्दछ। यसका साथै सहकारी आवास व्यवस्थापन, सहकारी यातायात र अन्य शहरी सेवा एवम् वस्ती व्यवस्थापन, बस्ती सौन्दर्यीकरणमा सदस्य परिचालन, आधारभूत सेवा व्यवस्थापनमा सहकार्य, उत्पादक उपभोक्ताबीच आपूर्ति सम्बन्ध विकास, सामाजिक आनीबानी र आहार व्यवहार परिवर्तनमा सचेतना, सामाजिक विकृति नियन्त्रणमा सहयोग, उत्पादन र उपभोग प्रणाली दिगो बनाउने, उत्पादन प्रक्रियामा न्यून कार्वन उत्सर्जन, वातावरणीय शैली अवलम्वन, समुदायमा आधारित अनुकूलन प्रणाली विकास र साझेदारी, स्थानीय जलाधार, जैविक विविधता र पारिस्थितिक प्रणाली संरक्षण, वन पैदावारमा आधारित सहकारी सञ्चालन, व्यवसाय विकास, सहकार्य र साझेदारीलाई अन्तराष्ट्रिय कार्यसूची बनाउने, असल अभ्यासको आदान प्रदान गर्ने, सहकारी परिचालनमार्फत अतिरिक्त साधन परिचालन गर्ने कार्यमा सहकारीको सकारात्मक योगदान प्रबर्द्धदन गर्न सकिन्छ।

नेपालले पनि दिगो विकास लक्ष्यको अवधारणामा सहमति जनाइ तदनुरूप कार्यन्वयन संयन्त्र अगाडि बढाइसकेको छ । परिवर्तित राजनैतिक परिवेशमा देश सङ्घीय संरचनामा प्रवेश गरेको र तीन तहमा नेपालको राजनैतिक तथा प्रशासनिक संरचना स्थापित भई कार्यन्वयनमा आइसकेको अवस्था छ । देशका यी तीन संरचना अन्तर्गत आर्थिक, सामाजिक, वातावरणीय पक्षहरू वीच सन्तुलन कायम गर्दै दिगो विकासका लक्ष्यहरु हासिल गर्न अपनाइने आन्तरिक प्रयासहरू नै दिगो विकास लक्ष्यको स्थानीयकरण हो । यसमा सहकारी लगायत अन्य सरोकारवालाहरूको सामूहिक अन्तरनिर्भरता बढाउनु आवश्यक हुन्छ ।

दिगो विकास लक्ष्यको स्थानीयकरण वा आन्तरिकीकरणमा ध्यान दिनु पर्ने अर्को पक्ष भनेको तीन तहका सरकारका योजनाहरूमा अन्तर आबध्दता र सामन्जस्यता हो ।नेपाल सरकारले समग्र देशको आर्थिक सामाजिक विकासको लागि आवधिक विकास योजना तर्जुमा गर्नुपर्दछ । राष्ट्रिय स्तरमा आर्थिक सामाजिक नीति, बृहत्तर प्रभाव पार्ने आयोजना, अन्तर प्रदेशलाई जोड्ने आयोजना इत्यादि विषय समेटेर नेपाल सरकारले राष्ट्रिय आवधिक विकास योजना तर्जुमा गर्दछ ।

यस योजनाको आधारमा प्रदेश सरकार र स्थानीय तहले आ–आफ्नो आवधिक विकास योजना गर्नुपर्दछ ।प्रदेश सरकारले आ–आफ्नो प्रदेशको आर्थिक सामाजिक विकासको लागि आवधिक विकास योजना तर्जुमा गर्नुपर्दछ । प्रदेश स्तरका आर्थिक सामाजिक नीति, प्रदेश स्तरका अयोजना, आफ्नो प्रदेश भित्रका दुई वा सोभन्दा बढी स्थानीय तहलाई समेट्ने विकास आयोजना इत्यादि विषय समेटेर प्रदेश सरकारले प्रादेशिक आवधिक विकास योजना तर्जुमा गर्नुपर्दछ ।

प्रादेशिक योजना तर्जुमा गर्दा नेपाल सरकारको राष्ट्रिय योजनासँग तादात्म्यता कायम गर्नुपर्दछ ।स्थानीय तहले स्थानीय तहको आर्थिक सामाजिक विकासको लागि आवधिक विकास योजना तर्जुमा गर्नु पर्दछ । स्थानीय तहका आर्थिक सामाजिक नीति र स्थानीय स्तरका आयोजना लगायतका विषय समेटेर स्थानीय सरकारले स्थानीय तहको आवधिक विकास योजना तर्जुमा गर्दछ । यो योजना तर्जुमा गर्दा नेपाल सरकारको राष्ट्रिय योजना र आ–आफ्नो प्रदेश सरकारको आवधिक योजनासँग तादात्म्यता कायम गर्नु पर्दछ ।

सङ्घीय शासन व्यवस्थामा कार्यन्वयनका मुख्य संयन्त्रका रूपमा प्रदेश र स्थानीय तह रहेका छन् । प्रदेश र स्थानीय तहका तत्परतामा नै सङ्घले तय गरेको उद्धेश्य हासिल हुन जान्छ । संविधानको सफल कार्यन्वयनको अतिरिक्त दिगो विकासका लक्ष्यहरूलाई कार्यन्वयनमा लग्न प्रदेश र स्थानीय तहको संवेदनशीलताले यो अभियानले थप ऊर्जा हासिल गर्न सहयोग गर्दछ । नीति तथा योजनाहरु तयार गर्दा आर्थिक, सामाजिक, भौगोलिक र प्रशासनिक विशेषता र क्षेत्राधिकार जस्ता तत्वहरूलाई ध्यान दिने र यिनै आवश्यकता तथा प्राथमिकताहरूसँग तादम्यता हुने गरी र दिगो विकासका राष्ट्रिय लक्ष्यहरु हासिल हुने गरी राष्ट्रिय प्रादेशिक र स्थानीय योजनाहरु निर्माण गर्नुपर्ने हुन्छ । यस कार्यमा पनि सहकारी क्षेत्रको सकारात्मक योगदान रहन सक्दछ ।

कसैलाई पनि पछाडि नछोड्ने रणनीतिको सदुपयोग गर्ने क्रममा राज्यका सबै तहहरु वीच आपसी समझदारी र पारस्परिकतामा वृद्धि गर्ने, नागरिकहरूको तहमा अपनत्वको भावना विकास गर्ने ,सामाजिक संस्थाहरूको रचनात्मक र सहयोगी भूमिका प्रबर्धदन गर्ने ,सामुदायिक सहभागिता तथा साझेदारीता प्रबर्धदन गर्ने, स्थानीयस्तरमा सम्भावना बोकेका उत्पादनमा जोड दिने विषयहरूमा समेत जोड दिनु आवश्यक हुन्छ । सहकारी क्षेत्र सामाजिक उर्जा र पूंजी हुन् । यिनीहरू सामाजिक भावना र विचारका प्रखर संवाहकहरू हुन्। यसर्थ यी सवै कार्यमा सहकारी क्षेत्रको सकारात्मक योगदान रहनु आवश्यक हुन्छ ।यी सवै आयामहरूमा नेपालको सहकारी क्षेत्रको भूमिका आगामी दिनमा अझै सवल र प्रभावकारी हुदै जाने कुरामा आशावादी हुन सकिन्छ ।

# सहकारी सञ्चालनमा ध्यान दिनुपर्नै कुराहरु



**केशवराज आचार्य**
सदस्य, सहकारी व्यवस्थापन समिति



## सहकारीले ध्यान दिनुपर्ने कुराहरु

- सहकारीको विषय अनुरूपका क्रियाकलापहरूमा संलग्नता कस्तो छ ?
- वचत र ऋणमा मात्र केन्द्रित छन् कि ?
- ऋण लगानी र प्रतिफलमा मात्र केन्द्रित छन् कि ?
- ठूलो ऋण लगानीका लागि संस्था सक्षम छ कि छैन वा धितो पर्याप्त छ कि छैन ?
- ऋण लगानी र धितो बन्दकमा कानुनी प्रक्रियाहरू स्पष्ट वा सहकारीको अधिकार पुग्छ पुग्दैन ?
- सञ्चालक समिति यस्ता क्रियाकलापहरू प्रति जिम्मेवार छन कि छैनन् ?

## सहकारी संस्थाहरु समस्याग्रस्त हुनुका मुख्य कारणहरु

- सहकारी संस्थाहरूको दर्ता, सञ्चालन र व्यवस्थापनमा जवाफदेहिता, निष्पक्षता, खुलापन, लोकतान्त्रिक संस्कार, विधिको शासन, आचार संहिताको पालना जस्ता आधारभूत कुराहरूको अभाव हुनु,
- सहकारीको सञ्चालन र व्यवस्थापनमा स्व-नियमन र स्व-नियन्त्रणको सिद्धान्तलाई लागू गर्न नसक्नु,
- सहकारी संस्थामा आन्तरिक सुशासनको अभाव हुनु,
- सहकारीको मूल्य, मान्यता र सिद्धान्त वमोजिम सञ्चालन नगर्नु,
- सहकारी संस्थाको नियमन र अनुगमन प्रभावकारी नहुनु,
- गलत मनसायबाट सहकारीको उपभोग गर्ने,
- झुट्ठा विवरण पेश गर्ने, गलत प्रतिवेदन तयार गर्ने जस्ता कानुन प्रतिकुलका कार्य गरी सहकारी संस्थाका सदस्य र वचतकर्ताको हित विपरीतको कार्य गर्ने,
- स्वस्थ प्रतिष्पर्धा र कारोवार गर्ने ज्ञानको कमी हुनु,
- सहकारी संस्थाको सञ्चालकहरू गैर जिम्मेवार हुनु, स्वार्थ बाझिने गरी काम गर्नु,
- दक्ष र सक्षम जनशक्तिको अभाव तथा जनतामा चेतनाको कमी हुनु,
- असल नियतले कार्य नगरी खराब उद्देश्य राखी वदनियतले कार्य गर्ने आदि ।

## दर्ता गर्ने निकाय वा अधिकारीको कर्तव्य :-

- आफ्नो क्षेत्राधिकारमा कानुनबमोजिम जनसंख्याको अनुपात समेतलाई विचार गरी सहकारी संस्था आवश्यक छ भन्ने लागेमा मात्र संस्था दर्ता गर्ने अन्यथा नगर्ने,
- पेशागत आधारमा दर्ता भएका सहकारी संस्थाको सदस्यता प्राप्त गरेको अवस्थामा बाहेक राष्ट्रसेवक वा सार्वजनिक पदधारणा गरेको व्यक्ति सञ्चालक समिति लेखासुपरिवेक्षण समिति, व्यवस्थापक वा कर्मचारी भै सहकारी संस्थामा कामकाज नगर्ने वा नगराउने व्यवस्था मिलाउने,
- आफ्नो क्षेत्रभित्रका सहकारी संस्थाहरूको निरन्तर अनुगमन र मूल्यांकनको व्यवस्था मिलाउने उक्त कार्यका लागि स्रोत साधनहरूको समेत उचित व्यवस्थापन गर्ने,
- सहकारी सञ्चालकहरूसँग अस्वस्थ सम्वन्ध नराख्ने,
- संस्थाहरूको गतिविधिहरू प्रति निरन्तर जानकारी राख्ने, सञ्चालक समितिका सदस्यहरू तथा व्यावस्थापकहरूको तिन पुस्ते विवरण अद्यावधिक गराइराख्ने आदि,

## सहकारी सङ्घ संस्थाका सदस्यहरुको कर्तव्य

- सदस्यता लिनुपूर्व र सदस्यता लिएपश्चात पालना गर्नुपर्ने शर्तहरू आफ्नो भूमिका, जिम्मेवारी वा दायित्व वहन गर्नेजस्ता विषयमा पर्याप्त सूचना लिने तथा संस्थाले प्रदान गर्ने सहकारी शिक्षा लिएर मात्र सदस्य बन्ने,
- सहकारी संस्थावाट आफ्नो व्यापार व्यवसायको लागि लिएको ऋण तोकिएको समयमा साँवा तथा ब्याज भुक्तानी गर्दै जाने सोको प्रमाण लिने ,
- आफूले वचत गरेको रकमको प्रमाण कागज सुरक्षित रूपमा राख्ने,
- अधिकार खोज्ने मात्र नभै सदस्यको कर्तव्य र दायित्व पनि पूरा गर्ने,

## सहकारी संस्थाका सञ्चालक वा व्यवस्थापनको कर्तव्य

- कारोवारलाई पारदर्शी बनाउन सहकारी संस्थाबाट प्रदान गरिने सेवा, सुविधा, ब्याज रकम लगायत प्रदान गर्ने सेवा वडापत्र, सूचनापाटी वा **Website** मा राख्ने,
- क्षेत्राधिकार वाहिर गई कामकारवाही नगर्ने र एकै अवधिमा समानस्तरको सहकारी संस्थाको कर्मचारी वा सञ्चालक समिति वा लेखासुपरिवेक्षण समितिमा रहेर काम नगर्ने,
- काउन्टरमा रहेको नगदको अनिवार्य बीमा गर्ने,
- सदस्यहरू सञ्चालक वा कर्मचारीहरूसँग ऋण रकम वा ब्याजदर समान कायम गर्ने, सदस्यहरूलाई ब्याजदर, लाभांश लगायतका सुविधामा विभेदजन्य व्यवहार नगर्ने,
- अचल सम्पत्ति खरिद गर्नुपर्ने भए साधारण सभावाट निर्णय गराई जगेडा कोष र शेयर पूँजीकोषबाट मात्र खरिद गर्न निर्णय गर्ने सदस्यको वचत रकमवाट अचल सम्पत्ति खरिद नगर्ने,
- ऋण दायित्व मिनाहा, सञ्चालक समितिको भत्ता, कोषको बाँडफाँट एवं लाभांश वितरण, लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक तथा व्यवस्थापकको पारिश्रमिक तोक्ने विषय सञ्चालक समितिबाट अनिवार्य निर्णय गराएर मात्र गर्ने,
- एउटै संस्थामा एकै अवधिमा एकै परिवारको एक भन्दा वढी व्यक्ति सञ्चालक वा लेखापरीक्षण सुपरिवेक्षकको समितिमा नबस्ने,
- शेयर पूँजीमा भए भन्दा बढी शेयर रकम सङ्कलन नगर्ने तत्काल कायम रहेको कूल पूँजीकोषको अधिकतम १०% मा नवढ्ने गरी प्रति सदस्य ऋण प्रवाह गर्ने,
- नकमाउने सम्पत्ति (Non Performing Assets) कूल सम्पतिको ५% भन्दा कम कायम राख्ने,
- तीन महिनाको औषत तरलता २५% भन्दा वढी कायम रहन गएको अवस्थामा बाहेक सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूले एकैपटकमा कुल ४९% भन्दा बढी ऋण नलिने
- सम्भावित जोखिमहरूको वारेमा पर्याप्त जानकारी राख्ने,
- कोषको उद्देश्य पूरा गर्नको लागि सहकारी ऐन तथा नियमावलीमा भए बमोजिम कोष खडा गर्ने,
- कृत्रिम रूपमा लाभ देखाई अधिक लाभांश वितरण नगर्ने,
- सहकारी संस्थाहरूले न्यूनतम् (१०-१५)% तरलता अनिवार्य कायम गर्ने १०% भन्दा कम तरलता रहेको अवस्थामा ब्यवस्थापकले सञ्चालक समितिलाई जानकारी गराउन,
- संस्थाको स्वीकृत विनियमको उद्देश्य र कार्यविपरीत व्यापार मात्र गर्ने उद्देश्यले कुनै पनि मालसामान तथा अचल सम्पति खरीद नगर्ने,
- ठुला परियोजनाहरू सञ्चालन गनुपर्ने भएमा परियोजनाहरू सञ्चालन गर्ने उद्देश्य तथा कार्यहरू विनियममा समावेश गरेर मात्र लगानी गर्ने,
- ऋणको क्षेत्रगत वर्गीकरण गर्न प्रवाह भएको ऋणको कम्तीमा ५१% ऋण उत्पादन तथा आयमूलक व्यवसायमा लगानी गर्ने,
- साधारण सभाबाट वार्षिक नीति तथा कार्यक्रम र बजेटमा समावेश गरी कर्मचारीहरूको पदपूर्तिको व्यवस्था मिलाउने,
- सहकारी संस्थामा आन्तरिक र बाह्य सुशासन प्रवर्धन गर्ने,

# सहकारी किन समस्यामा पर्छ ?



**डि.वि. बस्नेत**
सञ्चालक, राष्ट्रिय सहकारी महासङ्घ
सदस्य, सहकारी व्यवस्थापन समिति




## १. पृष्ठभूमि

सहकारी साझा आवश्यकता र आकाङ्क्षा पूरा गर्न साझा चासो भएका व्यक्तिहरूद्वारा स्वेच्छिक रूपमा गठित व्यावसायिक संस्थाहरू हुन् । नाफा कमाउने उद्देश्यबाट सहकारी संस्था गठन भएको हुदैन । त्यसैले भनिन्छ– सहकारीको आयु व्यवसायका रूपमा अरूको भन्दा लामो हुन्छ । हरेक व्यवासयमा चुनौतीहरू आउँछन् । यस्ता चुनौती आउँदा अन्य व्यवसायको भन्दा सहकारी सङ्घ/संस्थाको चुनौती सामना गर्ने शक्ति बढी हुन्छ । समस्या मुक्त समाजको कुनै क्षेत्र हुँदैन । समस्या र चुनौती समयमै समाधान गर्न सकियो भने समस्याग्रस्त हुनबाट बचाउन सकिन्छ । जोखिमलाई सम्बोधन नगरिएको सहकारीहरूमा समस्या देखिएका छ ।

अहिलेको सन्दर्भ पूँजि भएका सहकारीहरूमा समेत समस्या सिर्जना भएको देखिन्छ । यसतर्फ गहन अध्ययन र अनुसन्धान गर्न आवश्यक छ । सर्वसाधारणलाई शेयर बेचेर पूँजि जुटाउने कम्पनीहरूभन्दा फरक हो सहकारीको व्यावसायिक स्वरूप सहकारीले सदस्यहरूबाट नै पूँजि जुटाउने गर्दछन् । नेपालमा ७३ लाखभन्दा बढी सहकारीको सदस्य रहेको सहकारी विभागको पछिल्लो तथ्याङ्कले देखाउँछ । यति ठूलो जनसंख्या सहकारीमा आवद्ध भइरहँदा सदस्यहरूमा सहकारीप्रति बुझाईमा भने एकरूपता छैन । सहकारीको सिद्धान्तको कार्यन्वयनमा भएको कमजोरीका कारण पनि यसो हुन पुगेको हो । सहरी क्षेत्रमा बढीजसो बचतमा बढी ब्याज र छिटो र सरल रूपमा ऋण प्राप्त गर्ने उद्देश्यबाट प्रेरित भएर मानिसहरू सहकारीमा आवद्ध भएको भन्ने रहेको छ । त्यसैगरी केही सीमित सहकारीमा अधिनायकवादी प्रवृत्ति भएका व्यक्तिहरू सञ्चालक समितिमा हावी भएका कारण पनि सहकारी अभियानप्रति नै

समाजको हेर्ने दृष्टिकोण नकारात्मक बन्न पुगेको छ । २ करोडमाथि कारोबार गर्ने सहकारीमा कार्यकारी प्रमुख बस्न नपाउने कानुनी व्यवस्थालाई समेत अटेर गरेका संस्थाहरूमा अर्थतन्त्रमा सामान्य जोखिम सिर्जना हुँदा नै चुनौती देखा परेको पाइन्छ । जबकि आर्थिक मन्दीमा समेत सहकारी मजबुत भएका विश्वका उदाहरण छन् ।

सहकारीको नीति निर्माणमा र निर्णय प्रक्रियामा सदस्यलाई वास्ता नगर्नु भनेको सहकारीको मूल्य मान्यता र सिद्धान्त विपरीत हो । यदि यसरी सञ्चालन भएका सहकारी छन् भने पनि ती सहकारीहरूमा समस्या सिर्जना भएको छ । सञ्चालक समितिले सदस्यहरूलाई प्रयोगकर्ता र आफू मालिकको रूपमा निर्णायक भूमिकामा रहेको खण्डमा पनि समस्या सिर्जना हुन्छ । अहिले सहकारीमा देखिएका घटनाक्रमहरूलाई सुक्ष्म रूपमा केलाउँदा हामीले सुशासन र स्वनियमनमा कमजोर भएका सहकारीमा सामान्य कारणबाट नै जोखिम सिर्जना भएको पाउँछौं । अर्थतन्त्रमा सङ्कोच हुँदा समग्र क्षेत्र प्रभावित भएको अवस्थामा सहकारीलाई समेत असर गरेको कुरालाई भने नकार्न सकिदैन ।

नेपालमा २०१३ सालमा पहिलो आधुनिक सहकारी संस्था स्थापना भएको भए पनि विशेषगरी प्रजातन्त्रको उदयपछि २०४८ मा सहकारी ऐन आयो । त्यसपछि नेपालमा अन्तर्राष्ट्रिय सहकारी मूल्य, मान्यता र सिद्धान्तअनुसार सहकारीको प्रवर्धन भएको हो । सहकारीको विषयमा जानकारी नै नभएका, कम जानकारी भएका र व्यवस्थापनमा क्षमता नभएका कारण त्यसको केही बर्षपछि नै अर्थात २०५७ मा नै १३० वटा सहकारी समस्याग्रस्त हुन पुगे । त्यसपछि पटक पटक सहकारीहरूमा समस्या सिर्जना भएको अवस्था छ । नेपालमा विशेषगरी वित्तीय कारोबार गर्ने सहकारीहरू समस्याग्रस्त हुनेक्रम बढ्दो छ । सहकारीको ऐन, नियमावली, नीति, कार्यविधि र सहभागितात्मक निर्णयको परिधि नाघेका सहकारीहरू समस्याग्रस्त हुदै गइरहेको छन् । सङ्घ/संस्थाहरूका बहस पैरवीबाट बनेका विधिहरूलाई आत्मसात नगर्ने सहकारीहरूमा समस्या बढी देखिएको छ ।

२०४८ सालपछि साना तथा मझौला सहकारीहरूमा समस्या सिर्जना भए पनि त्यसले अभियानको छविमा नै प्रहार गर्ने गरी समस्या सिर्जना गरेको थिएन । सात हजार ६ सय ४६ जनाको करिब १० अर्बभन्दा बढी बचत डुबाउने ओरेण्टल को-अपरेटिभ लिमिटेड समस्याग्रस्त भएपछि सहकारी क्षेत्रमा ठूलो खैला बैला मच्चियो । कतिपयले त अभियानलाई नै खराब देखाउने कोशिस गरे । त्यो सहकारीका सञ्चालकले सदस्यको बचतलाई आफ्नो निजी कम्पनीहरूमा लगानी गरेको देखिएपछि पनि प्रभावकारी नियमन हुन नसक्दा त्यसबाट गलत शिक्षा लिएर अन्य सहकारीमा समेत व्यक्तिगत व्यवसायमा सदस्यको पैसा लगानी गर्ने विशेषगरी सहकारीको ऋण परिचालनलाई विधि र समयानुसार अद्यावधिक राखी सदस्यहरूको आर्थिक उन्नतिमा ध्यान दिनुपर्नेमा व्यक्तिगत स्वार्थमा लगानी गरेका कारण नै नेपालमा केही सहकारीहरू समस्याग्रसत भएको देखिन्छ । पछिल्लो समय सिभिल बचत तथा ऋण सहकारी संस्था, गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था, धरानको वाराही सहकारी लगायतमा समस्या सिर्जना हुनुको प्रमुख कारण पनि त्यही हो ।

## ४. सहकारी संस्थाहरू समस्याग्रस्त हुनुका कारणहरू

### (क) स्वनियमन र स्वनियन्त्रणको सिद्धान्तको परिपालनामा कमी

स्वनियमनलाई आत्मनियन्त्रण पनि भनिन्छ । यो सहकारी अभियानको मुटु हो । आत्म नियमन मानव व्यवहारको केन्द्रविन्दु हो अर्थात सहकारीकर्मीको जीवन पद्धतिमा पनि यो नियम लागु भएको खण्डमा यसको सही कार्यन्वयन भएको मानिन्छ । सहकारीको मूल्य मान्यता अनुकूल आचरण र व्यवहार गर्न नसक्ने व्यक्ति सहकारी अभियानमा प्रवेश नगर्ने वातावरण सिर्जना हुनुपर्छ । त्यसपछि सहकारी संस्थामा पनि स्वनियमनको विषय कार्यन्वयन हुन पुग्छ । लेखा सुपरिवेक्षण समितिलाई सक्रिय बनाउने विषय, आन्तरिक लेखा परीक्षणलाई अनिवार्य गर्ने विषय, सञ्जालीकरणलाई बलियो बनाउने विषय त्यसमा रहेको नेतृत्वको स्वभावले समेत फरक पार्ने भएकाले पहिला त नेतृत्वमा नै यो गुण खोज्नुपर्ने हुन्छ । सहकारी संस्थाहरूको दर्ता सञ्चालन र व्यवस्थापनमा जवाफदेहिता, निष्पक्षता, खुलापन, लोकतान्त्रिक संस्कार, विधिको शासन, आचारसहिताको पालनाजस्ता आधारभूत कुराहरूको अभाव छ । सहकारीको सञ्चालक र व्यवस्थापनमा स्व-नियमवन र स्वनियन्त्रणको सिद्धान्तलाई लागू गर्न नसकेका कारण संस्थामा समस्या सिर्जना भएको देखिन्छ ।

### (ख) आन्तरिक सुशासनको अभाव

विधिका आधारमा संस्थाका वस्तु तथा सेवाको सञ्चालन हुन नसक्नु एउटा समस्या हो भने भने लेखा सुपरिवेक्षण समिति नामको मात्र हुनु, आन्तरिक नियन्त्रणलाई बेवास्ता गरी व्यवस्थापनले सञ्चालक समितिलाई जानीजाने भ्रममा राख्ने कार्य पनि भएको पाइन्छ । कतिपय स्थानमा व्यवस्थापन र सञ्चालक समितिबीच सहकार्यमा सुशासनको परिपालना नभएको पाइन्छ । अझ धेरै संस्थामा जनशक्ति दक्ष नहुदा पनि सुशासनको अभाव देखिन्छ। सञ्चालक सदस्यहरू अयोग्य भएका कारण पनि वित्तीय जोखिम बृद्धि भएको देखिन्छ । नियामकहरूमा समेत स्पष्टताको अभाव छ । जसले गर्दा प्रभावकारी नियमन हुन समेत सकेको छैन। आन्तरिक नियमहरूमा तोकिएका प्रक्रियाहरू लागू गर्ने विषयमा सञ्चालक समिति र व्यवस्थापनको बेवास्ता देखिन्छ । त्यसैगरी धेरै सहकारीले जोखिम विश्लेषण गर्ने र जोखिम व्यवस्थापनमा ध्यान दिएको पाइदैंन । व्यवस्थापनमा सञ्चालकको हस्तक्षेप हुने

गर्दा कतिपय जोखिम सिर्जना भएका छन्। संस्थाको पूँजिगत संरचना बृद्धि हुदै जाँदा समेत व्यवस्थापन र सञ्चालकको क्षमता बृद्धिमा ध्यान नदिदा समेत समस्या सिर्जना भएका छन् । संस्थालाई विधिअनुरूप सञ्चालन गर्ने कार्यमा जोड दिनुपर्छ । काम कारवाहीमा खुलापन हुनुपर्दछ ।

### (ग) सहकारीको मूल्य, मान्यता र सिद्धान्तको पालना नगर्नु

सहकारी सञ्चालनका लागि सहकारी सिद्धान्तले दिशानिर्देश गरेको हुन्छ । सहकारीका मूल्यहरूलाई व्यवहारमा उतार्नुपर्ने हुन्छ । सहकारी मूल्य, मान्यता र सिद्धान्तबमोजिम सहकारीकर्मीको आचरण र व्यवहार नहुनु र संस्था सञ्चालनमा समेत सहकारीको पहिचानका रूपमा रहेको सहकारी सिद्धान्तको परिपालना नहुनुले सहकारी समस्याग्रस्त भएको पाइन्छ । समस्याग्रस्त भएका सहकारी संस्थाका सञ्चालक र कर्मचारीलाई सहकारीको मूल्य, मान्यता र सिद्धान्तको विषयमा सामान्य जानकारी समेत नहुनुले पनि यो पुष्टि गर्दछ ।

### (घ) नियमन र अनुगमन प्रभावकारी नहुनु

सहकारी संस्थाहरूको प्रभावकारी नियमन र अनुगमन हुन सकेको छैन । विशेषगरी स्थानीय तहमा सहकारीको विषयमा जानकारी भएको सहकारी लेखाप्रणाली बुझेका जनशक्ति नभएका कारण पनि अनुगमन प्रभावकारी हुन सकेको छैन । स्थानीय सरकारको प्राथमिकतामा विकास निर्माणका कार्यमात्र पर्ने भएकाले सहकारीको नियमन र अनुगमन कमजोर बन्न पुगेको छ । त्यसैगरी प्रदेश सरकारको समेत प्राथमिकतामा पर्न सकेको छैन । सङ्घीय सहकारी विभागको भागमा निकै कम सहकारी संस्था रहेका छन् । त्यहाँसमेत प्रभावकारी भूमिकाको अभाव खड्किन्छ । विगतमा ३८ डिभिजन सहकारी कार्यालयमार्फत् सहकारीको नियमन अनुगमन हुने गर्दछ । हाल ७५३ वटा स्थानीय सरकार भए पनि कतिपय स्थानीय तहमा सहकारीको विषयले प्रवेशसमेत पाएको पाइँदैन । प्रभावकारी नियमन नहुदाँ कम जोखिम हुदाँ नै सुधार गर्न सकिने संस्थाहरूमा समेत जोखिम बढ्दै गई समस्या सिर्जना भएको पाइन्छ । नियमन अनुगमन प्रभावकारी नभएकै कारण सहकारी ऐन, २०७४ र नियम, २०७५ ले निदिष्ट गरेबमोजिम साधारण सभा, सञ्चालक समितिको बैठक, लेखा सुपरिवेक्षण समितिको कार्य, लेखा र लेखापरीक्षण नियमित र प्रभावकारी नहुदा समेत त्यसका लागि अनिवार्य गराउने कार्य नभई संस्थामा समस्या सिर्जना हुने गरेको छ ।

### (ङ) ऋण सुरक्षणको अभाव

ऋण सुरक्षण संस्थाको वित्तीय सुरक्षणका लागि मात्र प्रभावकारी छैन । यसले सदस्यको वित्त रक्षाका लागि समेत कार्य गरिरहेको हुन्छ । हाल सहकारीबाट ऋण लिएर नतिर्नेको संख्या समेत ठूलो भएको छ । त्यसैगरी एउटै व्यक्तिले धेरैवटा संस्थाबाट समेत ऋण लिने गरेको पाइन्छ । जसका कारण पनि सहकारीमा समस्या सिर्जना भएको छ । त्यसका लागि सहकारी ऐनमा कर्जा सूचना केन्द्रको व्यवस्था गरेको छ । जसको कार्यन्वयन नहुँदा सहकारीले समस्या भोगेका छन् । कालो सूचीको व्यवस्था गर्नेदेखि बचत तथा ऋण सुरक्षण कोषको समेत स्थापना गर्ने सहकारी ऐनमा व्यवस्था भएको भए पनि सरकारले ती विषय कार्यान्वयनमा चासो नदिएको देखिन्छ । यो विषय समयमा कार्यन्वयन भएको भए पनि आज यति ठूलो समस्या सिर्जना नहुन सक्दथ्यो । यसको जिम्मेवारी नियामक निकायले पनि लिनुपर्ने हुन्छ ।

कर्जा सूचना केन्द्रको व्यवस्था भएको भए सञ्चालक समिति, निजका परिवार, नातेदार, कर्मचारीले विधिभन्दा बाहिर गएर ऋण लिन सक्दैथ्ये । ऋणको रकम हिनामिना हुन नदिने प्रभावकारी सुरक्षणको व्यवस्थापनका लागि समेत सहकारीमा कार्य गर्नुपर्ने देखिन्छ । ऋण सदुपयोगिताको विषयलाई समेत अनिवार्य गर्नुपर्ने देखिन्छ । प्रविधिको अवलम्बन नगरी कृत्रिम व्यवसाय खडा गरी ऋण दिने/लिने प्रवृत्ति सहकारीमा समेत भित्रिएको विषयलाई निरूत्साहित गर्न नसक्दा पनि सहकारीले लगानी गरेका ऋणमा जोखिम सिर्जना भएका छन् । उत्पादनमूलक क्षेत्रमा ऋण लगानी गर्ने विषयलाई समेत ध्यान दिन नसक्दा पनि समस्या सिर्जना भएका छन् ।

### (च) गलत मनसायबाट सहकारीको उपभोग

केही सीमित व्यक्तिले गलत मनसायबाट सहकारी गठन गर्ने सहकारीको सदस्य बन्ने गरेको समेत पाइएको छ । कतिपयले झुठा विवरण पेश गर्ने, गलत प्रतिवेदन तयार गर्नेजस्ता कानुन प्रतिकूलका कार्य गरी सहकारी संस्थाका सदस्य र बचतकर्ताको हित विपरीतको कार्य गरेको पाइन्छ। गलत मनसायका कारण सहकारी गठन गरेको व्यक्तिहरूले अस्वस्थ प्रतिस्पर्धा सिर्जना गर्ने, लोभ लालच देखाएर बचत संकलन गर्ने र सो बचतलाई सहकारीको मूल्य मान्यता सिद्धान्त विपरीत लगानी गर्ने गरेका कारण पनि समस्याग्रस्त भएको छ । यस्ता मनसायबाट सञ्चालन भएका सहकारीमा स्वार्थ बाझिने गरी काम भएको र संचालहरू नै गैर जिम्मेवारी भएको पाइन्छ । कतिपय संस्थामा कर्मचारी र सञ्चालक सबै एउटै हुने गरेको समेत देखिन्छ । यस्ता मनसाय भएका व्यक्तिले खराब उद्देश्य नै राखेर बदनियतपूर्ण कार्य गर्ने गर्दछन् । उनीहरू सहकारीका संजालमा समेत आवद्ध हुदैनन् ।

### (छ) ज्ञानको कमी

ज्ञानको कमीका कारण पनि कतिपय संस्थामा समस्या सिर्जना भएको पाइन्छ । शिक्षा, तालिममा सहभागी हुनु भनेको बेकारको खर्चमात्र हो भन्ने मानसिकता भएका र सहकारीको विषयमा ज्ञान समेत नभएका व्यक्तिहरूले भ्रमपूर्ण रूपमा आफ्नै ढंगले सहकारी संस्था सञ्चालन गर्दा पनि समस्या आएका

छन् । दक्ष रसक्षम जनशक्तिको अभाव र सदस्यमा चेनताको कमीका कारण पनि संस्थामा समस्या सिर्जना भएको छ ।

## ३. सहकारीमा समस्या सिर्जना हुन नदिन के गर्ने ?

### (१) दर्ता गर्ने निकाय र अधिकारीको कर्तव्य

यतिबेला स्थानीय तह र प्रदेश सरकारले भटाभट सहकारी दर्ता गरिरहेका छन् । जब कि सङ्घीय सहकारी विभाग र अभियान सहकारी एकीकरणलाई प्रोत्साहन गरिरहेको छ । यस्तो अवस्थामा दर्ता गर्ने निकाय र अधिकारीको महत्वपूर्ण भूमिका रहनछ । आफ्नो क्षेत्राधिकारमा कानुनबमोजिम जनसंख्याको अनुपात समेतलाई विचार गरी सहकारी संस्था आवश्यकछ भन्ने लागेमा मात्र संस्था दर्ता गर्ने अन्यथा अन्य सहकारीमा आवद्ध भए कारोबार गर्न प्रोत्साहन गर्नुपर्ने हुन्छ । पेशागत आधारमा दर्ता भएका सहकारी संस्थाको सदस्यता प्राप्त गरेको अवस्थामा बाहेक राष्ट्रसेवक वा सार्वजनिक पदधारण गरेका व्यक्ति सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, व्यवस्थापक वा कर्मचारी भै सहकारी संस्थामा कामकाज नगर्ने वा नगराउने व्यवस्था मिलाउनुपर्छ । आफ्नो क्षेत्रभित्रका सहकारी संस्थाहरूको निरन्तर अनुगमन र मूल्यांकनको व्यवस्था मिलाउने उक्त कार्यका लागि स्रोत साधनहरूको समेत उचित व्यवस्थापन गर्ने गर्नुपर्छ।

### (२) सदस्यको कर्तव्य

कुनै पनि सहकारी संस्थाको मुटु भनेकै सदस्य हुन् । सहकारी सदस्य केन्द्रीत हुन्छ । सदस्यद्वारा नियन्त्रित र सञ्चालन हुने भएकाले सदस्य विना सहकारी संस्थाको कल्पना नै हुदैन । त्यसैले सदस्यले आफ्नो भूमिकालाई बुझेर सहकारीको मालिकका रूपमा आफूलाई सम्झनुपर्छ र त्यस्तै कर्तव्य पूरा गर्नुपर्छ । सदस्यता लिनुपूर्व र सदस्यता लिएपश्चात पालना गर्नुपर्ने शर्तहरू आफ्नो भूमिका, जिम्मेवारी वा दायित्व बहन गर्ने जस्ता विषयमा पर्याप्त सूचना लिने तथा संस्थाले प्रदान गर्ने सहकारीका शिक्षा लिएर मात्र सदस्य बन्नुपर्छ । सहकारी संस्थाबाट आफ्नो व्यापार व्यवसायको लागि लिएको ऋण तोकिएको समयमा साँवा तथा ब्याज भुक्तानी गर्दै जाने सोको प्रमाण लिने समेत गर्नुपर्छ । आफूले बचत गरेको रकमको प्रमाण कागज सुरक्षित रूपमा राख्नुपर्छ । समय समयमा संस्थामा अवलोकन गरी के भैरहेको छ बुझ्ने, सुझाव दिने, गलत भएको भए समयमा नै ध्यानाकर्षण गराउने, नीति निर्माण र निर्णय प्रक्रियामा सहभागि हुने गर्नुपर्छ । सदस्यले अधिकार खोज्ने मात्र नभई सदस्यको कर्तव्य र दायित्व पनि पूरा गर्नुपर्छ ।

### (३) सञ्चालकको कर्तव्य

- सञ्चालक समिति सहकारीको साधारण सभा अर्थात सदस्यप्रति उत्तरदायी हुन्छ । सञ्चालक समिति सदस्यहरूले खटाएका प्रतिनिधिमात्र हुन् । त्यसैले सञ्चालक समितिले आफ्नो सीमितता र भूमिकालाई स्पष्ट बुझ्नुपर्ने हुन्छ । संस्थाको पूँजीको संरक्षण गर्ने जिम्मेवारीलाई इमान्दारीपूर्वक पुरा गर्न सञ्चालक समितिले सहकारीको मूल्य मान्यता र सिद्धान्तको परिपालना गर्ने विषयमा दृढ हुनुपर्छ ।
- कारोबारलाई पारदर्शी बनाउन सहकारी संस्थाबाट प्रदान गरिने सेवा, सुविधि, ब्याज रकम लगायत प्रदान गर्ने सबै सेवाको विषयलाई बडापत्र, सूचनापाटी वा वेभसाइटमार्फत सबै सदस्यलाई जानकारी गराउनु पर्दछ ।
- क्षेत्राधिकारबाहिर गई कामकारवाही नगर्ने र एकै अवधिमा समानस्तरको सहकारी संस्थाको कर्मचारी वा सञ्चालक समिति वा लेखासुपरिवेक्षण समितिमा रहेर काम नगर्ने ऐन कानुनले नदिने भएकाले त्यसको परिपालना गर्नुपर्छ ।
- सहकारीको नगद, सम्पतीको अनिवार्य विमा गरी जोखिम न्यूनीकरण गराउनुपर्छ । सञ्चालक भएकै भरमा संस्थाले प्रदान गर्ने सेवा, सुविधामा सदस्यलाई भन्दा फरक गर्नुहुदैन । ब्याजदर, लाभांशलगायतका सुविधामा विभेदजन्य व्यवहार गर्नु हुदैँन । अचल सम्पत्ति खरिद गर्नुपर्ने भए साधारण सभाबाट निर्णय गराई जगेडा कोष र शेयर पूँजिकोषबाट मात्र खरिद गर्ने निर्णय गर्ने सदस्यको बचत रकमबाट अचल सम्पत्ति खरिद गरेका कारण पनि कतिपय संस्थामा समस्या सिर्जना भएका उदाहरण छन् । त्यस्तो गर्नु हुँदैन ।
- ऋण दायित्व मिनाहा, सञ्चालक समितिको भत्ता, कोषको बाँडफाँड एवं लाभांश वितरण लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तथा व्यवस्थापकको पारिश्रमिक तोक्ने विषय अनिवार्य निर्णय गराएर मात्र लागू गर्नुपर्छ । समस्याग्रस्त भएका सहकारीमा एउटै संस्थामा एकै अवधिमा

एकै परिवारको एकभन्दा बढी व्यक्ति सञ्चालक वा लेखासुपरिवेक्षण समिति र कर्मचारीसमेत भएको पाइएको छ । त्यस्तो हुनु हुदैन ।

- एउटै सदस्यलाई कूल पूँजिकोषको अधिकतम १० प्रतिशतमा नबढ्ने गरेमात्र प्रति सदस्य ऋण प्रवाह गर्नुपर्नेमा समस्याग्रस्त वा समस्याउन्मुख सहकारीमा एउटै व्यक्तिलाई योभन्दा बढी ऋण प्रवाह गरेको पाइन्छ । त्यसतर्फ पनि सञ्चालक समिति चनाखो हुनुपर्छ । नकमाउने सम्पत्ति कुल सम्पत्तीको पाँच प्रतिशतभन्दा कम कायम राख्नुपर्छ । तीन महिनाको औषत तरलता २५ प्रतिशत भन्दा बढी कायम रहन गएको अवस्थामा बाहेक सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूले एकै पटकमा कूल ४९ प्रतिशतभन्दा बढी ऋण लिनु हुदैन । यी सम्भावित जोखिमहरको बारेमा पर्याप्त जानकारी नभएर वा जानकारी भएर पनि कार्यन्वयन नगर्दा समस्या सिर्जना भएका छन् । यस्ता कुरामा विशेष ध्यान दिनु पर्दछ ।
- सहकारी ऐन, २०७४ र नियमावली, २०७५ मा व्यवस्था भए अनुसार कोषमा रकम बाँडफाँड गर्ने विषयमा पनि कतिपय सञ्चालक समिति उदासीन देखिएको पाइन्छ । ऐन नियमको पूर्ण पालना गर्नु सञ्चालकको कर्तव्य हो । कृत्तिम रूपमा लाभ देखाई अधिक लाभांश वितरण गर्ने कार्यमा समेत सञ्चालक समिति लाग्नु हुदैन । सहकारीमा १०देखि १५ प्रतिशत तरलता अनिवार्य कायम गर्नुपर्छ । संस्थाको स्वीकृत विनियमको उद्देश्य र कार्यविपरीत व्यापार मात्र गर्ने उद्देश्यले कुनै पनि मालसामान तथा अचल सम्पत्ति खरिद गर्नु हुदैन । ठूला परियोजनाहरू सञ्चालन गर्नुपर्ने भएमा परियोजनाहरू सञ्चालन गर्ने उद्देश्य तथा कार्यहरू विनियममा समावेश गरेर मात्र लगानी गर्नुपर्छ ।
- ऋणको क्षेत्रगत वर्गीकरण गर्न प्रवाह भएको ऋणको कम्तीमा ५१ प्रतिशत ऋण एत्पादन तथा आयमूलमक व्यवसामया लगानी गर्ने र साधारण सभाबाट बार्षिक नीति तथा कार्यक्रम र बजेट पास गरेर मात्र गर्नुपर्छ ।

## (४) विशेष पहल

### (क) सङ्घहरूको पहल

सहकारी सबैभन्दा ठूलो सञ्जाल भएको अभियान हो । यसका सङ्घहरू सक्रिय नहुदा पनि समस्या सिर्जना भएका छन् । राष्ट्रिय सहकारी महासङ्घले हरेक बर्ष आफ्नो निस्किय सङ्घहरूको सदस्यता खारेज गर्नुको प्रमुख कारण नै सङ्घहरू निस्कृय रहनु भन्नु हो । सहकारीका सङ्घहरूले विषयगत सहकारीहरू संस्थाहरूलाई सुशासन, क्षमता विकास, विधि निर्माण र परिपालनाका लागि पहल गर्नुपर्ने हो । जसले प्रभावकारी रूपमा सहकारीको मूल्य मान्यता तथा सिद्धान्तको कार्यन्वयन गर्न सहयोग पुऱ्याउँदछ । सुशासनमा नरहेका संस्थाहरूलाई सुशासनमा बस्न बाध्य बनाउने, नभए उजुरी गर्न, नियमन गर्ने समेतका कार्यमा सङ्घहरूको सक्रियाता हुनुपर्ने देखिन्छ । साथै महासङ्घ, नेफस्कून केही जिल्ला सङ्घले सहकारीहरूमा अनुगमन गरिरहेको छ । त्यसलाई अझ व्यापक र प्रभावकारी बनाइनुपर्छ । अन्य सङ्घहरूलाई समेत महासङ्घ र केन्द्रीय सङ्घहरूमार्फत् अनुगमनका लागि दक्ष जनशक्ति निर्माणमा सहयोग गर्नुपर्छ । सामान्य अनुगमन भए पनि संस्थाको अवस्था बारेमा सम्बन्धी निकायहरूलाई समयमा नै जानकारी पनि गराउनुपर्छ ।

### (ख) तथ्याङ्क निर्माण र अनुगमन संयन्त्रको विकास

सहकारी दर्ता भए पछि त्यसको निरन्तर अनुगमन भएको छैन । जसका कारण सहकारीका तथ्याङ्कहरू समेत अद्यावधिक हुन सकिरहेका छैनन । कति संस्था निरन्तर सञ्चालनमा छन् कति निष्क्रिय भैसके, कतिले निरन्तर साधारण सभा गर्दछन् भन्ने स्पष्ट तथ्याङ्कको अभाव छ । पछिल्लो समय सहकारी विभागले कोपोमिसमा सहकारीले अनिवार्य रूपमा आवद्ध हुनुपर्ने प्रावधान ल्याएको छ। जसले तथ्याङ्क सङ्कलनमा योगदान पुग्ने देखिन्छ । यसलाई अझ प्रभावकारी प्रवविधिक रूपमा सक्षम बनाउनुपर्ने देखिन्छ ।

त्यसैगरी सहकारीको अनुगमन गर्ने जिम्मेवारी तीन तहमा छ । संघीय सहकारी विभाग, स्थानीय तह र प्रदेश सरकारले आफ्नो कार्यक्षेत्रभित्रका सहकारीको अनुगमन गर्नुपर्ने हुन्छ । तर त्यसतर्फ स्थानीय र प्रदेश सरकारको चासो गएको देखिन्न । स्थानीय र प्रदेश सरकारले सहकारी दर्ता गर्ने तर अनुगमनका लागि दक्ष जनशक्ति तयार गर्नेदेखि निरन्तर सहकारी शिक्षा तालिममा लगानी गर्ने विषयमा समेत कमी रहेको देखिन्छ ।

बागमती प्रदेशमा भने नियामक निकाय र अभियानको संयुक्त अनुगमन गर्ने कार्य शुरू भएको छ । यसलाई निरन्तरता दिनुपर्छ । त्यसैगरी देशभर करिब ३० हजार बढी सहकारी सङ्घ/संस्था रहेकाले यसको अनुगमनका

लागि छुट्टै दोस्रो तहको संरचनाको आवश्यकता देखिन्छ । पछिल्लो समयमा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयकमार्फत नेपाल राष्ट्र बैंक ऐन २०५८ मा संशोधन गरी बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको नियमन, निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धमा निर्देशन तथा मापदण्ड जारी गर्ने र पच्चीस करोड रूपैयाँभन्दा बढी शेयर पूँजी वा बार्षिक पचास करोड रूपैयाँ भन्दा बढीको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सहकारी सम्बन्धी प्रचलित कानुनको समेत अधिकार प्रयोग गरी नियमन निरीक्षण तथा सुपरिवेक्षण गर्ने उल्लेख छ । यो संसदमा बहसमा रहेको छ । यो ऐन संशोधन भएर आएपछि पनि यस ऐनमा नसमेटिएका सहकारीका लागि समेत अनुगमनका लागि छुट्टै संयन्त्रको आवश्यकता रहन्छ ।

त्यसैगरी भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सहकारी विभाग, सङ्घहरूले संस्थाहरूलाई नियमिन अनुगमनमा राख्ने, नियमित प्रतिवेदन पेश गर्ने, उक्त प्रतिवेदनको अध्ययन समयमा हुने संयन्त्रको विकास गर्ने र विधिमा सञ्चालन गराउन प्रेरित गर्नुपर्ने हुन्छ ।

## (ग) प्रविधिको उपयोग

आज प्रविधिले सबै कुरालाई सहज बनाइदिएको छ । त्यसको भरपुर उपयोग गर्नुपर्ने हुन्छ । कोपोमिसलाई सबैले सरल रूपमा प्रयोग गर्न सक्ने बनाउनुपर्छ । विशेषगरी वित्तीय कारोबार हुने संस्थाहरूमा जोखिम आउन सक्ने हुनाले वित्तीय मापदण्डहरूको नियमित अनुगमन हुने र पृष्ठपोषण संस्थालाई तत्काल उपलब्ध हुने प्रविधिको विकास गर्नमा पनि सरकार र अभियानको ध्यान जानुपर्छ। त्यसैगरी सहकारी सङ्घ/संस्थाले प्रयोग गरेका बैंकिङ तथा गैर बैंकिङ सफ्टवेयरहरूको समेत नियमित रूपमा अनुगमन गरी पृष्ठपोषण गर्ने संयन्त्रको विकास हुनुपर्छ । यसबाट पनि कतिपय बदमासी भएको घटना बाहिरिएका छन् । ठूला सहकारीहरूमा आइटी अडिट समेत गरिने परिपाटीको विकास हुनुपर्छ । त्यसैगरी वित्तीय सहकारीले वित्तीय जानकारी इकाईमा गर्ने रिपोर्टिङलाई समेत सफ्वेयरमार्फत इन्टरलिंक गराउने विषयलाई समेत अगाडि सार्नुपर्ने देखिन्छ । सहकारी अभियानले कम ध्यान दिएको विषय हो, साइबर सुरक्षा । यसतर्फ पनि शिक्षा तालिम सञ्चालन गरी साइबर सेक्युरेटीमा मजबुद हुनका लागि सहकारीलाई प्रेरित गर्नुपर्छ ।

## (घ) नियमित तालिम र शिक्षा

शिक्षा, तालिम र जानकारी सहकारीको सात सिद्धान्तमध्येको एक सिद्धान्त हो । सहकारीको विकासमा प्रभावकारी रूपमा योगदान दिन सक्ने यो सिद्धान्तलाई पालना गर्ने विषयमा भने हाम्रो ध्यान कम पुगेको पाइन्छ । सहकारीका सदस्यहरू, निर्वाचित प्रतिनिधिहरू, व्यवस्थापकहरू, कर्मचारीहरू, स्थानीय तह, प्रदेश सरकार, सहकारी विभागका कर्मचारीहरूलाई

> **सहकारी सङ्घ/संस्थाले प्रयोग गरेका बैंकिङ तथा गैर बैंकिङ सफ्टवेयरहरूको समेत नियमित रूपमा अनुगमन गरी पूष्ठपोषण गर्ने संयन्त्रको विकास हुनुपर्छ । यसबाट पनि कतिपय बदमासी भएको घटना बाहिरिएका छन् ।**

समेत निरन्तर शिक्षा तालिमको आवश्यकता हुन्छ । सहकारी शिक्षाले नै सहकारीलाई उचाइमा पुऱ्याउँने भएकाले यसतर्फ राज्यको समेत विशेष फोकस र लगानी आवश्यकता छ । यसको कमजोर कार्यन्वयनका कारण नै सहकारीमा समस्या सिर्जना हुने स्पष्ट छ । अहिले नेपालमा समस्या सिर्जना भएका सहकारीको अध्ययन गर्दा शिक्षा, तालिममा उनीहरूको लगानी साह्रै न्युन देखिन्छ ।

नियमित तालिम, शिक्षा, अनुशिक्षण, अभिमुखीकरण र व्यवसाय विकासका क्रियाकलापहरू समिति, उपसमिति र व्यवस्थापनलाई उपलब्ध गराउने विषयमा सङ्घ/संस्थाहरू सधै चनाखो हुनुपर्ने हो । यसलाई अनिवार्य गराउनेतर्फ समेत अभियान र सरकारको ध्यान जान सकेको खण्डमा भविष्यमा सहकारीमा समस्या न्युन हुने देखिन्छ ।

## (ङ) सञ्चालक समितिमा सम्पत्ति विवरण सङ्कलन

सहकारी संस्थालाई समस्याग्रस्त हुन नदिनका लागि निश्चित पूँजि भएका सहकारी संस्थाहरूका सञ्चालक समितिको सम्पत्ति विवरण सङ्कलन गर्ने, उनीहरूले प्रत्येक बर्ष सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने प्रावधान विकास गरेको खण्डमा समेत सहकारीमा समस्या सिर्जना हुदैन । अहिले समस्याउन्मुख र समस्याग्रस्त सहकारीको अध्ययन गर्दा सञ्चालक समितिले विधि विपरीत बचत रकम उपयोग गरेको पाइन्छ । त्यसैगरी केही सीमित सञ्चालक समितिको जीवनस्तर समेत अस्वभाविक रूपमा परिवर्तन भएको विषयलाई समेत लिएर ऐन कानुन नै सहकारीमैत्री नबन्ने अवस्था सिर्जना हुन नदिनका लागि यो अनिवार्य गर्नुपर्छ । यसले समग्र सहकारी अभियानलाई नै नोक्सानी पुऱ्याउने भएकाले यसतर्फ अभियान र राज्यको विशेष ध्यान जानुपर्छ । पहिले त महासङ्घ र केन्द्रीय सङ्घका सञ्चालकहरूले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्छ । त्यसपछि पचास करोडमाथि कारोबार गर्ने संस्थाहरूलाई यसमा अनिवार्य गराउने र त्यसपछि सहकारी क्षेत्रको सुदृढीकरणका नीतिगत व्यवस्थाहरूमा बहस र पैरवी गर्न सहज हुन्छ ।

### (च) बचत सुरक्षणको व्यवस्था

सहकारीमा भएको बचत सुरक्षित हुने नीतिगत व्यवस्था आवश्यक छ । यसका लागि ऐनमा भएको बचत तथा ऋण सुरक्षण कोषको व्यवस्थाले मात्र सम्बोधन गर्न सक्छ भन्ने छैन । त्यसका लागि संस्थाको सहकारी विकास कोषको पैसा वा अन्य छुट्टै व्यवस्था गरेर भए पनि तलरता व्यवस्थापनका लागि प्रत्येक सङ्घ/संस्थाले महासङ्घ/सङ्घ वा बैंकमा जम्मा गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

सहकारी संस्थाहरू समस्यामा नपर्ने आधारहरूका सम्बन्धमा पर्ल्स सिस्टमको पूर्ण पालना गर्ने साथै सहकारी व्यवस्थापन समितिले तय गरेका देहायका मार्ग दर्शनहरू अबलम्बन गरेमा सहकारीलाई समस्याग्रस्त हुनबाट बचाउन सकिन्छ ।

- सहकारीका मूल्य मान्यता र सिद्धान्तअनुरूप सहकारी सञ्चालन हुनु,
- नियमित रूपमा संस्थाको साधारण सभा सञ्चालक समितिको बैठकहरू हुनु,
- ऋण लगानी गर्दा ऋण सुरक्षण हुने गरी असल सम्पत्ती धितो लिनु,
- ऋण लगानी गर्दा धितो सञ्चालक वा कर्मचारीको नाममा पास नगरी संस्थाको नाममै दृष्टिवन्धक गर्नु
- संस्थाले लगानी गरेको ऋणको मासिक रूपमा वर्गीकरण गरी विश्लेषण गर्नु,
- भाखा नाघेको ऋणहरूको लागि निश्चित रकम सुरक्षण कोष्मा राख्नु,
- बचतको रकमलाई ऋणमा परिचालन नगरी सम्पत्ति खरिद नगर्नु,
- बचत तथा ऋणको कारोबार गर्ने सहकारी आफैले व्यवसाय नगर्नु,
- ८० प्रतिशतभन्दा बढी सदस्यले नियमित बचत गर्नु
- सहकारिको मासिक रूपमा वित्तीय स्थिति परीक्षण गरी विश्लेषण गर्नु,
- जगेडा कोष, घाटापूर्ती कोष जोडेर आउने अङ्कको ५० प्रतिशतभन्दा बढी रकमको स्थिर सम्पत्ति राख्नु,
- सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका ४९ प्रतिशभन्दा बढी व्यक्तिलाई ऋण प्रवाह नहुनु
- सञ्चालक समिति, उपसमिति, कर्मचारी र एकाघरको व्यक्तिले लिएको ऋण भाखाभित्रै तिर्नु
- प्रत्येक बर्षको असोज मसान्तभित्र लेखापरीक्षण सम्पन्न गरेको हुनु,
- पेश्की रकमहरू समयमै फस्यौट हुनु,
- साधारण सभा ढिलोमा प्रत्येक बर्षको पुस महिनाभित्र सम्पन्न गर्नु,
- विषयगत सहकारी संस्थाको स्रोतको व्यवस्थापन उचित तरिकाले गर्नु,
- भाखा नाघेको ऋणहरूको सुरक्षण नगरी लाभांश नबाड्नु,
- कर्मचारीहरूको स्थायित्व गर्नु गराउनु
- कर्मचारीहरूलाई कमिशन दिएर बचत रकम उठाउन नलगाउनु,
- समानान्तर प्रकृतिको संस्थामा बचत राख्ने र बचत स्वीकार गर्ने कार्य नगर्नु,
- सफ्वेयरमा एडिट गर्न वा ब्याक डेटमा कारोबार गर्न व्यवस्था नगराउनु,
- सहकारी संस्था सञ्चालनको लागि न्युनतम तालिम, प्रशिक्षणहरूको व्यवस्था हुनु ,पुनरताजगी तालिम निरन्तर रूपमा हुनु,
- कोपोमिस र गोएएमएल कार्यन्वयन गर्नु,
- सहकारी ऐन/नियम संस्थाको विधानको पालना गर्नु,
- संस्थाका सदस्यहरूसँग नियमित भेटघाट छलफल गर्नु, शिक्षामूलक कार्यक्रमहरूको नियमित आयोजना गर्नु,
- मासिक रूपमा संस्थाको वित्तीय विवरणहरू त्यार गरी प्रकाशित गर्ने,
- ब्याजदरहरू निर्धारण गर्दा बजारमा चलिरहेको दर र सन्दर्भ ब्याजदरलाई आधार बनाउनु,
- नियामक निकायमा बुझाउनुपर्ने प्रतिवेदनहरू नियमित रूपमा बुझाउनु,
- सञ्चालक वा कर्मचारी वा कुनै व्यक्तिको नाममो सम्पत्ती नराख्नु,
- संस्थामा अत्याधिक नगद नराख्नु,
- नगद भल्टको व्यवस्था र वीमा गर्नु,
- करहरू नियमानुसार बुझाउनु,
- लेखा सुपरिवेक्षण समितिको नियमित बैठक बस्ने र सञ्चालकलाई सुझाव दिनु,
- असल नियतले संस्थाका सदस्यहरूको हित गर्ने उद्देश्यले कार्य गर्नु,
- सहकारी संस्थामा सुशासनको प्रवर्धन गर्नु,
- नियमित आन्तरिक लेखापरीक्षण गर्नु,

सदस्य, सहकारी व्यवस्थापन समितिमा कार्यरत हुनुहुन्छ ।

# सहकारी सङ्घ–संस्था सञ्चालन र व्यवस्थापनमा महिला सहभागिता



**सुशीला थापा / ललिता महर्जन**
सदस्य, सहकारी व्यवस्थापन समिति





## पृष्ठभूमि :

सहकारी विश्वव्यापी अभियान हो । सहकारी जुनसुकै अर्थ व्यवस्था भएको देशमा पनि छन् । विश्वभर ३० लाख भन्दा बढी सहकारी सङ्घ-संस्थाहरू रहेका छन् । अन्तर्राष्ट्रिय सहकारी महासङ्घ विश्व सहकारी अभियानको छाता सङ्गठन हो । विश्वभर २८० मिलियन मानिसलाई सहकारीले कामको अवसर दिएको छ । बहुराष्ट्रिय कम्पनीहरूलेभन्दा बढी सहकारी क्षेत्रले रोजगारी प्रदान गरेका छन् । जुन विश्वका कुल रोजगारीको १० प्रतिशत हुन आउँछ । विश्वका १२ प्रतिशत मानिस सहकारीमा आवद्ध रहेको अन्तर्राष्ट्रिय सहकारी महासङ्घले जनाएको छ । सहकारी नैतिकता, मूल्य र सिद्धान्तमा आधारित उद्यम हो । यसको विश्वव्यापी सिद्धान्त छ । अन्तर्राष्ट्रिय सहकारी महासङ्घ विश्वको सबैभन्दा ठूलो गैरसरकारी संस्थाहरूमध्येको एक बनेको छ । विश्वव्यापी रूपमा १ अरब मानिस सहकारीका सदस्य छन् । संयुक्त राष्ट्रसङ्घपछिको सबैभन्दा ठूलो सङ्गठनका रूपमा यो क्षेत्र रहेको छ । यो सङ्गठनको नेतृत्व महिलाले सफलतापूर्वक गरेको उदाहरण छन् । बेलाइती डेम पाउलिन ग्रिन सन् २०० ९ देखि २०१५ सम्म अन्तर्राष्ट्रिय सहकारी महासङ्घको अध्यक्ष थिइन् । त्यसैगरी क्यानडाकी मोनिक एफ लरेन्स २०१३ देखि २०१७ भित्र बोर्ड सदस्य हुदै अन्तर्राष्ट्रिय सहकारी महासङ्घको अध्यक्षको जिम्मेवारी कुशलतापूर्वक सम्हालेकी थिइन् । उनी त्यो प्रतिष्ठित पद धारण गर्ने पहिलो क्यानाडाली र उत्तर अमेरिकी महिना थिइन् । यसले के देखाउँछ भने महिला सशक्तिकरणमा विश्वव्यापी रूपमा सहकारीको योगदान ठूलो छ । अन्तर्राष्ट्रिय सहकारी महासङ्घको सञ्चालक समितिमा

नेपालले समेत प्रतिनिधित्व गरेको थियो । त्यसमा पनि महिला नै थिइन् । राष्ट्रिय सहकारी महासङ्घका वरिष्ठ उपाध्यक्ष ओमदेवी मल्लले आइसीको ग्लोबल बोर्ड सदस्य रहेर काम गरिन् । यसरी हेर्दा २०१० बाट नेपालमा सहकारीको अवधारणा शुरू भएर २०१३ चैत २० गते बखान ऋण सहकारी संस्थाबाट शुरू भएको हो । छोटो इतिहास भए पनि नेपालमा महिला सशक्तिकरणमा सहकारीको भूमिका महत्वपूर्ण देखिन्छ । सहकारी सङ्घ-संस्था सञ्चालन र व्यवस्थापनमा महिला सहभागितालाई भने अझै बृद्धि गर्नुपर्ने देखिन्छ । सहकारी विभागको पछिल्लो तथ्याङ्क अनुसार सहकारीमा महिला सहभागिता ५६ प्रतिशत रहेको छ । सहकारी सङ्घ/संस्थामा सञ्चालक र व्यवस्थापनमा समेत महिलाको सहभागितालाई बृद्धि गर्नुपर्ने माग छ ।

## उद्देश्यहरु

- सहकारी सङ्घ संस्थामा महिला सहभागिता बृद्धि गरी संस्था सञ्चालनमा दिगोपन ल्याउन,
- सहकारी सङ्घ संस्थालाई व्यवस्थित र सुदृढीकरण गरी महिला मैत्री सङ्गठनको रूपमा विकास गर्न,
- महिलाहरूको नेतृत्व क्षमता बृद्धि विकासका लागि मार्ग प्रसस्त गर्न,
- महिलाहरूको आय आर्जन र सशक्तिकरणलाई प्राथमिकतामा राखी कार्य गर्न,
- महिलाहरूको समयानुकूल सीप र प्रविधिको पहुँचमा बृद्धि गर्न,

## सहकारी अभियान र महिला

देशभर करिब ३० हजार भन्दा बढी सहकारी सङ्घ/संस्था रहेको छन् । त्यसमा ७३ लाखभन्दा बढी सदस्य रहेका छन् । जसमध्ये ५६ प्रतिशत महिलाको सहभागिता रहेको छ । अन्य कुनै पनि क्षेत्रमा यति धेरै महिला सहभागिता देख्न पाइन्न । महिलाको नेतृत्व विकासमा समेत सहकारी योगदान रहेको छ । सहकारी सङ्घ/संस्थाको नेतृत्व तहमा ४० प्रतिशत महिला रहेको बताइन्छ । २०४८ पछिका सहकारी ऐन कानुन सकारात्मक रहेका कारण महिलाको नेतृत्वमा बृद्धि भइरहेको छ । राज्यले समेत महिलाका लागि नीतिगत तवरमै अनिवार्य सहभागिता र प्रतिनिधित्वको व्यवस्था गरेको छ । महिलाको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा सहकारीले पुऱ्याएको योगदानका कारण यसप्रति महिलाको आकर्षण बढेको हो । सहकारीको नेतृत्व तहमा महिलाको उपस्थिति बृद्धि गर्ने हो भने महिला अझ बढी लाभान्वित हुने कुरामा कसैको दुई मत नरहला । चुलोचौकोको कामबाटै फुर्सद निकाल्न सङ्घर्ष गर्नुपर्ने महिलाहरूले समेत सहकारीमा आवद्ध भएपछि व्यक्तित्व विकास र अवसर पाएको उदाहरण धेरै छन् । सहकारीले नेतृत्व विकासका लागि तालिम र अवसर दिएका कारण नै महिलामा राजनीतिक सचेतना समेत बढेकोले सहकारीकर्मी महिलाहरू स्थानीय, प्रदेश र सङ्घमा समेत प्रतिनिधित्व गर्न सफल भएका छन् । सहकारीमा रोजगारी पाउनेमा पनि महिलाको सङ्ख्या ठूलो छ । सहकारीका कारण महिलाको आय आर्जनमा बृद्धि मात्र भएको छैन स्थानीय स्रोत साधानमाथि महिलाको पहुँच समेत बृद्धि भएको छ ।

## सहकारी अभियानले महिलाहरुमा पारेको प्रभाव

- सहकारी अभियानले महिलामा बचत गर्ने बानीको विकास गराएको छ । अनावश्यक खर्चमा नियन्त्रण गरेर बचत बृद्धि गरेको थुप्रै अनुभव छन् । सहकारीमा नियमित बचत गर्नुपर्ने भएकाले नियमित बचत गर्ने बानी विकास भएको छ ।
- आय-आर्जन र आत्मविश्वासमा बृद्धि,
- घरेलु व्यवसायबाट आर्थिक रूपमा आत्मनिर्भर,
- व्यक्तित्व र नेतृत्व विकासमा योगदान,
- परम्परागत सीप विकासमा बृद्धि,
- व्यवसायिकीकरणमा सहयोग,
- कृषिजन्य उत्पादनमा सहयोग,
- समाजिक उत्थानमा सहभागितामा बृद्धि,
- छोरा र छोरीमा समान ब्यवहारमा विकास ।

## समाज विकासमा महिला सहभागिता

- महिला र पुरूष समाजरूपी रथका दुई पाङ्ग्रा,
- पुरूष र महिलालाई समान अधिकार,
- महिला सहभागिताविना मुलुकको विकास कठिन,
- प्रजातन्त्र र गणतन्त्रको स्थापनापश्चात् राज्यले महिला अधिकार र संरक्षणको नीति,
- राज्यका निर्वाचित निकायहरूमा आरक्षणको व्यवस्था,
- निजामति र फौजीमा समेत महिला सहभागिता,
- राष्ट्रपति, प्रधान न्यायाधीश र प्रतिनिधि सभाको सभामुखजस्ता गरिमामय पदमा महिलाद्धारा कुशलतापूर्वक जिम्मेवारी वहन ।

## महिला सहकारीकर्मीहरुको क्षमतामा अभिबृद्धि

- सहकारीको मूल्य, मान्यता र सिद्धान्तको अध्ययन,
- सहकारी ऐन, नियम र विनियमको अध्ययन,
- सहकारी सञ्चालनका कार्यविधिहरूको प्रशिक्षण,
- संस्थाका सदस्यहरूको सीप र क्षमताको समुचित प्रयोग,

- परियोजना निर्माण र कार्यन्वयन गर्न क्षमता बृद्धि,
- संस्थाका परियोजनाबाट उत्पादित सेवा वा वस्तुको विज्ञापन र बजारीकरण,
- सामूहिक उत्पादनलाई प्रोत्साहन,
- लेखा सम्बन्धी ज्ञान,
- संस्थाका हरेक समितिहरूमा महिलाको प्रतिनिधित्व अनिवार्य,
- समयानुकूल प्रविधिमा पहुँच,
- महिला सशक्तिकरण र क्षमता विकासका लागि अध्ययन र अवलोकन भ्रमण ।

## सरकारी तवरबाट गरिएका प्रयासहरु

- सरकारको तीन खम्बे अर्थनीति,
- सहकारी ऐन २०७४ र नियमावली २०७५ जारी,
- सहकारी मन्त्रालयको गठन,
- सहकारी विभाग गठन,
- सहकारी बैंक स्थापना,
- समस्याग्रस्त सहकारी संस्थाको समस्या समाधानको लागि आयोग गठन,
- महिलाको अनिवार्य सहभागितामा प्रोत्साहन,
- सहकारी सङ्घ संस्थाहरूको सम्बन्धित निकायबाट नियमित अनुगमन ।

## बागमती प्रदेशका १३ वटा जिल्लामा अवस्थित सहकारी संस्थाहरु र आवद्धताको स्थिति

- कूल सहकारी संस्थाहरू १०,४१८,
- सहकारी संस्थामा आबद्धता संख्या कुल २७,१७,४६९,
- महिला संख्या कुल १४,५७,२०२,
- पुरूष संख्या कुल १२,६०,२६७,
- प्रत्येक्ष रोजगारी संख्या कुल ३३,८९२ ।

## .समस्या र चुनौति

- संस्था सञ्चालनमा व्यवस्थापकीय ज्ञानको कमी,
- महिलाहरूको अर्थपूर्ण नेतृत्वमा कमी,
- समयानुकूल प्राविधिक ज्ञान नहुनु,
- महिलाहरूमा घरायसी तथा पारिवारिक दायित्व बढी हुनु,
- सामाजिक सुरक्षाका कारण महिलाहरू नेतृत्वमा आउन कठिन,
- संस्थाका कार्यक्रमहरू आदिमा उपस्थित हुन नसक्नु,
- समाजमा विद्यमान रूढिगत मानसिकता,
- महिलाहरूमा न्यून उद्यमशीलताको स्तर,
- महिलाहरूलाई सहकारी शिक्षा प्रर्याप्त नहुनु,
- प्रतिस्पर्धाबाट नेतृत्व चयन प्रकृयामा महिलाहरू सहभागी हुन कठिन,
- आरक्षण गरेका स्थान बाहेक अन्य स्थानहरूमा महिला सहभागिता कठिन,
- नीति निमार्णका समयमा महिलाको उपस्थिति अनिवार्य नठानिनु,
- महिलाहरूले आफनो व्यवसाय, जागिर र घरायसी कार्य समेत गरी संस्थामा प्रर्याप्त समय दिन नसक्नु,
- महिला नेतृत्वलाई व्यवस्थापकीय क्षमता भए तापनि सहजरूपमा स्वीकार गर्न गाह्रो मान्ने सामाजिक परिवेश,
- महिला नेतृत्वको विकास र क्षमता अभिबृद्धिप्रति संलग्न पक्षको उदासीनता,
- महिलाहरूलाई करलगायत राज्यबाट दिइने सुविधामा कमी ।

## उपसंहार

स्थानीय तह, प्रदेश तह र सङ्घीय संरचनामा महिलाले राज्यद्धारा प्राप्त गरेको ३३ प्रतिशतको आरक्षणलाई सुनिश्चित गरिनु पर्ने देखिन्छ । हरेक क्षेत्रमा जनसंख्याको आधारमा महिला नेतृत्व प्रदान गरिनु पर्छ । सहकारीमा पनि महिलाको सहभागिता बढी देखिन्छ । त्यसैले नेतृत्वमा महिलाको सहभागितालाई बृद्धि गर्ने गरी नीतिगत व्यवस्था हुनुपर्छ । सरकारी, नीजि र गैरसरकारी क्षेत्रमा महिलाको सहभागिता र अर्थपूर्ण प्रतिनिधित्वका लागि विशेष जोड दिनु पर्ने अवस्था भने छ । अझै पनि महिलालाई प्रमुख पद नदिने भाग पुर्‍याउन मात्र महिलाको प्रतिनिधित्व गराउने मानसिकतालाई बदल्नुपर्छ ।

महिलाले आफ्नो गाँस काटेर बचत गरेका पैसा सुरक्षित रहेको सुनिश्चित गराउनका लागि बचत सुरक्षाको प्रत्याभूति गर्नका लागि सहकारी सङ्घ संस्थामा बचत बीमा अनिवार्य गर्ने व्यवस्था गर्नुपर्छ । जसका कारण जोखिम न्यून हुन जान्छ । वित्तीय कारोबार गर्ने सहकारी संस्थाको नियमन र अनुगमनलाई नियमित गर्ने र जोखिम हुनबाट जोगाउनुपर्छ । महिला उद्यमीहरूका लागि सहुलियत दरमा कर्जा उपलब्ध गराउनेतर्फ सहकारी सङ्घ/संस्थाको ध्यान जानुपर्ने र राज्यबाट पनि यसलाई प्राथमिकता दिनुपर्छ । महिला उद्यमी बृद्धि विकासका लागि उद्यमशीलता तालिमको व्यवस्था गरिनु पर्ने, ४० वर्ष मुनिका युवाहरूलाई नेतृत्वमा विशेष संरक्षणको व्यवस्था गर्न सकिएको खण्डमा महिला र युवाको सहभागिता सहकारीमा बृद्धि हुने देखिन्छ ।

# सहकारीको नियमन तथा अनुगमन



**तीर्थराज सिल्वाल**
सदस्य, सहकारी व्यवस्थापन समिति

## नीतिगत तथा कानुनी व्यवस्था

नेपालको संविधानले नै सहकारी अभियानले अर्थतन्त्रको एउटा महत्वपूर्ण क्षेत्रको रूपमा स्विकारेको छ । जसका कारण नेपालमा सहकारी अभियान अझ प्रभावकारी रूपमा अगाडि बढ्न सक्छ । जति जति संस्थाहरू बृद्धि हुन्छन् त्यति त्यति नियमनको पाटोमा पनि ध्यान जानुपर्छ । त्यसका लागि सहकारी ऐन २०७४, नियम २०७५ मा स्पष्ट व्यवस्था भएको छ । त्यसैगरी सहकारी स्थानीय सरकारमातहतमा समेत रहेकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ का आधारलाई समेत टेकेर अगाडि बढ्नुपर्छ । सहकारी क्षेत्रमा वित्तीय कारोबार समेत हुने भएकाले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी सङ्घ संस्थालाई जारी गरिएको निर्देशन, २०७४ का आधरमा समेत नियमन गर्नुपर्ने देखिन्छ । सहकारी संस्था दर्ता दिघदर्शन २०७४, सहकारी एकीकरण तथा विभाजन निर्देशिका, २०७६, सहकारी संस्थाको लेखा परीक्षण निर्देशिका २०७५, बचत ऋणको मुख्य कारोबार गर्ने सहकारी सुपरिवेक्षण निरीक्षण तथा अनुगमन निर्देशिका, २०७७, सहकारी संस्थामा सम्पत्ति शुद्धिकरण निवारण कानुन पालना सम्बन्धी अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०७५का आधारमा नियमन तथा अनुगमन गर्न सहज हुन्छ । त्यसैगरी विभिन्न निर्देशिका, मापदण्ड तथा कार्यविधिहरू, प्रदेश तथा स्थानीय तहबाट जारी भएका सहकारी ऐन तथा नियमावलिहरू, प्रदेश तथा स्थानीय तहबाट जारी भएका विभिन्न निर्देशन, मापदण्ड तथा कार्यविधिहरूलाई आधार मानेर नियमन गर्नुपर्ने हुन्छ ।

**नियमन सम्बन्धी कार्य भन्नाले के बुझिन्छ ?**

सहकारी व्यवस्थापन सम्बन्धमा बनेका सम्पूर्ण कानुनी प्रवन्ध (जस्तैः ऐन, नियम, कार्यविधि, मार्गदर्शन, मापदण्ड, निर्देशिका र निर्देशन)को तर्जुमा र परिमार्जन सम्बन्धी कार्य तथा प्रचलित कानुन प्रवधानको आधारमा सहकारी सङ्घ/संस्थाको दर्ता, सञ्चालन, एकीकरण, विभाजन, अनुगमन, निरीक्षण, सुपरिवेक्षण, दण्ड सजाय, विघटन/खारेज सम्बन्धी कार्य गर्ने भन्ने बुझ्नुपर्छ । विभिन्न कोषहरूको अभिलेखाङ्न, संस्थागत क्षमता बृद्धि, अन्तर निकाय समन्वय र सहजीकरण तथ्याङ् अभिलेख, प्रतिवेदन प्रकाशनलगायतका विषयलाई हेर्ने विषय पनि नियमन सम्बन्धी पर्दछ ।

## स्वनियमन

संस्था आफैले आफ्ना प्रचलित कानुन, संस्थाको विनियम, कार्यविधि, राष्ट्रिय, अन्तराष्ट्रिय, असल अभ्यास आदिको पूर्ण पालना सम्बन्धी कार्य गर्ने कार्यलाई स्वनियमन भनिन्छ । सहकारी संस्था स्वनियमनमा सञ्चालन हुने संस्था हुन् । त्यसैले त्यहाँ नियमित गतिविधि कार्यहरू, निर्णयहरू, प्रचलित कानुन, संस्थाको विनियम कार्यविधि र सहकारी मूल्य मान्यता तथा सिद्धान्तअनुसार भएको/नभएको नियमित निरीक्षण गर्ने अधिकार संस्थाको साधारण सभाले नै चुनेको लेखा सुपरिवेक्षण समितिले गर्ने व्यवस्था छ । उसले सञ्चालक समितिलाई सचेत गराउनेदेखि साधारण सभालाई समेत संस्थाका विषयमा प्रतिवेदन बुझाउने काम गर्दछ । त्यसैगरी आवश्यक परेको खण्डमा विशेष साधारण सभासमेत बोलाउन लगाउन सक्छ । यस्तो प्रभावकारी स्वनियमको विधि हुँदाहुँदै पनि लेखा सुरपरिवेक्षण समितिको भूमिकालाई गौण राखिएका कारण सहकारीमा पछिल्लो समय नियमनको विषय सतहमा आएको छ ।

## नियामक निकाय

सहकारी सङ्घ संस्थालाई नियमन गर्ने निकायमा सघीय मन्त्रालय, सङ्घीय सहकारी विभाग, प्रदेश सहकारी मन्त्रालय मातहतको सहकारी महाशाखा, स्थानीय तह मातहतको सहकारी शाखाहरू पर्दछन् । सहकारी ऐन २०७४ मा रजिष्ट्रारबाट

अधिकार प्राप्त अधिकारीले सहकारी संस्थाको जुनसुकै बखत निरीक्षण तथा हिसाब जाँच गर्न गराउन सक्ने व्यवस्था गरिएको छ । त्यसैगरी नेपाल राष्ट्र बैंकले जुनसुसकै बखत सहकारी बेंक वा तोकिएकोभन्दा बढी आर्थिक कारोबार गर्ने सहकारी संस्थाको हिसाब किताब वा वित्तीय कारोबार निरीक्षण वा जाँच गर्न, गराउन सक्ने उल्लेख छ । साथै कुनै सहकारी संस्थाको व्यावसायिक कारोबार सन्तोषजनक नभएको, सदस्यको हित विपरित काम भएको वा सो संस्थाको उद्देश्ज विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा पाँच प्रतिशत सदस्यले छानविनको लागि निवेदन दिएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो संस्थाको छानविन गर्न, गराउन सक्ने उल्लेख छ ।

रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीबाट कुनै सहकारी संस्थाको निरीक्षण नभएको वा त्यस्तो निरीक्षण प्रभावकारी नभएकाले सदस्यको हितमा प्रतिकुल असर परेको भनी कुनै स्रोतबाट जानकारी हुन आएमा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयले त्यस्तो सहकारी संस्थाको निरीक्षण तथा अनगुगमन गरी सम्बन्धीत सहकारी संस्थालाई आवश्यक निर्देशन दिन सक्ने व्यवस्था सहकारी ऐन २०७४ को दफा ९८ मा उल्लेख छ । साथै रजिष्ट्रारले आर्थिक बर्ष समाप्त भएको तीन महिनाभित्र सहकारी संस्थाको निरीक्षण सम्बन्धी बार्षिक प्रतिवेदन मन्त्रालयसमक्ष पेश गर्नुपर्ने र सहकारी बैंको निरीक्षण प्रतिवेदन नेपाल राष्ट्र बैंकलार्य उपलब्ध गराउनुपर्ने प्रावधान छ ।

सहकारी सङ्घले समेत संस्थाको निरीक्षण तथा अनुगमन गर्न सक्ने व्यवस्था छ । सङ्घले आफ्ना सदस्यले काम कारावाहीको तोकिए बमोजिम निरीक्षण तथा अनुगमन गरी सोको प्रतिवेदन विभाग वा कार्यालयलाई दिनुपर्ने ऐनको दफा ९९ मा उल्लेख छ । यसरी सङ्घले अनुगमन गर्दा आफू मातहतका कुनै संस्था वा सङ्घको काम कारबाहीमा कुनै त्रुटि फेला परेमा त्यस्तो त्रुटि सच्याँउन सम्बन्धित संस्था वा सङ्घलाई सुझाव वा निर्देशन दिन सक्ने उल्लेख छ । त्यस्तो सुझाव तथा निर्देशन पालना नभएमा भने रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी समक्ष कारबाहीको सिफारिश गर्नुपर्छ ।

## स्वनियम

साधारण सभा : सहकारी स्वनियमनमा सञ्चालन हुने संस्था हो । त्यसैले संस्थाको सर्वोच्च अङ्गको रूपमा साधारण सभा हुने व्यवस्था सहकारी ऐनमा नै उल्लेख छ । सहकारी संस्थाका सबै सदस्यहरू साधारण सभाका सदस्य हुने र नीति निर्माणमा सदस्यको प्रत्यक्ष संलग्नता रहने व्यवस्था रहेको छ । प्रारम्भिक, बार्षिक र विशेष साधारण सभाको व्यवस्था गरिएको छ । साधारण सभामा बार्षिक कार्यक्रम तथा बजेट, लेखा परीक्षण प्रतिवेदन,समितिहरूको निर्वाचन, विनियम तथा आन्तरिक कार्यविधि पारित गर्ने, लेखा परीक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने, एकीकरण तथा विघटन, पारिश्रमिक लगायतको सुविधा तोक्ने, बाह्य दायित्व स्वीकार गर्ने, सदस्यको दायित्व मिनाहा गर्ने, समितिलाई आवश्यक निर्देशन दिने कार्य हुने गर्दछ । साधारण सभाबाट पास गराएर मात्र संस्थाका सबै गतिविधि सञ्चालन हुने भएकाले यो स्वनियमनका एउटा बलियो आधार हो ।

सञ्चालक समिति : सहकारी संस्थामा साधारण सभाबाट निर्वाचित एक सञ्चालक समिति रहन्छ । त्यसमा एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा सञ्चालक तथा लेखा समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्दैन । यो समितिको काम भनेको सहकारीका मूल्य, मान्यता र सिद्धान्तबमोजिम सहकारी संस्था संचाल गर्ने, आर्थिक तथा प्रशासकीय कार्य गर्ने, गराउनेलगायतका जिम्मेवारी हुन्छ । गलत क्रियाकलाप गर्ने सञ्चालककलाई साधार सभाले बहुमतको निर्णबाट हटाउन सक्ने व्यवस्था छ । त्यसैगरी सञ्चालकको आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुन नहुने उल्लेख छ । यी स्वनियमाका उत्कृष्ट उदाहरण हुन् ।

लेखा सुपरिवेक्षण समिति : सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिएबमोजिमको योग्यता पुगेका संयोजक र दुइजना सदस्यहर रहेन गरी साधारण सभाले निर्वाचनबाट लेखा सुपरिवेक्षण समिति गठन गर्ने व्यवस्था छ । पत्येक चौमासिकमा सहकारी संस्थाका आन्तकिर लेखा परीक्षण गर्ने गराउने ,कारोबारको निरीक्षण तथा मूल्यांकन गर्ने, समितिका काम काराबाहीको नियमित सुपरिवेक्षण गर्ने, सुझाव दिने काम लेखा सुपरिवेक्षण समितिको हो । आफूले पटक पटक दिएका सुझाव कार्यन्वयन नभएको कारणबाट कुनै सहकारी संस्थाको हितमा प्रतिकूल असर परमो वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक रूपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक सङ्कटमा पर्न लागेकामा सोको कारण खुलाई विशेष साधारण सभा बोलाउन समिति समक्ष सिफारिस समेत यो समितिले गर्न सक्छ ।

सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन गर्ने निकायहरूः

यसरी हेर्दा सुपरिवेक्षण अनुगमन गर्ने निमायहरू निम्न रहने व्यवस्था छ ।

- सङ्घीय मन्त्रालय
- सहकारी विभाग
- प्रदेश सहकारी मन्त्रालय मातहतको महाशाखा
- स्थानीय तह मातहतको शाखा
- नेपाल राष्ट्र बैंक
- सहकारी सङ्घहरू
- बाह्य लेखा परिक्षक

छ. प्रभावकारी नियमनका लागि गर्नुपर्ने कार्यः

सहकारी दर्ता देखि विघटन वा खारेजी सम्मका कार्य प्रभावकारी बनाउन आवश्यक कानुन तर्जुमा वा संशोधन गर्ने,

संस्था दर्ता गर्दा प्रचलित कानुन व्यवस्थाको पूर्ण पालना गराउने, आवश्यक भौतिक पूर्वाधार र दक्ष जनशक्तिको उपलब्धता सुनिश्चित भएपछि मात्र दर्ता वा सञ्चालन अनुमति दिने ।

प्रभावकारी नियन्त्रण र संतुलन कायम हुने गरी संस्था दर्ता, निरीक्षण र अनुगमन सम्बन्धी कार्य छुट्टा छुट्टै शाखाबाट सम्पादन गराउने,

सहकारी सञ्चालनको लागि आवश्यक नमूना आन्तरिक विनियम, कार्यविधिको मस्यौदा नियामक निकायको वेभसाइटमा प्रकाशित गर्ने,

सहकारी संस्थाका पदाधिकारी र कर्मचारीको लागि नियमित प्रशिक्षणको व्यवस्था गर्ने,

## ट. सहकारी संस्था अनुगमन गर्दा केन्द्रित हुनुपर्ने विषयहरूः

**संस्थाको विनियम, आन्तरिक कार्यविधिको तर्जुमा, संशोधन र स्वीकृति सम्बन्धमा**

संस्थाको सदस्यता सम्बन्धमा,
साधारण सभा सम्बन्धमा
सञ्चालक समिति र लेखा सुपरिवेक्षण समिति सम्बन्धमा,
बचत तथा ऋण सम्बन्धमा,
शेयर पूँजि सम्बन्धमा,
कोष सम्बन्धी व्यवस्था,
लेखा तथा लेखा परीक्षण,
विविध,

**ठ. प्रभावकारी अनुगमनका लागि गर्नुपर्ने कार्यः**

वार्षिक कार्ययोजना बनाएर अनुगमन गर्ने

प्रभावकारी अनुगमनका लागि स्थलगत निरीक्षण, गैर स्थलगत सुपरिवेक्षण र ती दुबै प्रतिवेदनको कार्यन्वयन ईकाइ छुट्टा छुट्टै बनाउने,

एकै निकायबाट अनुगमन हुने व्यवस्था कार्यन्वयनमा ल्याउने र सो विषय आपसि समन्वयमा तय गर्ने,

नियमित प्रतिवेदन पेश नगर्ने र व्यवस्थापन सूचना प्रणालिमा आवद्ध नभएका संस्थाको अनुगमन प्राथमिकताका साथ गर्ने,

प्राप्त नियमित प्रतिवेदनको अध्ययन गरी गैर स्थलगत प्रतिवेदन तयार गर्ने,

विषयगत सङ्घले गरेको अनुगमन प्रतिवेदनको सिफारिस र सङ्घबाट अनुगमन नभएका संस्थाको प्राथमिकताका साथ अनुगमन गर्ने,

उच्च जोखिम रहेका संस्थामा निरन्तर अनुगमन गर्ने

**वित्तीय सहकारीहरूको व्यवस्थापनका असल अभ्यास**

**नेपालको सहकारी तथ्याङ्क २०७७ अनुसार**

- सहकारी संख्या : २९८८६
- सहकारीमा सदस्य : ७३ लाख भन्दा बढी
- जम्मा बचत परिचालन ४ खरब ७७ अरब भन्दा बढी
- रोजगारी सृजना संख्या ८८ हजार भन्दा बढी प्रत्यक्ष

बागमती प्रदेशमा स्थानीय तहमात्र कार्यक्षेत्र भएका सहकारी ७८०१

प्रदेश कार्यक्षेत्र भएका २६१७

सबैभन्दा बढी सहकारी संस भएको जिल्ला काठमाडौं २५११

सबैभन्दा कम सहकारी संस्था भएको जिल्ला रसुवा ८३

**सहकारी सम्बन्धी बुझाई**

- सहकारी संस्थाहरू समुदायमा आधारित साना संस्थाहरू हुन यी गैरनाफामुलक सेवाका लागि स्थापित संस्था हुन् । सानो तिनो बचतहरू परिचालन गर्छन ।
- कार्यालय व्यवस्थापन गरेका पनि हुन सक्छन् नगरेका पनि हुन सक्छन् ।
- साधारण सभामा उपस्थिति ५१% हुनै पर्छ । किनकि धेरै सदस्यहरू हुदैनन्।
- यी व्यावसायिक र अद्यावधिक संस्थाहरू होइनन् ।
- यिनिहरूसंग प्रविधि अवलम्बन गर्ने क्षमता हुँदैन ।
- यिनिहरू विश्वसनीय छैनन् । एउटा समुदाय भित्र मात्र सञ्चालनमा रहन्छन् त्यसैले यिनीहरूको कारोबार नगदमै गनरेको हुनुपर्छ र यिनीहरूको प्रविधिलाई विश्वास गर्न सकिन्न ।
- बैंक तथा वित्तीय संस्थाको आन्तरिक सञ्जालमा जोड्नु हुदैन यी विश्वसनीय छैनन् ।
- यी स्वनियमनकारी संस्था भएकाले यीनिहरूको प्रतिवेदनमा विस्वनियताको प्रश्न उठिरहन्छ ।
- यस्ता संस्थाहरूलाई सम्पत्ति शुद्धीकरणको ऐन विश्वसामु देखाउनलाई मात्र गरिन्छ । अनलाईन अनुगमन गर्नुपर्दैन ।
- एसटिआर टिटिआर शङ्कास्पद कारोबार प्रतिवेदन बुझाउन सक्दैनन् ।
- प्राविधिक क्षमता छैन । व्यवासायिक क्षमता छैन । विश्वसनीय छैनन् । दक्ष जनशक्ति छैनन् ।

**नेपालमा**

- सहकारीहरू बैंक बन्न थाले...
- सहकारी बैंक जस्तो हुनु हुन्न...

सहकारी मोडेल ???

वित्तीय सहकारी जस्ता :९०% भन्दा बढी

विषय केन्द्रित सहकारी मुस्किलले १०% (दुग्ध सहकारी समेत)

# सहकारी संस्थामा सुशासन प्रबर्धन सम्बन्धी इटहरी प्रतिबद्धतापत्र,२०७९

नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी व्यवस्थापन समितिको कार्यालयद्वारा मिति २०७९ माघ २७ गते इटहरीमा आयोजना गरिएको "सुशासनको प्रवर्धनमा सहकारी संस्थाको सञ्चालन र व्यवस्थापन" विषयक कार्यशाला गोष्ठीका प्रमुख अतिथि माननीय मन्त्री राजेन्द्र कुमार राईज्यूबाट समुद्घाटन भएको कार्यशाला गोष्ठीमा प्रदेश १ का उद्योग तथा सहकारी मन्त्रालय, प्रमुख जिल्ला अधिकारीहरु, प्रदेश १ का स्थानीय तहका प्रतिनिधिहरु, सहकारी अभियानको नेतृत्व तह र सञ्चारकर्मी समेतको सहभागितामा समितिका अध्यक्ष काशीराज दाहालज्यू र श्रीमान् सचिव डा. दामोदर रेग्मीज्यूको अध्यक्षतामा सञ्चालन भएको कार्यक्रममा विषय विज्ञहरूद्वारा विभिन्न कार्यपत्रहरूको प्रस्तुति र सहभागीहरूको छलफलद्वारा सहकारी सङ्घ संस्थामा सुशासनको प्रवर्धन गर्न सहभागीहरूद्वारा निम्न बिषयमा सामूहिक प्रतिवद्धता व्यक्त गरियो ।

१. सहकारीको माध्यमद्वारा गरिबी निवारण, रोजगारीको सिर्जना, उत्पादन वृद्धि, समुदायको सशक्तिकरणजस्ता क्रियाकलापमा तीनै तहका सरकारको सक्रिय भूमिका सुनिश्चित गर्न/गराउन पहल गर्ने,

२. समान प्रकृतिका सहकारी संस्थाहरूलाई एकीकरण गर्नेतर्फ आवश्यक कार्य गरी सहकारीका मूल्य, मान्यता र सिद्धान्तको व्यवहारिक अभ्यास गर्दै सहकारी संस्थामा सुशासनको प्रवर्धन गर्ने,

३. सहकारी ऐन, नियम र कार्यविधिको स्थानीयतहहरूले स्थानीय परिवेशलाई सम्बोधन गर्ने गरी सहकारी ऐन लागू गर्ने गराउनेतर्फ सक्रिय भूमिका निर्वाह गर्ने/गराउने,

४. सहकारीको साधारण सभा, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र शेयर सदस्यको भूमिकालाई प्रभावकारी बनाई सं/ संस्थामा पारदर्शीता र जवाफदेहिता संस्कृतिको विकास गर्ने,

५. सहकारी संस्थाले ऋण प्रवाह गर्दा ऋण परामर्शलाई प्रभावकारी बनाउने, ऋणको सुरक्षण हुने किसिमले धितो लिने र ऋणको भाखा नाघ्न नदिनका लागि पहल गर्ने,

६. सहकारी संस्थामा सुशासन प्रवर्धन गर्न नियमनकारी निकायहरूले नियमित र प्रभावकारी रूपमा अनुगमन र नियमन गर्ने साथै अभियानको तर्फबाट समेत सहकारी सङ्घ संस्थाहरूमा सुशासन प्रबर्धन गर्ने भूमिका निर्वाह गरी सहकारी संस्थामा दिगो सुशासन कायम गर्ने ।

७. सहकारी सङ्घसंस्थाहरु मार्फत सञ्चालन गरिने कार्यक्रम तथा पूँजिगत अनुदानमा दोहोरोपना नहुने गरी अन्तर तह समन्वय कायम गरिने, सहकारीका जिल्ला सङ्घ, प्रदेश सङ्घ र केन्द्रिय सङ्घबाट सञ्चालन हुने लागत र संरचनागत हिसाबले ठूला योजनाहरु सञ्चालनको लागि आवश्यक पूँजिगत अनुदान वितरण कार्यमा स्वीकृत नीतिअनुरूप समन्वय र सहकार्य गर्ने ।

८. सहकारीहरूलाई समस्याग्रस्त हुन नदिन आन्तरिक सुशासन प्रणालीमा सुधार गर्न पालना गर्नुपर्ने विषयहरूमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

९. सहकारी संस्थाहरूले प्रयोगमा ल्याएका असल अभ्यासहरूको प्रचार प्रसार र अनुसरणका कार्यमा प्रभावकारिता ल्याउने, सहकारी संस्थाहरूले आर्थिक, सामाजिक रूपान्तरणमा पुऱ्याएको सकारात्मक प्रभावको सन्देश प्रवाह गर्ने ।

१०. सहकारीका मूल्य, मान्यता, सिद्धान्त र सहकार्य कानुनको परिपालनालाई प्रभावकारी बनाई सिमित सहकारी संस्थाहरूमा देखिएको गलत प्रवृत्ति र विसङ्गति विरूद्ध सुशासन प्रवर्धनका लागि साझा प्रयास परिचालन गर्ने ।

११. सहकारीमा सुशासन प्रवर्धनका निश्चित बजेट विनियोजन स्थानीय पालिकाहरूले गर्ने साथै सहकारी सङ्घ/संस्थाको संस्थागत र व्यक्तिगत क्षमता अभिवृद्धिका निम्ति शिक्षा कोषको परिचालन र तीनै तहका सरकारको समन्वयमा तालिम, प्रशिक्षण, कार्यशाला गोष्ठी र अर्न्तक्रिया जस्ता कार्यक्रम नियमित रूपमा सञ्चालन गर्ने ।

२७ माघ २०७९
इटहरी, सुनसरी

# सहकारी सुशासनका लागि एकल सहकारी सदस्यता



**गोपीनाथ मैनाली**

सहकारीलाई व्यवस्थित गर्न र जनस्तरको आर्थिक-सामाजिक संरचनाका रूपमा संस्थागत गर्न प्रयासहरू हुदै आएतापनि ती प्रभावकारी भएनन् । जसले सहकारीप्रतिको जनविश्वासमाथि प्रश्न उठाएको छ । सहकारी सदस्य केन्द्रित समुदायिक व्यवसाय हो । सदस्यहरूको सक्रियता, समर्पण, व्यावसायिकता र सदाचारमा नै सहकारी आफ्नो व्यवसाय बन्दछ । अन्य व्यवसायभन्दा फरक भएकाले पनि सहकारीमा सदस्य र आचरण र योग्यतामा विशेष ध्यान दिने गरिन्छ । त्यस्ता योग्यता र व्यवस्थाले सहकारीलाई सहकारितामूलक व्यवसाय र जीवन पद्धति बनाउने सकिने पृष्ठभूमि ओवेनी समाजवाद र रोचडेली अग्रदर्शीहरूबाट दिएको पाइन्छ ।

नेपालको संविधान जारी भै सकेपछि सहकारी सम्बन्धी कानुनलाई एकीकरण र व्यवस्थित गर्न तर्जुमा गरिएको सहकारी ऐन, २०७४ ले गरेका खास प्रावधानमध्ये सदस्यता सम्बन्धी प्रावधान पनि एक हो । ऐनको दफा ३० अनुसार सोन्ह बर्ष पूरा भएको, संस्थाको कार्यक्षेत्रभित्र बसोबास गरिरहेका नेपाली नागरिक जो संस्थाको विनियममा उल्लिखित शर्त पूरा गर्छ, जिम्मेवारी पालन गर्छ र संस्थाले गरेको कारोवारसंग प्रतिस्पर्धा हुने कारोवार गर्दैन, सहकारी संस्थाको सदस्य हुनसक्छ । यी व्यवस्थाले सहकारी संस्थाको स्थानीयता, सदस्यको जिम्मेवारी र आचरणलाई महत्व दिइएको स्पष्ट छ ।

सहकारी भावना कायम गर्न र यसका मूल्य सिद्धान्तलाई संस्थागत गर्न दफा ३० को सदस्य प्रावधानलाई दफा ३२ ले विशेष व्यवस्था गरेको छ, जसअनुसार कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य बन्न पाउदैन । यो ऐन जारी हुनुभन्दा पूर्व कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य रहेको भए ऐन प्रारम्भ भएको तीन बर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कामय गर्नुपर्ने व्यवस्था छ । यो प्रावधान कृत्रिम व्यक्ति वा निकायका लागि पनि लागू हुन्छ तर सदस्यता छनौट गर्ने अवधि भने पाँच बर्ष रहेको छ । तर स्वास्थ्य र शिक्षा सहकारीको हकमा यो प्रावधान लागू हुनेछैन ।

सहकारी ऐनमा भएका प्रावधानले स्पष्टतः दुई कुराको संन्देश दिएको छ । पहिलो, सहकारी संस्थाको सदस्य संस्थाको कार्यक्षेत्रभित्र बसोवास गरेको नेपाली नागरिक हुनुपर्छ, व्यक्तिको वसोवास एक क्षेत्रमा मात्र हुन्छ भन्ने स्वतसिद्ध छ । दोस्रो, त्यस्तो संस्थाको सदस्य समान प्रकृतिको एक संस्थाको मात्र सदस्यता लिन पाउछ । अर्को यदि यसअघि एक प्रकृतिका एकभन्दा बढी संस्थाको सदस्यता लिएको छ भने त्यसलाई नियमित गरी सदस्यको इच्छाअनुरूप एक संस्थामा मात्र सदस्यता कायम गर्नुपर्ने विषय ऐनमा छ ।

सहकारी ऐन, २०७४ कार्यन्वयनमा आएको पाँच बर्ष नाघिसकेको छ । अव जिम्मेवार सदस्यहरूले आफ्नो इच्छा अनुरूपको संस्था छनौट गरी एकै प्रकृतिको एक संस्थामा मात्र आफ्नो सदस्यतालाई कायम गरी सहकारी संसथाको क्रियाकलापमा संलग्न भैसकेका छन् । किनकि ऐनले दिएको म्याद सकिएको छ । सहकारी समाजका आदर्श संस्था र यसका सदस्य समाजका आदर्श व्यक्ति भएकाले ऐनमा भएको प्रावधान कार्यन्वयन भैसकेको छ भन्ने स्वाभाविक अनुमान गर्न सकिन्छ । सामान्य नागरिक पनि राज्य इच्छा, उसैको सहमतिमा निर्धारण भएका साझा मूल्यका खिलापमा जादैनन्, जानु कानुनको उल्लङ्घन हो, कानुन उल्लङ्घन सजायको विषय हो । त्यसमा पनि सहकारीका सदस्यहरू संस्थामा आवद्ध हुनुअघि सहकारी शिक्षा लिन्छन्, सदस्य भैकेपछि स्वनियमन र स्वमय् अनुशासनमा

बस्दछन् । विधि र विधानको मान्यतामा सहकारी उदाहरणीय बन्नुको विकल्प छैन । सहकारीका विषयगत सङ्घहरू आफ्ना विषयक्षेत्रमा आवद्ध संस्थाका सदस्यहरूलाई कसरी उदाहरणीय बनाउने भन्नेमा अहोरात्र लाग्छन् भन्ने मान्यता छ ।

प्रश्न उठ्न सक्छ, एकल सदस्यको प्रावधान किन राखियो ? यसपछिको औचित्य के हो ? यसले सहकारी अभियानलाई कुन दिशामा निर्देश गर्दछ ? यी प्रावधानहरूले सहकारीका आधारभूत सिद्धान्तलाई आत्मसात गराउन कसरी सघाउँछन् ?

सहकारीका आधारभूत सिद्धान्तको सार स्वावलम्वन र आपसी मद्दतलाई संस्थागत गर्नु हो । सदस्यहरू आपसमा रहेर आपसी भावनालाई ख्याल गर्छन् र आपसी आवश्यता पूरा गर्छन् । त्यसैले सहकारी अन्य व्यवसायभन्दा भिन्न सामाजिक विशिष्ठताको व्यवसाय हो । ओवनी सिद्धान्त र रोचडेली मान्यताले यसैको पुष्टि गर्दछ । एक व्यक्ति समान प्रकृतिको धेरै व्यवसायमा संलग्न रहँदा स्वावलम्वन संस्कृति र सामुदायिक बन्धनका भावनाहरू दऱ्हा होइन, तरल बन्दछन् । साझा बन्धन कमजोर हुन्छ । यसले सहकारी व्यवसाय, सहकारी सेवा उपभोग र सहकारी अभिभारा बहन जस्ता सदस्यमूल्यलाई कमजोर बनाउँछ । धेरै संस्थाको सदस्य बनेमा सहकारीकर्मी नै बनाउन सकिदैन भन्ने अन्तराष्ट्रिय सहकारी महासङ्घको मान्यता पनि हो । त्यसैले सदस्य सिद्धान्तको प्रवलीकरणमार्फत सामूहिक भावना र सदस्य अभिभारा बहन गर्न एकल सदस्य प्रावधान आवश्यक भएको हो ।

दोस्रा, सहकारी संस्थाको व्यवासायीकरणका लागि पनि एकै प्रकृतिका एक संस्थाको आवश्यक हुन आउँछ । सदस्यहरू धेरै संस्थाको व्यवस्थामा संलग्न रहदा संस्थाको हित विस्तार गर्ने उत्पादन, बजारीकरण, गुणस्तर, क्षमता विकास जस्ता पक्षहरूमा ध्यान पुग्दैन । केवल सदस्य बनेर सहकारीको दायित्व पूरा हुँदैन । सहकारी जिम्मेवारी र व्यावसाकियताका लागि एक संस्था सदस्य प्रावधान आवश्यक भएको हो । तेस्रो, धेरै संस्थाको सदस्य हुँदा संस्थासंग गर्ने कारोवारमा सहकारी भावना नदेखिने संभावना प्रवल रहन्छ । एउटा संस्थाको कर्जा दायित्व निर्वाह नगरी अर्को संस्थामा कारोवार गर्न पुग्ने संभावना रहन्छ । नेपालका सहकारीमा यो प्रबृत्ति देखिदै आएको छ । कुनै व्यक्ति एउटा संस्थामा कारोवार गर्दा जति संस्थाप्रतिको निष्ठामा रहन्छ, धेरै संस्थामा रहदा निश्चयनै त्यसले सघनता पाउन सकिदैन । दोहोरो, तेहोरो सदस्यताले नक्कली कारोवारलाई पनि बढावा दिन सक्छ । किनकि सहकारीका सवै सदस्य सहकारी मूल्यप्रति समान प्रतिवद्धता नरहन सक्छन् । हाम्रोजस्तो सदस्य स्वनियमनमा नरहने र नियामक निकायको क्षमता कमजोर रहेको अवस्थामा एक संस्थामा मात्र सदस्य रहने  व्यवस्थाले कारोवारलाई स्वच्छ र शुद्ध बनाउन योगदान पुऱ्याउछ, कर्जा लिने तर समयमा चुक्ता नगर्ने प्रवृत्तिलाई पनि नियमित गर्छ ।

चौथो, सहकारी संस्थाको आन्तरिक सुशासनलाई बढावा दिन पनि सदस्यलाई एकमात्र संस्थामा सीमित गर्ने कानुनी व्यवस्था आवश्यक छ । एक संस्था भन्दा बढीमा सदस्य रहँदा ब्यक्तिले सदस्यको रूपमा पूरा गर्नपर्ने दायित्व र जिम्मेवारीबाट विषयान्तर भै संस्थामा सीमित सदस्यको बर्चस्व बढ्न जान्छ, संस्थाको नीति, रणनीति राम्रा बन्दैनन् । संस्था प्रजातान्त्रिक, पारदर्शी आचरण र जवाफदेहिता कमाजोर देखिन गै सुशासनको पक्ष ओझेलमा पर्छ । यस्तो नेपालका धेरै सहकारीमा देखिएको छ । संस्थाको निक्षेप व्यक्तिगत खातामा राख्ने, समितिमा जानकारी विना नै अनधिकृत कारोवारमा लगानी गर्नेजस्ता कारण आफ्नै व्यवसायबाट सदस्यहरू ठगिएका छन्, सहकारीको नाममा अर्कै व्यवसाय गरिरहेको पनि देखिएको छ । सदस्य गुनासा आमसञ्चार माध्यमले मात्र होइन, सहकारी सम्बन्धी प्रतिवेदनले पनि उजागर गरेको छ ।

पाँचौं, एकै व्यक्ति धेरै संस्थामा सदस्य बन्दा सहकारी सम्बन्धी जानकारी र तथ्यहरू बास्तविक बनिरहेका छैनन् । मुलुकमा कूल सदस्य कति छन्, व्यवसाय कसरी सञ्चालित छ, कारोवारको स्थिति कस्तो छ ? त्यो पहिचान भएपछि समाज, अर्थतन्त्र र सेवा व्यवस्थापनमा सहकारीको योगदान बढाउने गरी नीति-कार्यक्रममा संवोधनका लागि पृष्ठपोषण गर्न सकिन्छ । अहिले सहकारीभित्रका खुद सदस्य, अर्थतन्त्रमा योगदान कति छ भन्ने बस्तुगत आधार स्थापना भएको छैन ।

सातौं, र सवैभन्दा महत्वपूर्ण पक्ष भनेको सहकारी व्यवसायको सामुदायीकरणका लागि व्यक्तिलाई एक संस्थामा सीमित गर्न खोजिएको हो । सहकारी सामुदायिक व्यवसाय हो, खास समुदायका विशिष्ठ अवस्थालाई संवोधन गर्न सदस्यमा निहित संभावना र क्षमताको उपयोग गरी व्यवसायको सामुदयीकरण गर्ने भावना रहेको देखिन्छ । साथै संस्थामा सञ्चालक र व्यवस्थापक एकै व्यक्ति रहन नहुने व्यवस्था राखी कार्यकारी र नीति भूमिका छुट्याई नियन्त्रण र जवाफदेहितालाई मजबूत बनाउन खोजिएको छ । संविधानले राखेको उद्देश्य पूरा गर्न कानुनले सदस्य र संरचनाका विषयमा राखेका प्रावधानले व्यवसायको सामुदायीकारण र स्वावलम्वन संस्कृति विकासमा केन्द्रित छन् ।


यसर्थ दोहोरो-तेहोरो सदस्यता नियमित गरी सदस्यलाई एक संस्थामा सीमित गर्दा विपर्यस्त हितबाट संरक्षण हुन्छ, अनिच्छित क्रियाकलाप नियन्त्रित हुन्छन्, कृतिम कारोवार नियन्त्रित हुन्छन्, सहकारी व्यवसाय सामुदायीकृत हुन्छ, सदस्य हित विस्तार हुन्छ, लुकेको कार्यसूचि अन्त भै सहकारीमा सुशासन कायम गर्न सघाउ पुग्छ । सहकारी ऐन तर्जुमाका समयमा पनि यिनै आधारमा एक प्रकृतिको एक संस्थाभन्दा बढी संस्थामा सदस्य बन्न नपाउने र कार्यकारी र नीति भूमिका छुट्याउने विषयले महत्व पाएको थियो, जसलाई स्वयम् सहकारी अभियानले नै प्राथमिकतामा राखेका थिए ।

# बागमती प्रदेशमा सहकारी अभियानको अवस्था

## सुशासनका लागि भएका प्रयास



**बलराम निरौला**
प्रदेश सचिव, भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय, बागमती प्रदेश



बागमती प्रदेश सबैभन्दा बढी सहकारी सङ्घ/संस्था भएको प्रदेश हो । यहाँ कुल सहकारीको ३८.७ प्रतिशत संस्था रहेका छन् । ११ हजारभन्दा बढी सहकारी सङ्घ/संस्था बागमती प्रदेशमा रहेकाले पनि प्राभवकारी नियमनमा केही जटिलता देखिनु स्वभाविक हो । बागमती प्रदेशले नियमन गर्ने संस्था भने २८६१ मात्र हो । अन्य संस्था बागमती प्रदेशमा रहेका काठमाडौं, ललितपुर र भरतपुर गरी तीनवटा महानगरपालिका, हेटौडा उपमहानगरपालिका, ४१ वटा नगरपालिका, ७४ वटा गाउँपालिका गरी कुल ११९ स्थानीय तह कार्यक्षेत्रभित्र पर्दछन् । यस प्रदेशमा रहेका कतिपय संस्था सङ्घीय सहकारी विभाग अन्तर्गत पनि छन् । बागमती प्रदेशलाई डिभिजन सहकारी कार्यालयबाट २५५१ वटा फाइल हस्तान्तरण भए । प्रदेशले ३१० वटा नयाँ सहकारी दर्ता गरेको छ । अनुगमनलाई प्रभावकारी बनाउन प्रदेशले विविध कार्य गर्दै आइरहेको छ ।

| बागमती प्रदेशका सहकारी सङ्घसंस्था | संख्या | प्रतिशत |
|---|---|---|
| सहकारी सङ्घ संस्था | ११५७७ | ३८.७ |

| | | |
|---|---|---|
| सञ्चालक | ७७,९३७ | ३१.५ |
| महिला सञ्चालक | २९५४२ | ३८ प्रतिशत |
| पुरूष सञ्चालक | ४८,३९५ | ६२ प्रतिशत |
| सदस्य | २३७४९४९ | ३२.५ |
| महिला सदस्य | ११,६३,७२८ | ४९ |
| पुरूष सदस्य | १२११२२१ | ५१ |
| कर्मचारी | ४३२७१ | ४९ |
| महिला कर्मचारी | १९९०५ | ४६ |
| पुरूष कर्मचारी | २३ ३६६ | ५४ |

प्रदेशबाट नियमन हुने सघ संस्थाको संख्या : २८६१ (साविक २५५१, प्रदेशबाट दर्ता ३१०)

| | | |
|---|---|---|
| शेयर पूँजी | ६३०५०४ लाख | ६७ |
| बचत | ३१५४५३३ लाख | ६६ |
| ऋण लगानी | २३८७०६९ | ५६ |

सहकारीमा सुशासन पहिलो प्राथमिकता हो । सहकारी स्वनियमन र सुशासनमा सञ्चालन हुने व्यवसाय हो । ऐन नियम र विनियमले तोक बमोजिम कार्य गरेको खण्डमा सहकारीमा सुशासन कायम हुन्छ ।

## सहकारीमा सुशासन र पारदर्शीताका सुचकहरू

- लेखापरीक्षण, साधारण सभा र सोको जानकारी नियामक निकायलाई गर्ने
- सञ्चालक र लेखा सुपरिवेक्षण समितिको निर्वाचनका जानकारी गराउने
- सञ्चालकहरूको फोटो र तीन पुस्ते सहितको विवरण
- समितिको पदाधिकारीहरूको संस्थासँगको कारोबारको अवस्था ।
- सञ्चालकहरूले संस्थाबाट उपभोग गरिरहेको वित्तीय तथा अन्य सुविधाहरू र निर्णय प्रक्रिया
- संस्थाको साइनबोर्ड
- आन्तरिक र बाह्य लेखापरीक्षणकहरूका मुल कैफियतहरू
- ऋण तथा बचतको ब्याजदर परिवर्तन भएको सूचना
- सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानुनको पालना
- सदस्य वडापत्र, सूचना पाटी, उजुरी तथा गुनासो पेटिका, वित्तीय सूचना पाटी, इलेक्ट्रिक बोर्डलगायतको व्यवस्था
- प्रगति प्रतिवेदनहरू, वासलात, संस्थाको विनियम, नीति तथा निर्णयहरूको जानकारी
- सदस्यहरू तथा सरोकारवालाहरूले संस्थाका हरेक गतिविधिहरूको जानकारी सहज रूपमा पाउने व्यवस्था
- सदस्य, सञ्चालक तथा कर्मचारीहरूबाट संस्थाको नीति, नियम र आचार संहिताको पालना
- समितिका सबै पदाधिकारीहरू सक्रिय, स्वउत्तरदायी, निर्णय प्रकियामा सहभागी, निर्णयप्रति प्रतिवद्ध र संस्थाका हरेक गतिविधिमा सहभागी हुने गरेको
- सञ्चालक समितिको वनावट समावेशी प्रकृतिको भएको
- लेखा सुपरिवेक्षण समितिले चौमासिक रूपमा प्रतिवेदन तथा वार्षिक प्रतिवेदन तयार गरी पृष्ठपोषण दिने गरेको, नगरेको । अदि ।।

## सहकारीमा आन्तरिक नियन्त्रण प्रणाली

सहकारीको सुन्दर पक्ष भनेकै यसको आन्तरिक नियन्त्रण प्रणाली हो । सहकारीमा लेखा सुपरिवेक्षण समिति हुन्छ । जसले नियमित रूपमा सहकारीका चेकजाँच गरिरहन्छ र सञ्चालक समितिलाई सुझाव दिने काम गर्दछ । लेखा सुपरिवेक्षण समितिलाई आवश्यकता परेको खण्डमा विशेष साधारण सभा समेत बोलाउन सक्ने अधिकार छ । त्यसैगरी सहकारीको सर्वोच्च निकाय भनेका साधारण सभा हो । यसबाट पास गरेर मात्र सहकारीले आन्तरिक गतिविधि सञ्चालन गर्नुपर्छ । नियमित रूपमा हिसाब किताब साधारण सभामा प्रस्तुत गर्नुपर्छ । कार्यविधि, नीति नियम यहिबाट पास भएर लागु हुन्छ । सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, कर्मचारी, उपसमितिहरूको आ आफ्नो भूमिका हुने गर्दछ । यसलाई प्रभावकारी रूपमा कार्यन्वयन गरेको खण्डमा यो स्वनियमनमा सञ्चालन हुन्छ ।

- सहकारीमा साधारण सभाको महत्वपूर्ण भूमिका हुन्छ,
- वार्षिक कार्यक्रम तथा वजेट स्वीकृत गर्ने,
- वार्षिक लेखापरीक्षण प्रतिवेदन अनुमोदन गर्ने,
- समितिहरूको गठन र विघटन गर्ने,
- सञ्चालकहरूलाई पदबाट हटाउने,
- समितिहरूको वार्षिक प्रतिवेदन पारित गर्ने,
- विनियम तथा आन्तरिक कार्यविधि पारित गर्ने,
- लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने,
- संस्था एकीकरण र विघटन सम्वन्धी निर्णय गर्ने,
- पारिश्रमिक लगायतका सुविधाशरू तोक्ने,
- वाह्य दायित्व स्वीकार गर्ने,
- सदस्यको दायित्व मिनाहा गर्ने,
- समितिलाई आवश्यक निर्देशन दिने,
- विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने,
- सञ्चालक समितिको भूमिका,
- योजना, वार्षिक कार्यक्रम कार्य योजना र वजेट तयारी गर्ने,
- कार्यक्रम साधारण सभाबाट पारित गराई कार्यन्वयन गर्ने,
- आर्थिक तथा प्रशासनिक नियमावली तयार गर्ने र साधारण सभाबाट पास गराई कार्यन्वयन गर्ने,
- संस्थाको व्यवसायिक कियाकलाप सञ्चालन गर्ने,
- कार्यक्रमको निरीक्षण, अनुगमन र मूल्याङ्कन गर्ने,
- संस्थाको सदस्यता वितरण गर्ने,

- संस्थाको पूँजि वृद्धि, आय वृद्धि र खर्चमा कटौती गर्ने,
- कर्मचारी, कार्यालय र अभिलेख व्यवस्थापन गर्ने,
- विनियम संशोधनको औचित्य सहित प्रस्ताव तयारी गर्ने,
- सञ्चालक समितिको निर्वाचनको व्यवस्था गर्ने,
- संस्थाको सम्पत्ति खरीद, बिक्री ,सुरक्षा र परिचालन गर्ने,
- समिति भित्र, उपसमिति र व्यवस्थापकलाई अधिकार र जिम्मेवारी प्रत्यायोजन गर्ने,
- संस्थाको हितमा कानुनी उपचार खोज्ने,
- सदस्यलाई आवश्यक शिक्षा र तालीम सञ्चालन गर्ने,
- समयमै लेखापरीक्षण गराई सो को प्रतिवेदन साधारण सभामा पेश गर्ने,
- अन्य निकायसंग सम्पर्क र समन्वय गर्ने । आदि ॥

## लेखा सुपरिवेक्षण समितिको भूमिका

- प्रत्येक चौमासिकमा आन्तरिक लेखापरीक्षण गर्ने,
- लेखापरीक्षणका सिद्धान्तहरू पालना गर्ने, गराउने,
- वित्तीय करोवारको निरीक्षण तथा मूल्याङ्कन गर्ने, गराउने
- सञ्चालक समितिको कामको नियमित रूपमा, सुपरिवेक्षण गरी आवश्यक सुझाव दिने,
- साधारण सभा र सञ्चालक समितका निर्णयहरू कार्यन्वयन भए नभएको हेर्ने,
- साधारण सभामा प्रतिवेदन पेश गर्ने,
- आफूले दिएका सुझावहरू कार्यन्वयन नभएमा र संस्थालाई हानी नोक्सानी देखिने अवस्था भएमा विशेष साधारण सभा बोलाउन लगाई प्रतिवेदन पेश गर्ने,
- आवश्यक परेमा लेखपरीक्षक नियुक्तिका लागि ३ जना लेख परीक्षकको नाम सञ्चालक समितिमा सिफारिश गर्ने,

## सुशासनका लागि अनुगमन

अनुगमनका लागि पर्ल्सका सूचकलाई समेत ध्यानमा राखेर प्रदेशले आफ्नो छुट्टै फमुला समेत तयार गरेको छ । जसको व्याख्या यस्तो छ । संस्था सदस्य केन्द्रित भएर सञ्चालन भएको छ कि छैन भन्ने विषयलाई समेत प्रदेशले अनुगमन गर्दा ध्यान दिन्छ । बचत तथा ऋणको परिचालनको अवस्था, कानुनको पालनाको अवस्था, व्यवस्थापकीय अवस्था, समन्वयको अवस्था, कार्यविधी अनुसार संस्था सञ्चालन गरेको छ कि छैन ?, जवफादेहिता र पारदर्शितालाई समेत हेरेर अनुगमन गर्ने यसको नीतिगत व्यवस्था छ । यसरी अनुगमन गर्दा कुनै सङ्घ/संस्थाले ३० प्रतिशत भन्दा कम अंक ल्यायो भने त्यो कमजोर मानिन्छ । ५० प्रतिशतसम्मको लागि सामान्य अवस्थामा रहेको छ भन्ने जनाउँछ । ५१ देखि ७५ प्रतिशत सम्म अंक ल्याएको खण्डमा उत्तम मानिन्छ भने त्योभन्दा बढी अंक ल्याउनलाई अतिउत्तममा समावेश गरिन्छ ।

| MoLMCPA | |
|---|---|
| Mo | Mobilization of Saving and Credit |
| L | Legal Obligation |
| M | Management |
| C | Coordination |
| P | Policy and Planning |
| A | Accountability and Transparency |

| MCI - Member Centered Indicators<br>संस्थापकीय सरोकार, सञ्चालकीय सक्रियता, संरक्षकीय सम्बन्ध । | |
|---|---|
| सूचकको व्याख्या | |
| ३० प्रतिशतभन्दा मुनि | कमजोर |
| ३१ देखि ५० प्रतिशतसम्म | सामान्य |
| ५१ देखि ७५ प्रतिशतसम्म | उत्तम |
| ७६ प्रतिशत भन्दा माथि | अत्युत्तम |

## सुशासनका लागि अन्य प्रयासहरू

स्थानीय तहका सहकारी शाखामा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि कार्यक्रम

तथ्याङ्क संकलन, प्रशोधन र अद्यावधिक गर्ने कार्यक्रम

प्रदेश सहकारी नियमावलीमा समयसापेक्ष संशोधन

प्रतिवेदन प्रणालीलाई व्यवस्थित बनाउने कार्यक्रम

काठमाडौं उपत्यकामा प्रदेश सहकारी इकाई कार्यालय स्थापना प्रक्रिया

अनुगमनमा सहकारी सङ्घहरूलाई जिम्मेवार बनाउने नीति

शिक्षा तालिम सूचना तथा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन

दण्ड जरिवाना सम्वन्धी व्यवस्थाको कार्यन्वयन,

# सहकारी सङ्घ/संस्था असल र खराव छुटाउने सूत्र

- ऋण लगानी गर्दा असल सम्पत्ति धितो लिएको छ/छैन
- ऋण लगानी गर्दा धितो सञ्चालक वा कर्मचारीको नाममा पास गर्ने गरेको छ/छैन,
- संस्थाले लगानी गरेको ऋणको मासिक रूपमा वर्गिकरण गरी विश्लेषण गर्ने गरेको छ/छैन,
- भाखा नाघेको ऋणहरूको लागि कति रकम सुरक्षण कोषमा राख्नु पर्छ भन्ने तथ्याङ्क जानकारी छ/छैन,
- बचतको रकमलाई ऋणमा परिचालन नगरी सम्पत्ति खरिद गर्ने सहकारी आफैले व्यवसाय गरेको छ/छैन,
- सहकारीको मासिक वित्तीय स्वास्थ्य परीक्षण गर्ने गरेको छ/छैन,
- जगेडा कोष र घाटापूर्ति कोष जोडेर आउने अंकको छण% भन्दा बढी रकमको स्थिर सम्पत्ति छ/छैन,
- एक सदस्यलाई ऋण लगानी गर्दा शेयर पूँजि र जगेडा कोषको जोडको ज्ञण% भन्दा बढी छ/छैन,
- सञ्चालक समिति र लेखा समितिको जम्मा संख्या द्धढ% भन्दा बढी व्यक्तिले ऋण लिएको छ/छैन,
- सञ्चालक समिति, उप समिति, कर्मचारी र एकाघरको व्यक्तिले लिएको ऋण भाखा नाघेको वा नाघ्न सुरू गरेको छ/छैन,
- प्रत्येक असोज मसान्तभित्र लेखापरीक्षण सम्पन्न भएको छ/छैन,
- पेश्की रकमहरू समयमै फस्यौट भएको छ/छैन,
- साधारण सभा ढिलोमा पुस महिना भित्र सम्पन्न गरेको छ/छैन,
- विषयगत सहकारीले श्रोतको व्यवस्थापन उचित तरिकाबाट गरेको छ/छैन,
- भाखा नाघेको ऋणहरूको सुरक्षण नगरी लाभाशं बाड्ने गरेको छ/छैन,
- कर्मचारीहरू छिटो छिटो संस्था छाडेर जाने गरेको छ/छैन
- कर्मचारीहरूलाई कमिशन दिएर बचत रकम उठाउन लगाउने गरेको छ/छैन,
- समानान्तर संस्थामा बचत राख्ने र स्वीकार गर्ने गरेको छ/छैन,
- जुन सुकै कर्मचारीले जुनसुकै बेला सफ्टवयरमा एडिट गर्न वा व्याक डेटमा गएर कारोबार गर्ने गरेको छ/छैन,
- संस्था सञ्चालनको लागि न्यूनतम लिनुपर्ने तालिमहरू लिएको छ/छैन,
- विषयगत संस्थाहरू र सहकारी वैंकको सदस्यता लिएको छ/छैन,
- कोपोमिस, गोसएमएल कार्यन्वयन गरेको छ/छैन,
- आधारभूत नीतिहरू (निर्देशिका) तयार गरेको छ/छैन,
- सदस्यहरू सँग नियमित भेटघाट गर्ने शिक्षा मूलक कार्यक्रमहरू आयोजना गर्ने गरेको छ/छैन,
- मासिक वित्तीय विवरणहरू तयार गरेको छ/छैन,
- कारोबारी सदस्य जस्ता नाममा सदस्यलाई वर्गीकरण गरेको छ/छैन,
- व्याजदरहरू निर्धारण गर्दा वजारमा चलिरहेको दर र सन्दर्भ व्याजदरलाई आधार बनाएको छ/छैन
- नियामक निकायमा बुझाउनु पर्ने प्रतिवेदनहरू नियमित बुझाउने गरेको छ/छैन,
- निर्देशिका अनुसार काम कारवाही गरेको छ/छैन
- अत्याधिक मात्रामा घर जग्गा खरिद गरेको छ/छैन,
- गैर बैंकिङ्ग सम्पत्तिहरू सञ्चालक वा कर्मचारी वा कुनै व्यक्तिको नाममा छ/छैन,
- अत्याधिक नगद राख्ने गरेको छ/छैन,
- नगद भल्ट व्यवस्था छ/छैन
- नियमित मासिक विवरण सदस्यहरूमा सार्वजानिक गरेको छ/छैन,
- अग्रिम करहरू नियमानुसार बुझाएको छ/छैन,
- तीन किस्तामा आयकर बुझाएको छ/छैन
- विनियममा तोकिएका बाहेक व्यवसाय सञ्चालन गरेको छ/छैन,
- नियमित आन्तरिक लेखापरीक्षण गरी सञ्चालक समितिमा छलफल गर्ने गरेको छ/छैन ।

# सहकारी क्षेत्रमा पहिचानको सङ्कट

सहकारीहरूले सदस्यहरूलाई वित्तीय एवम् गैरवित्तीय सेवा प्रवाह गरी समुदायको अभिन्न अङ्गको रूपमा आफुलाई स्थापित गर्दै लगेका छन् ।



**डा. शिवजी सापकोटा**
सहकारी विज्ञ

सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा समन्वयमार्फत तीव्र आर्थिक वृद्धि हासिल गर्दै राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील वनाउँदै समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने उद्देश्य नेपालको संविधानले लिएको छ । नेपाल सरकारको पन्ध्रौं योजनाले पनि सहकारी क्षेत्रलाई प्राथमिकतामा राखि आर्थिक समृद्धि र सामाजिक रूपान्तरणका लागि गुणात्मक एवम् दिगो सहकारिता सोचका साथ रणनीति तथा कार्यनीतिहरू तर्जुमा गरेको छ ।

वि.सं. २०४६ को राज्य व्यवस्थामा ल्याइएको परिवर्तन पछि जारी गरिएको सहकारी ऐन २०४८ विशेष गरी सहकारीको प्रवर्धन र विकासमा केन्द्रित रह्यो जसले ३४ हजार भन्दा बढी सहकारीहरू सङ्गठीत हुने आधार तयार गर्‍यो भने २०७४ को ऐन वित्तीय कारोबारमा केन्द्रित सहकारीहरूको व्यवस्थापनमा जोड दिने गरी बन्यो । यिनै बीचमा संख्यात्मक रूपमा उल्लेख्य सहकारीहरू अस्तित्वमा आउनु र व्यक्तिको वित्तीय पहुँचलाई सहज बनाउनु सहकारी क्षेत्रको विभिन्न चरणको उपलब्धी मान्न सकिन्छ । समुदायमा सङ्गठीत हुनु, व्यक्तिहरूका आफ्ना आकांक्षाहरूलाई पूरा गर्ने थलोका रूपमा सहकारीमा संलग्न हुनु, नेतृत्व विकास र हक अधिकारका विषयहरू समुदायमा उठ्नुले व्यक्तिको जीवनपद्धतिका रूपमा सहकारी जोडिएको छ । यिनै सहकारीहरूले सदस्यहरूलाई वित्तीय एवम् गैरवित्तीय सेवा प्रवाह गरी समुदायको अभिन्न अंगको रूपमा आफुलाई स्थापित गर्दै लगेकाछन् ।

विश्वव्यापी विकासका दृष्टिकोणले हेर्ने हो भने समुदायमा वित्तीय पहुँच अभिबृद्धि, गरिबी न्यूनिकरण, महिला सशक्तिकरण, रोजगारी सिर्जना, समावेशी आर्थिक विकासमा गरेका अनेकौं उपलब्धीहरूलगायत सहकारी क्षेत्रलाई विशेषगरी संस्थागत दिगो सञ्चालनका लागि एशियाली क्षेत्रमा नभई विश्व सञ्जालमा समेत जोडिएर सहकारिताको असल अभ्यास स्थानान्तरण गर्न नेपालले लिएको अग्रसरतालाई उल्लेख्य मान्न सकिन्छ ।

सन् १८४४ मा बेलायतका रोचडेल सोसाइटीमार्फत शुरूवात गरिएको सहकारीताको अभ्यासपछि समुदायको वृहत्तर हितमा रहेको मोडेलको रूपमा उच्चतम प्रचार प्रसार र अनुशरण हुँदै हाल विश्वका अधिकांश मुलुकहरूमा गरी ३० लाखको संख्यामा सहकारिताको संस्थागत विकास भई

सकेकोछ । सहकारीका सात सिद्धान्तहरूमा आधारित रही सञ्चालन हुने सदस्य र समुदायकेन्द्रित उद्यम विश्वको एक उत्कृष्ट मोडेलको उद्यमका रूपमा लिइन्छ ।

यसरी बिश्वव्यापी सिद्धान्तहरूमा आधारित रही स्थापित र सञ्चालित सङ्गठनहरूलाई अझ बढी मजबुत र दिगो बनाउनका लागि विश्व स्तरमा संयुक्त राष्ट्र सङ्घले अन्तराष्ट्रिय सहकारी बर्ष २०१२ मनाएको, अन्तराष्ट्रिय सहकारी महासङ्घले २०१०(२०२० लाई सहकारी दशक पहिलो र २०२०(२०३० लाई सहकारी दशक दोश्रो भनी विषय उजागर गर्ने र सहकारी क्षेत्रको उच्च पहिचानलाई कायम गराउन केन्द्रित रहेको पाइन्छ ।

विश्वमा सहकारीको संस्थागत संरचना र सञ्चालनमा विचलन देखिन थालेपछि सन् २०१० देखि २०२० सम्मलाई सहकारीको पहिलो रणनीतिक दशकका रूपमा स्थापित गरी देहायका विषयहरूमा जोड दिएको थियो ।

## पहिलो रणनीतिक दशक २०१०–२०२०

### क) सहभागिताः

सहकारीमार्फत् दिगो आर्थिक विकासको परिकल्पना, विश्वपरिदृश्य भएका कारण समुदायका सबै व्यक्तिहरू सहकारीमा जोडिनु र सहकारीका सेवाहरू उपभोग गर्न यस रणनीतिले आव्हान गरेको थियो ।

### ख) पूँजिबृद्धिः

सहकारी क्षेत्र सक्षम र सबल बन्नका लागि विभिन्न किसिमका पूँजि निर्माण गरी समुदायको आवश्यकता अनुसारका उत्पादन तथा सेवा दिनका लागि आफ्ना क्रियाकलापहरू केन्द्रित बनाउन तर्फ लाग्न आव्हान गरेको थियो ।

### ग) कानुनी संरचनाः

सहकारी क्षेत्र विस्तार र विकासका लागि आवश्यक मौजुदा कानुनहरूको परिमार्जन र नयाँ कानुनहरूको निर्माण गरी सहकारीलाई प्रवर्धन हुने अवस्थाको सुनिश्चितता गर्न आव्हान गरेको थियो ।

### घ) दिगोपनाः

सहकारी क्षेत्र अनन्त कालसम्म सञ्चालन हुने र समुदायमा अन्य क्षेत्रहरूसँग प्रतिस्पर्धा गरी विश्वव्यापी छविलाई स्थापित गर्न आव्हान गरेको थियो ।

### ङ) पहिचानः

सहकारी क्षेत्र एक फरक क्षेत्र हो, यसको सञ्चालन व्यवस्थापनमा विश्वव्यापी सिद्धान्त, मूल्य मान्यताहरूछन् यीनै मूल्य मान्यता र सिद्धान्तहरूका कारणले अन्य उद्यम भन्दा फरक छ र यो नै सहकारी क्षेत्रको पहिचान हो यसको प्रवर्धनका लागि आव्हान गरेको थियो ।

यस रणनीतिक दशकका विभिन्न मापनयोग्य लक्ष्य र सूचकहरूका प्राप्ति पश्चात् सन् २०१७ मा मलेशियाको क्वालालम्पुरमा सम्पन्न अन्तराष्ट्रिय सहकारी महासङ्घको साधारण सभाले सञ्चालक समितिलाई सहकारीको विश्वव्यापी रणनीतिक दशक तयार गर्न दिएको अधिकारबमोजिम जनवरी २०२० मा जारी सहकारीको रणनीतिक दशक दोश्रोले देहायका विषयहरूमा जोड दिएकोछ ।

## दोश्रो रणनीतिक दशक २०२०(२०३०

### क) पहिचानः

सहकारी क्षेत्र एक फरक क्षेत्रको रूपमा शताब्दीऔं देखिको मान्यता कायम राख्दै जाने र देशका विभिन्न नियम कानुनहरूले सहकारी क्षेत्रलाई फरक क्षेत्रको रूपमा अङ्गीकार गर्ने वातावरण तयार गर्ने ।

### ख) सहकारी अभियानः

सहकारी क्षेत्रको विस्तार र विकास गर्न अधिकतम व्यक्तिहरूको अपनत्व महसुस गराउन, आवद्धता र सञ्जाललाई प्रभावकारी बनाउन सम्बद्ध सबै निकायहरूलाई क्रियाशील बनाउने ।

### ग) समन्वयः

सहकारी सहकारी र सरोकारवाला निकायहरू वीच समन्वय स्थापित गरी सहकारी क्षेत्रको विकास गर्ने ।

### घ) दिगो विकासका लागि सहयोगः

विश्वव्यापी सवाल दिगो विकासलाई सबै क्षेत्रबाट सहयोग गरी मानव जीवनका व्याप्त समस्याहरूलाई निराकरण गर्न हातेमालो गर्ने ।

यसरी अन्तराष्ट्रिय सहकारी महासङ्घले पहिलो र दोश्रो रणनीतिक दशकमार्फत् सहकारी क्षेत्रको पहिचानलाई कायम गराउन खोजेकोछ । वास्तवमा विश्वमा सहकारी क्षेत्रलाई फरक तरिकाबाट राज्यले, सरोकारवाला निकायले र समुदायले लिने गरेको छ । दुई नै दशकको रणनीति भित्र परेको पहिचान भन्ने विषय नेपालमा भने विस्तारै विर्सदै जान लागिएको महसुल आम नेपालीहरूले गरेको पाइन्छ । सहकारीहरू नाफाका

लागि काम गर्दैनन्, दान दिनका लागि काम गर्दैनन् यी त समुदायमा सेवा दिनका लागि स्थापित हुन्छन् भन्ने मूलमर्मलाई विर्सन लागिएको छ । हालैका दिनहरूमा सहकारी क्षेत्रमा यी विषयहरू देखिन थालेका छन् जुन सहकारी सिद्धान्त, मूल्य र मान्यता भन्दा बाहिर मानिन्छ ।

## विशेष गरी सहकारीमा सङ्कट आउनुको कारण

१) सहकारी क्षेत्रमा देखिएको समस्याको मूल कारण "सदस्य" शब्दको सङ्कट । बजार, शेयरधनी वा ऋणी जस्ता नामले सम्बोधन हुनु ।

२) सहकारीहरू सदस्यहरूमा गई बचत संकलन गर्दैनन् उनीहरू मार्केटमा कलेक्शनको लागि जान्छन् । यस्तो बुझाई र शब्दहरूले प्रधानता पाउनु ।

३) संस्थाको बृद्धि र विकासका लागि रणनीतिक योजना बनाउँदैनन्, व्यावसायिक योजना र नाफाको योजना बनाउँछन् । कसरी के गरी हुन्छ कति नाफा कमाउने, यसमा तल्लीन हुनु ।

४) संस्थाको दिगो व्यवस्थापनका लागि होइन निश्चित नाफा आर्जनका लागि लक्ष्य दिएर तलब निर्धारण गरी सिइओ नियुक्त गर्नु ।

५) वित्तीय कारोबार गर्ने सहकारी संस्थाको अन्तर्राष्ट्रिय मापदण्डबारे जानकार नुहुनु, भएमा पनि त्यो सीमा भित्र बस्न नचाहनु ।

६) सहकारी क्षेत्र, नाफाका लागि होईन, दान दिनका लागि होइन, यिनीहरू सदस्य र समुदायलाई सेवा दिनका लागि हुन् भन्ने मर्म सञ्चालक र व्यवस्थापनले अन्तर्बोध गर्न नसक्नु

७) सहकारीका सात सिद्धान्तलाई आफ्नो सीमारेखा वा जवाफदेहीता नठान्नु ।

### क) सदस्यः

सहकारी सदस्यमा आधारित सङ्गठन हुन, उनीहरूको आर्थिक सहभागितामा उद्यम सञ्चालन हुन्छ र बचतमा प्रतिफल प्राप्त गर्छन । हालैका दिनहरूमा सदस्यको बचत प्रबर्धन गर्नुको सट्टा सहकारीले बजार प्रतिनिधिहरू भर्ना गरी रकम उठाउने 'कलेक्शनका लागि मार्केट जाने' शब्दावलीमा रमाएको पाईन्छ । विश्व ऋण परिषदको सदस्य सुरक्षा सिद्धान्त भन्दा बाहिर गएर सदस्यहरूलाई उद्यमी, व्यवसायी नभई ऋणी बनाउने र कानुनबमोजिम असुली भन्दै संस्थाको अपरिचित व्यवहारमा उत्रने ।

### ख) सेवाः

सहकारीहरू नाफामुखी सङ्गठनको रूपमा व्याख्या गर्ने र ठूलो मार्जिनमा कारोबार गर्ने चाँजो मिलाउने । राज्यको नीति उत्पादन र रोजगारी सृजना केन्द्रित वस्तु तथा सेवा भन्दा तुरून्त कमाई बढी हुने क्षेत्रमा सदस्यलाई प्रेरित गरी काल्पनीक धनी बनाउने सेवाहरू र लगानीको क्षेत्रलाई प्रोत्साहन गरी वास्तविक उद्यमी वा व्यावसायी निर्माणमा उदासीन देखिँदै जानु वा सदस्यको ऋण लगानीलाई समय सापेक्ष परामर्श नगरी लगानी र असुली मात्र केन्द्रित रहने ।

### ग) नाफाको लक्ष्यः

सहकारीको योजना बैठकहरू नाफा कमाउनमा केन्द्रित रहने र सिद्धान्तमा उल्लेखित क्रियाकलापहरू नगरी अस्वस्थ प्रतिस्पर्धाको नाममा अत्यधिक नाफामा रमाउने । अधिक नाफा योजना गर्न सक्ने नाफा उत्पादक व्यवस्थापकलाई प्रमुख कार्यकारी अधिकृतका नाममा करारमा नियुक्त गर्ने र मुनाफा र नाफाको सुनिश्चितता र नतिजामा काम लगाउने ।

### घ) सामुदायिक विकास र शिक्षाः

बचत तथा ऋणको कारोबार गर्ने सहकारीहरूका लागि विश्व ऋण परिषदले सन् २०१८ मा प्रतिपादन गरेको सञ्चालन सिद्धान्तले वित्तीय साक्षरता सबैलाई दिनु भन्ने सिद्धान्त र नेपालको कानुनले दिएको सहकारीको मुनाफा पश्चातका कोषहरूमा सदस्य शिक्षाकोष र सामुदायिक विकास कोषको रकमको सदुपयोग नगर्ने, सोही विषयमा खर्च नगर्ने र संस्था वा सदस्यलाई लाभ हुने भन्दा देखासेखीका क्रियाकलापहरूमा खर्च गर्ने ।

सहकारीले सदस्यहरूलाई एकजुट राख्ने यी विभिन्न संवेदनशील क्षेत्रहरूको अपव्यख्या र गलत अभ्यासले सहकारी क्षेत्रलाई समुदायबाट टाढा लैजाने काम हुनेछ । सहकारी मार्फत दिगो र समृद्ध समाज निर्माण कार्यलाई अझ प्रभावकारी बनाउन अन्तराष्ट्रिय स्तरबाट भएगरेका योगदान र मार्गदर्शनहरूको अक्षरस पालना गरी सहकारी क्षेत्रको फरक पहिचान कायम राख्न सबै पक्षहरूको बुझाई समान बनाउन र कार्य सञ्चालनमा एकरूपता ल्याउन सहकारी सिद्धान्तको पूनर्अध्ययन जरूरी छ अन्यथा अन्य सङ्गठनहरू जस्तो बन्दै जाँदा आफ्नो विश्वव्यापी फरक पहिचान विर्सने खतरा बढेर जाँदैछ ।

त्यसकारण, समुदायमा रहेको सहकारी सदस्यहरूको मात्र होईन त्यो समग्र समुदायको सम्पत्ति हो । सहकारी आफ्नो क्षेत्रमा रहेको त्यस समुदायमा बसोबास गर्ने बासिन्दाहरूले अनुभूति गर्न पाउनु पर्छ । स्थानीय तहका विकास निर्माणका कार्यहरूमा सहकारीको प्रत्यक्ष संलग्नता रहनु पर्दछ । त्यसैले समुदायका आवश्यकता परिपूर्तिमा आफ्नो उपस्थिति कायम राख्ने, सदस्यहरू माझ जाने नियमित अन्तरक्रिया गर्ने र समाजको अभिन्न अंगको रूपमा रही पारस्परिक सेवामा रहनु नै सहकारिता हो ।

# सुशासन प्रवर्धनमा सहकारी संस्थाको सञ्चालन र व्यवस्थापन



**माधव पौडेल**
प्रमुख कार्यकारी अधिकृत
विकू बचत तथा ऋण सहकारी संस्था लि.

नेतृत्व शक्ति, सामर्थ्य, सहनशीलता र विश्वासको संयोजन हो । यसलाई ध्यानमा राखेर विकूले यस क्षेत्रमा नेतृत्वदायी भूमिका खेलेको छ। विकुलाई समुदायको पहिलो रोजाइको संस्था बनाउनका लागि भएको प्रयासहरू महत्वपूर्ण छन् । जसले महत्वपूर्ण सिकाइ हुने अपेक्षा छ ।

विकूको आफ्नो संस्थागत संस्कार छ । जसबाट विचार पैदा हुन्छ । त्यही संस्कारका आधारमा व्यवहार हुन्छ । त्यो व्यवहारको प्रचार भएको छ । जसले विकूलाई समुदायको उत्कृष्ट र नमुना संस्थाको रूपमा देखाएको छ । जसले ब्राण्ड निर्माण गर्दै व्यापार गरेको छ । सदस्यको सपना साकार बनाएको छ । यसरी संस्कारदेखि सपना साकारसम्मको यात्रा गरेको खण्डमा सहकारी संस्थामा समस्या उत्पन्न हुदैन ।

सहकारी सँगसँगै काम गर्ने पद्धति भएकाले यसलाई मन, मुटुमा राखेर अगाडि बढ्नुपर्छ ।

## सु–शासन : अवधारणा

"प्रजासुखे सुखं राज्ञः प्रजानाम चहिते हितम्
नत्मप्रियं हितं राज्ञः प्रजानां तु प्रिया हितम् ।"

(राजाको सुख प्रजाको सुखमा र राजाको हित पनि प्रजाको हितमा नै रहन्छ । त्यसैले (राज्य शासनमा) राजालाई प्रिय हुने कुरालाई हितको कुरा मान्ने होइन प्रजालाई प्रिय हुने कुरालाई नै हितको कुरा मान्नु पर्दछ ।) (कौटिल्य अर्थशास्त्र –भाग १, परिच्छेद १९, श्लोक ३४)

नेतृत्वले यस कुरालाई मनन गर्नुपर्छ । सहकारीको हित सदस्यको हितमा हुन्छ । सञ्चालकको हितमा सोचेर निर्णय गर्न थालियो भने सहकारीमा समस्या सिर्जना हुन्छ । त्यसैले सहकारीमा सदस्य पहिला । आज मैले गरेको निर्णयले सदस्यलाई के हित गऱ्यो भनेर छातीमा हात राखेर सोच्ने सञ्चालक भयो भने सहकारीमा कहिल्यै पनि समस्या आउँदैन । उल्टै सदस्यले सेवा सुविधा विस्तारीत रूपमा प्राप्त गर्न थाल्छ । यसको ज्वलन्त उदाहरण विकू हो ।

सन् १९९५ मा सम्पन्न अन्तर्राष्ट्रिय सहकारी महासङ्घ (International Co-operative Alliance) को महाधिवेशनले सहकारीको परिभाषा यसरी दिएको छ–

"सहकारी त्यस्ता व्यक्तिहरूको एउटा स्वायत्त सङ्घ हो, जो सामूहिकरूपले र प्रजातान्त्रिक रूपले नियन्त्रित व्यवसायद्वारा आफ्ना साझा, आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता र आकाङ्क्षाहरू पूर्ति गर्न स्वेच्छिकरूपले आबद्ध भएका हुन्छन् ।

## सहकारी संस्थाका उद्देश्यहरू

१. ब्यवसायिक उद्देश्य (मुख्य उद्देश्य)
 – सदस्यको आर्थिक जीवनस्तर उठाउने
२. विकास उद्देश्य (पुरक उद्देश्य)
 – सदस्य समुदायको सामाजिक सांस्कृतिक जीवनस्तर उठाइ शिक्षा, आरोग्य, कला, साहित्य र संस्कृतिमार्फत सदस्य समूदायको सामाजिक जीवनस्तर उठाउने
३. सामाजिक उद्देश्य (अतिरिक्त उद्देश्य)
( गैर सदस्य समुदायमा संस्थाको छवि प्रक्षेपण गर्ने ।

माथि उल्लेखित उद्देश्यमा सहकारी संस्था सञ्चालन हुनुपर्छ । त्यसैगरी एक सदस्य एक मतको अवधारणालाई वा यो प्रजातान्त्रिक नियान्त्रण प्रणालीलाई मजबूद बनाइयो भने सहकारीमा समस्या सिर्जना हुँदैन । यो सदस्यको स्वामित्वमा,सदस्यको नियन्त्रणमा

र सदस्य नै लाभान्वित हुने व्यवसाय हो । सहकारीले जे काम गरे पनि सदस्यलाई केन्द्रमा राख्नुपर्छ । यो नै यसको मुल सिद्धान्त हो । सदस्य संरक्षण सिद्धान्त, सञ्चालन सिद्धान्तहरू, सुशासनको पद्धति र सुरक्षा र सक्षमताको सिद्धान्तमा संस्था सञ्चालन हुनुपर्छ । सहकारीका विश्वव्यापी मूल्यलाई आत्मसात गर्नैपर्छ । आत्मसहयोग, स्वउत्तरदायित्व, समानता, समता र ऐक्यवद्धताको मूल्य बोकेर हिड्नुपर्छ ।

## सुशासन प्रवर्धनमा सहकारी सञ्चालन र व्यवस्थापनका व्यवहारिक केही मूल्य र मान्यताहरू

- सहकारीका सर्वमान्य अन्तराष्ट्रिय सिद्धान्तहरू तथा मूल्य मन्यताहरूलाई आत्मसात गर्दै कार्य सञ्चालन प्रक्रियामा तिनीहरूलाई अनुसरण गर्ने,
- सम्पूर्ण सेवाहरू मूल्यमा आधारित रहेर प्रदान गर्ने
- सहस्यहरूको निःस्वार्थ सेवा आफ्नो धर्मको रूपमा लिने, इमान्दारिता  पारदर्शिता र खुल्लापन मार्गदर्शक सिद्धान्तको रूपमा ग्रहण गर्ने,
- जाति लिङ्ग धर्म आस्था र आर्थिक स्तरको आधारमा कुनै किसिमको भेदभाव र पक्षपात नगर्ने,
- सुशासन कायम गरी संस्थालाई दिगो रूपमा सञ्चालन गर्न र सदस्यहरूको आर्थिक सामाजिक र सांस्कृतिक विकास गर्ने,
- सदस्यहरूवाट प्राप्त सल्लाह र सुझावहरू संस्था सञ्चालनका आधार बनाउने,
- सञ्चालक एवं कर्मचारीहरू संस्थाप्रति स्वउत्तरदायी र जवाफदेही हुने, सदस्यहरूको काममा कुनै किसिमको ढिला सुस्ती हुन नदिन,
- सदस्यहरूको आर्थिक कारोवारको गोपनीयता राख्ने
- सदस्यहरूलाई सेवा दिने क्रममा नातावाद कृपावाद छलकपट झन्झट र अनियमितता हुन नदिने,
- सस्यहरूको आर्थिक कारोवारको गोपनियता राख्ने, गोपनीयता राख्नैपर्ने बाहेक संस्थाका हरेक कारोवार र कृयाकलापहरू सवै सदस्यहरूका लागि पारदर्शी बनाउने,
- सदस्यलाई सेवा प्रदान गर्ने सिलसिलामा कुनै किसिमको नाजायज फाईदा नउठाउने,

## सहकारी सञ्चालनमा दृष्टि दूरगामी तथा निर्दिष्ट हुनु पर्दछ

हेर्ने : मूल्य, मान्यता र सिद्धान्त, विश्वास र परम्परा, सहकारी संस्कृति

चल्ने : परिकल्पना, ध्येय र लक्ष्य, नीति विधि र प्रविधि, योजना निर्णय

सम्पन्न गर्ने : उत्तरदायित्व र भूमिका, कार्य योजना, सदस्यको आवश्यकता र चाहना

## सुशासन सवाल र समस्या

- सस्थागत रणनैतिक योजना र व्यवस्थापन प्रक्रिया सम्वन्धी ज्ञानको अभाव
- बास्तविक काम, कर्तव्य र अधिकार, उत्तरदायित्व, र जिम्मेवारी सम्वन्धी सञ्चालक समिति तह र व्यक्तिगत तहमा पनि स्पष्ट बुझाईको अभाव

## सहकारी सुशासनका आधारभुत स्तम्भहरू

- जवाफदेहिता,
- परिदर्शिता,
- जिम्मेवारी,
- शुद्धता निष्पक्षता

## सुशासनका सरोकारवाला

- शेयर सदस्य
- सञ्चालक : नीति निर्माण तथा चयन व्यवस्थापनको अनुगमन
- उच्च व्यवस्थापन : नमुना नीति नियम, कर्मचारी नियुक्ती र अनुगमन
- कर्मचारी : दैनिक कार्य सञ्चालन र आवश्यक कार्य सम्पादन ।

## कुन कुन कुराले संस्था दिगो छ भन्ने थाहा हुन्छ ?

- वित्तीय सक्षमता
- संस्थाको कार्यगत क्षमता
- प्रतिस्पर्धी स्थान वा पोजिसन
- सेवाहरूद्धारा सन्तुष्ट सदस्यहरू
- सन्तुष्ट कर्मचारीहरू

## सुशासनका तत्वहरू

यूएनडीपीले सुशासनका चार तत्वलाई महत्व दिएको छ । जसमा निर्णय प्रक्रियामा सहभागिताको अवस्थाले त्यो सुशासनमा

कति छ भन्ने देखाउँछ । दोस्रो जिम्मेवारी र उत्तरदायित्वको अवस्था कस्तो छ । जिम्मेवारी बाँडफाँड र उत्तरदायित्व बहनको अवस्थाले पनि सङ्घ/संस्थाको सुशासन निर्धारण गर्दछ । अर्को महत्वपूर्ण पाँटो भनेको पारदर्शिता हो । संस्थाका सबै क्रियाकलाप, हिसाब किताब पारदर्शी छ कि छैन भन्ने कुराले सुशासनमा ठूलो भूमिका खेल्छ । सूचनाका पहुँचको अवस्थाले यसको निर्धारण गर्दछ । चौथो कानुनी मान्यता र निष्पक्षताको सुनिश्चितता सुशासनको अर्को महत्वपूर्ण तत्व हो ।

## सहकारीमा बाह्य सुशासन

बाह्य सुशासन भनेको ऐन, कानुनले सुशासन कायम गर्न राखेका प्रावधान हो । नेपालको सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, प्रादेशिक सहकारी ऐन, नियम, स्थानीय तहको सहकारी ऐन नियम, समय समयमा प्रकाशित हुने सहकारीका मापदण्ड, निर्देश, परिपत्र र अन्तर्राष्ट्रिय अभ्यासहरूले बाह्य क्षेत्रबाट सुशासन कायम गर्न सहयोग पुऱ्याउँछ ।

- नियमनकारी निकाय, सदस्य, सर्वसाधारणहरू लाई सहकारीका क्रियाकलाप ईमान्दारितापूर्वक नियमित रूपले प्रस्तुत गर्नु,
- वित्तीय प्रतिवेदन मान्यताप्राप्त लेखा सिद्धान्तको आधारमा राख्ने र सदस्य तथा सर्वसाधारणले थाहा पाउने गरी राख्ने,
- सहकारीले सहकारी ऐन, प्रचलित कानुन तथा सहकारी विभागले जारी गरका निर्देशनहरू मान्नु, आवश्यक हुन्छ । कर्तव्यपरायणताबाट नै सदस्यहरूले आफ्नो संस्थालाई अप्ठेरो टार्ने तथा वित्तीय सेवा दिने भरपर्दो श्रोतको रूपमा बुझेका हुन्छन्,
- नियम कानुनले मागेका तथा भनेका कार्य पूरा गरेर अर्थात तोकिएका मापदण्ड पूरा वा अझ बढी पालना गरेको कुरामा सञ्चालकहरूबाट एकिन गराएर,
- आर्थिक बर्ष समाप्त भएको मितिले ९० दिन भित्र लेखा परीक्षण सम्पन्न गर्ने,
- लेखा परीक्षकलाई कम्तीमा ३ बर्षमा १ पटक परिवर्तन गर्ने,
- सञ्चालक समितिले सहकारी ऐन, नियम, मापदण्ड, परिपत्रहरू पूर्ण रूपमा लागू गर्दछ र नियमनकारी निकायलाई सहयोग गरेर,
- संस्था सञ्चालन समुदायको विश्वासमा टिकेको हुन्छ । हामी यस कुरामा पूर्ण सजग रहनु पर्छ, यदि संस्थाले आफ्नो नाम अनुसारको काम गर्न नसकेमा सदस्यहरूको विश्वास हट्दै जान्छ ।
- सञ्चालक तथा कर्मचारीहरूद्धारा संस्थालाई सञ्चार जगत तथा समुदायले चाहेजस्तो खुल्ला हुन सकिएको एकिन गरेर ।

## आन्तरिक सुशासन

आन्तरिक सुशासन भनेको संस्थाका नियम, कार्यविधि विनियमहरूको अवस्थाले देखाउँछ । त्यसको पालनाको अवस्थाले पनि देखाउँछ । सहकारकिो विनियम, परिकल्पना, ध्यये र मूल्य मान्यताहरू, कार्यविधिहरू, रणनैतिक योजना, बार्षिक कार्ययोजना, आचारसंहिता, व्यवस्थापकीय निर्देशिका तथा कार्यविधिहरूले आन्तरिक सुशासनको अवस्थालाई देखाउँछ । सहकारी स्वि( नयमनमा सञ्चालन हुने भएकाले यो निकै महत्वपूर्ण पनि छ ।

- सहकारीको स्पष्ट संरचनाले नै यसको प्रजातान्त्रिक सञ्चालन तथा खुला सेवा प्रदान गर्ने सक्षमता देखाउँछ
- साधारण सभामा सदस्यहरूको उपस्थितिको लागि प्रशस्तै अभ्यासहरू गर्ने ।
- सञ्चालक समितिको संख्या बिजोर संख्याको हुनु पर्ने (सहकारी मापदण्डले तोके बमोजिमको संख्या)
- कुनै पनि सञ्चालक लगातार २ पटक भन्दा बढी एकै पदमा नरहने ।
- सहकारीको वृद्धि विकास गर्न सक्ने र ऐन नियम तथा नीतिहरू मान्न तयारी हुने सदस्यलाई उम्मेदवारीको अवसर दिने ।
- साधारण सभामा सदस्यहरूलाई आफ्नो राय राख्ने प्रशस्त मौकाहरू दिने ।
- सहकारीको सेवा तथा गरिने क्रियाकलापहरू निरन्तर सञ्चालित हुनुपर्दछ ।
- सञ्चालक समितिले बजारको प्रतिस्पर्धालाई उछिन्न सक्ने खालाको रणनीतिहरू तयार गर्ने ।
- संस्थाका अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा गर्ने
- जोखिम व्यवस्थापन र असुली योजनाहरू तय गर्ने
- संस्थामा सदस्यहरूको दक्षता, अनुभव, क्षमताको आधारमा समावेशी ढङ्गले समिति उपसमितिहरूको निमार्ण गर्नु पर्दछ ।
- कार्यक्षेत्रभित्रको समग्र क्षेत्र तथा वर्गको प्रतिनिधित्व

गराएर समिति उपसमितिको निर्माण गरेर

- सञ्चालक समिति तथा व्यवस्थापनको आन्तरिक जवाफदेहिता स्पष्ट किटान गरेको हुनु पर्छ ।
- सञ्चालक समिति र व्यवस्थापन आफ्ना कार्य र त्यसको परिणामप्रति जवाफदेही हुनै पर्दछ ।
- सञ्चालहरूले नीति निर्माण गरी व्यवस्थापनले सो लागू गरे नगरेको अनुगमन गर्नुपर्दछ ।
- सञ्चालक समिति र व्यवस्थापनको भूमिका स्पष्ट पार्ने नीतिहरू बनाउने

## व्यक्तिगत सुशासन

सञ्चालकहरू व्यक्तिगत रूपमा एकल कार्य होस् वा अन्य सदस्यहरूसंग सामुहिक रूपमा गरिने कार्यको लागि होस् संस्थाको उद्देश्य प्राप्तिको लागि आफ्नो दायित्व पूरा गर्न आवश्यक समय दिन समर्पित हुन तयार रहनैपर्छ ।

- नियमित रूपमा बैठकमा उपस्थित हुनु पर्दछ र बैठकमा उपस्थित नुहुने सञ्चालकलाई पदबाट हटाउने नीति बनाउनु पर्दछ,
- सबै सञ्चालकहरूले समितिको निर्णयहरूको उच्च सम्मान गर्नु पर्दछ,
- आफ्नो व्यक्तिक विचार भन्दा पनि सञ्चालकहरूले संस्थाको पारित नीति, नियम र निर्णहरूको कुरा गर्नु पर्दछ त्यसै कारण भनिन्छः
- " Board Speaks with One Voice"

## सहकारीमा हुन सक्ने दुरूपयोगहरू

### १ शक्तिको दुरूपयोग

- स्वार्थी निर्णय
- नातावाद, बन्धुवाद खेमावाद, गुटवाद, चाकरीवाज, राजनीतिकरण

### २ स्रोतहरूको दुरूपयोग

- यातायातका साधन वा यातायातमा ठूलो रकम दाबी गर्ने
- संस्थाको तर्फबाट भ्रमणहरूमा बढी सहभागी हुने
- मनोरञ्जनात्मक क्रियाकलापमा बढी खर्च गर्ने
- पारिश्रामिक वा भत्ताहरू लिने,
- संस्थाको फोन फ्याक्स, इमेल वा मोबाइल सुविधाहरू
- तालिममा सहभागिताका लागि ठूलो खर्च गर्ने,

### ३ वस्तु तथा सेवाहरूको दुरूपयोग

- ऋण, बचत र लाभांशमा बजार भन्दा फरक दर लगाउनु,
- काम वा ऋण मिलाइदिए बापत केही रकमहरू लिनु,
- नियम विपरीत सुविधा तथा सेवाको निर्णय गर्नु,
- ऋण नवीकरण, म्याद थप गर्दा भनसुन गर्नु,
- धितोले खाम्नेभन्दा बढी ऋण स्वीकृति,
- शूल्क छुट तथा ऋण मिनाह गर्न दबाब दिनु,

### ४ संस्थाको दुरूपयोग

- भाखा नाघेको ऋण उठाउनुको सट्टा मिनाहा।
- नकमाउने सम्पत्तिमा चाहिदो भन्दा बढी खर्च गर्नु (भवन, फर्निचर, सिसिटिभी आदि)
- डुबन्त ऋण कोष वा जगेडा कोष वा भवन जग्गा कोषबाटमा जम्मा गरिएको रकमबाट शेयर लाभांस बितरण,
- झूठो तथा प्रमाणित नहुने वित्तीय विवरण,

## सहकारीमा नीतिको महत्व र नीति निर्माण प्रक्रिया

नीति भनेको संस्था वा सेवाहरू परिचालन गर्ने विधि हो । संस्थाका उद्देश्य, लक्ष्य र कार्यनीति पूरा गर्न अपनाइने लिखित दस्तावेज नीति हो ।

पक्षपात रहित एकरूपतामा अनुशासित भई संस्था सञ्चालन गर्न नीति तथा कार्यविधिले मद्दत पुग्छ । कार्यविधि भएको खण्डमा कार्य स्पष्टता भई व्यवस्थापन पक्ष अलमलमा पर्नु पर्दैन । संस्थालाई वैधानिक बाटोमा हिडाउन नीति तथा कार्यविधिले महत्वपूर्ण मद्दत गर्दछ । छिटो र छरितो ढङ्गबाट काम सम्पन्न हुन्छ सेवा तथा उत्पादनको सञ्चालन प्रक्रिया तोकेर कार्यन्वयनमा सहजता पैदा गर्दछ ।

त्यसैगरी विकेन्द्रित कार्य प्रणाली स्थापित, काम, कर्तव्य, अधिकार,प्रक्रिया र विधि तोकेर काममा सहजता ल्याउन, अनुगमन र मूल्याकंनमा सहजता पैदा गर्न र संस्थालाई पारदर्शी रूपमा सञ्चालन गर्न मद्दत तथा नयाँ अभ्यास तथा प्रयोगको विकास गर्न नीति तथा कार्यविधिले योगदान दिइरहेको हुन्छ । समाधान केन्द्रित बजारीकरण गर्दै नीति र कार्यविधिमा सहकारी संस्थालाई अगाडि बढाउनुपर्छ । तव सहकारीमा सुशासन कायम हुन्छ ।

# सिउँडी त फुल्छ हामी किन गर्न सक्दैनौ ?



**ईश्वर न्यौपाने**

प्रमुख कार्यकारी अधिकृत,
मिलिजुली साकोस

मिलिजुली कालिञ्चोक बचत तथा ऋण सहकारी संस्थाका प्रमुख कार्यकारी अधिकृत ईश्वर न्यौपानेले सहकारीको अवस्था, स्थिति, अभ्यास र प्रभावको विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । उहाँले चरिकोटमा २३ गते सहकारी व्यवस्थापन समितिले आयोजना गरेको सुशासनको प्रवर्धनमा सहकारी संस्थाको सञ्चालन र व्यवस्थापन कार्यक्रममा प्रस्तुत गरेको कार्यपत्रका आधारमा तयार गरिएको आलेख ।

अहिले सहकारीमा केही चुनौतीपूर्ण अवस्था छ । तर हामी निराश हुनुपर्ने देखिदैन । जस्तो जटिल परिस्थितिमा पनि सम्भावना कायम हुन्छ । सिउँडी त फुल्न सक्छ भने हामीले चाहे किन केही गर्न सकिदैन ? कतिपयले सहकारी स्वनियमन सञ्चालन हुने भएको नियमनको आवश्यकता नरहेको पनि बताउँछन् । तर धेरै विश्वासले पनि हामीलाई मार्न सक्ने भएकाले नियमयनलाई प्राभवकारी बनाउनुपर्छ ।

यो सहकारी अभियानको इतिहास पल्टाउन हामी बेलायत पुग्नुपर्छ । १८४४ मा बेलायतबाट उपभोक्ता सहकारी स्थापना गरेर आधुनिक सहकारी अभियानको शुरू भएको र १८५० मा जर्मनीबाट बचत तथा ऋण सहकारी अभियान शुरू भयो । यसरी सहकारी अभियान शुरू भए र विश्वव्यापी रूपमा फैलिए । फ्रान्समा १८६३ र अमेरिकामा १८६५ मा नै क्रेडिट युनियन शुरू भैसकेको थियो । इटाली, क्यानडा, जापान, आयरल्यान्डमा पनि १८९०भित्र नै क्रेडिट युनियन शुरू भए । विशेषगरी बचत तथा ऋणको कारोबार गर्ने संस्था अलि वृहत्त रूपमा फैलिएको देखिन्छ ।

दुग्ध सहकारीको इतिहास पनि पुरानो छ । सन् १८८६ मा डेनमार्कमा दुग्ध सहकारी स्थापना भएको हो । नेपालमा केही पछिमात्र सहकारी शुरू भयो । तर छिमेकी देश भारतमा १९०४ बाट नै सहकारी अभियान शुरू भैसकेको थियो । १९१०बाट इजरायलमा कृषि सहकारी र १९१२ मा चीनमा सहकारी अभियान शुरूभएको इतिहास छ । नेपालमा भने १९५७ मा बखान ऋण सहकारी बखान सिंह गुरूङले स्थापना गरेको इतिहास छ । यतिबेला भने नेपालको सहकारी अभियान तीन तहको जिम्मेवारीमा बाँडफाँड छ । राज्य पुनसंरचना पछि सहकारी नियमनको जिम्मेवारी तीन सरकारमा निहित छ । नेपालको संविधान २०७२ को अनुसूची ८ले सहकारीको नियमन व्यवस्थापनको क्षेत्राधिकार स्थानीय तहलाई दिएको छ । अनुसूचि ९ ले तीनवटै तहका सरकारको शाझा क्षेत्राधिकारभित्र पनि सहकारीलाई राखेको छ ।

सबै स्थानीय तहमा सहकारी ऐन नियमावली बनाउनु पर्ने अवस्था छ । अझै केहीमा बन्न बाँकी रहेको विषयले स्थानीय तहमा सहकारीले कति महत्व पाएको छ भन्ने छर्लङ्ग हुन्छ । तथापि दोलखामा स्थानीय तहले सहकारीलाई

महत्व दिएको छ । यतिबेला सङ्घीय सहकारी विभाग, प्रदेश सहकारी विभाग स्थानीय तह सहकारीको नियामक निकायकका रूपमा देखिएका छन् । तथापि दक्ष जनशक्तिको अभावले सहकारी क्षेत्र स्थानीय तहमा अझै ओझेलमा परेको अभास हुन्छ ।

सङ्घीय सहकारी विभागको क्षेत्राधिकारभित्र १२५ वटा संस्था छन् । जुन कूल सहकारीको ०.४२ प्रतिशत हो । प्रदेशको क्षेत्राधिकारभित्र ६ हजार २ वटा संस्था छने । जुन २०।०८ प्रतिशत हुन आउँछ । सबैभन्दा बढी स्थानिय तहको क्षेत्रअधिकारभित्र सहकारी छन् तर स्थानीय तहले नै यसलाई प्राथमिकता दिन भने सकेको छैन । २३ हजार ७ सय ५९ सस्था स्थानीय तहको क्षेत्राधिकारीभित्र पर्दछन् । जुन ७९.५० प्रतिशत पर्न आउँछ । सबैभन्दा बढी बागमती प्रदेशमा सहकारी रहेका छन् । १० हजार ४ सय १८ छन् भने प्रदेश १ मा ४ हजार ७ सय ३७ सङ्घ संस्था छन् । मधेश प्रदेशमा ४ हजार १ सय ५३ संस्था छन् । त्यसपछि लूम्बीनी प्रदेशमा ३ हजार ७ सय ५५, गण्डकीमा २ हजार ६ सय ७१, कर्णालीमा १ हजार ९ सय ६७ र सुदुरपश्चिममा २ हजार ६० सहकारी रहेको सहकारी विभागको तथ्याङ्कले देखाउँछ । यसरी हेर्दा पनि बागमती प्रदेशमा सहकारीको संस्था बढी छ । त्यसैगरी देशभरिका सहकारीमा ७३ लाख बढी सदस्य छन् । सदस्यको संख्याको हिसाबले पनि बागमती अगाडि नै छ । तथापि शहरी क्षेत्रमा सदस्यको सुरक्षाको सिद्धान्तको परिपालना न्यून छ ।

## सदस्य सुरक्षा सिद्धान्त परिपालन

- सदस्य सुरक्षा सिद्धान्त,
- बचत र ऋण उपयोग सम्बन्धमा शिक्षा प्रदान,
- स्वस्थ र इमान्दार छलफल तथा निर्णय,
- उपयुक्त सेवा विकास र प्रभाव,
- अत्यधिक ऋणभारबाट रोकथाम,
- ईमान्दारिता र पारदर्शिता,
- जवाफदेही पूर्ण मूल्य निर्धारण,
- सदस्य प्रति निश्पक्ष र आदरपुर्वक व्यवहार,
- सदस्यहरूको तथ्याङ्क गोपनियता,
- गुनासो व्यवस्थापन प्रणाली ।

## सुशासनको सिद्धान्त

- बाह्य सुशासन : पारदर्शिता, कानुनको परिपालना, सदस्यप्रति उत्तरदायी,
- आन्तरिक सुशासन : संरचना, निरन्तरता, सन्तुलन, जवाफदेहिता,
- वैयक्तिक सुशासन : ईमान्दारिता, योग्यता, प्रतिबद्धता

## सञ्चालनको सिद्धान्त

- सहकारी संरचना : सदस्यको स्वामित्व, सदस्यद्वारा नियन्त्रण, प्रजातान्त्रिक नियन्त्रण
- सदस्यलाई सेवा : वित्तीय समावेशीकरण, वित्तीय दिगोपन(स्थायित्व), सदस्यको आर्थिक लाभमा बृद्धि
- सामाजिक उत्तरदायित्व : वित्तीय साक्षरता, सञ्जाल सहकार्य, सामाजिक उत्तरदायित्व, विश्वव्यापी परिकल्पना ।

सुरक्षा र स्वास्थ्यताको सिद्धान्त परिपालनाका लागि वित्तीय विश्लेषण र अनुगमनको औजारहरूको प्रयोग गर्नुपर्ने हुन । पर्ल्स विश्लेषण र बासेल ३ जस्ता औजारको प्रयोग गर्न सकिन्छ । नेपालको सहकारीमा यी औजार बढी लोकप्रिय पनि छन् । सहकारी ऐनले समेत यसलाई पहिचान गर्दछ । त्यसैगरी सम्पत्ति दायित्व सहसम्बन्ध विश्लेषण गर्नुपर्छ । यी औजारहरूको प्रयोग गरेर नेपाल बचत तथा ऋण सहकारी संस्थाले स्तरीकरण कार्यक्रम सञ्चालन गरेको छ । जुन प्रभावकारी रहेको देखिन्छ । केही महत्वपूर्ण कार्यक्रम निम्न छन् ।

## आधारशिला

- पालिकास्तरमा भएका साकोसहरूको क्षमता बृद्धिको लागि सञ्चालित कार्यक्रम
- २१ वटा पालिकामा प्रथम चरणमा जागरण कार्यक्रम सञ्चालन
- १ हजार ४ सय ६८ संस्थाहरू यस जागरण कार्यक्रममा सहभागि भएको ।
- २०७९/०८० मा २६ वटा पालीकासँग समन्वय र सम्झौता गरी अगाडि बढ्ने योजना

## क्रर्प्स (क्रेडिट युनियन रिक्स बेस सुपरभिजन

- साकोसमा भएको जोखिम मापन विधि बाट विश्लेषण गर्ने औजार
- ४४९ वटा संस्था यस कार्यक्रममा आवद्ध छ ।

## प्राबेसन, गुणस्तर र व्यवसायिकताको लागि सञ्चालित कार्यक्रम

- २३९ वटा संस्था यस कार्यक्रममा आवद्ध छ ।
- ४० वटाले प्रमणापत्र प्राप्त गरेका छन् ।

## एक्सेस ब्रान्ड ए वान गुणस्तर र व्यवसायिकताको लागि सञ्चालित कार्यक्रम

- यसले वित्तिय परिवेश, सदस्य परिवेश, आन्तरिक व्यवसायिक परिवेश, सिकार्य र बृद्धिको परिवेशलाई विश्लेषण गर्दछ ।
- ७९ वटा साकोस आवद्ध । २४ वटाले ब्राण्ड प्राप्त ।

त्यसैगरी राष्ट्रिय सहकारी बैंकबाट स्तरीकरण कार्यक्रम सञ्चालन भएको र त्यसबाट सहकारीको स्वपरीक्षण औजार प्रयोग गरी अवस्था थाहा पाउने व्यवस्था छ । त्यसैगरी राष्ट्रिय सहकारी महासङ्घबाट निन्तर तालिम शिक्षा प्रदान भैरहेको छ । यी व्यवस्था हुँदा हुँदै पनि सहकारीमा चुनौति देखिनुको कारण पहिल्याउन आवश्यक छ ।

**सहकारीले निम्नअनुसारका जोखिम पहिचान गरी अगाडि बढ्नुपर्छ**

- ऋणमा जोखिम,
- कार्यालयमा हुने नगदको जोखिम,
- सञ्चालन वा व्यवस्थापन जोखिम,
- ब्याजदरमा हुने जोखिम,
- तरलतासम्बन्धी जोखिम,
- अभिलेखसम्बन्धी जोखिम,
- नगद लिएर हिंड्दा हुने जोखिम,
- नीति निर्माणमा हुने जोखिम,
- पदीय संरचनामा हुने जोखिम,
- गोप्यता भंग हुने जोखिम,
- रणनीतिक निर्माणमा जोखिम,
- सहकारी संस्था विग्रदा हुने जोखिम

**नियामनकारी निकायको भूमिका**

- सहकारीहरूको बास्तविक तथ्याङ्क भण्डारण ।
- जोखिममा आधारित अनुगमन तथा सुपरिवेक्षण ।
- नियमित अन्तर्क्रिया र छलफल ।
- समस्या समाधानमा पहल ।
- नियमानुसार छिटो छरितो सेवा ।
- सहकारीसम्बन्धी जनचेतना अभिबृद्धि ।
- संङ्घिय कानुन अनुसार थप कानुनको ब्यवस्था ।
- नियमन क्षमताबमोजिम बिधिवत् सहकारी दर्ता ।
- सहकारी एकीकरणलाई प्राथमिकता ।
- सहकारी महाशाखा/शाखाको क्षमता अभिबृद्धि ।
- बिषयगत सहकारीहरूको कारोवारको अनुगमन
- सुपरिवेक्षण र सहजीकरण ।
- मापदण्ड निर्माण गरी अन्य कार्य ।
- शेयर सदस्यको बचत सुरक्षित हुने गरी स्वानियमन भएको छ वा छैन एकिन गर्न नियमन

**सहकारी क्षेत्रको चुनौतिहरू**

- सहकारी संस्था नियमनको लागि छुट्टै निजामति सेवाको ब्यवस्था नहुनु,
- मापदण्ड निर्माण गरी अन्य कार्य,
- शेयर सदस्यको बचत सुरक्षित हुने गरी स्वानियमन भएको छ वा छैन एकीन गर्न नियमन,
- सहकारी संस्थाहरूको तथ्याङ्क सङ्कलन बिश्लेषण र ब्यवस्थापन साह्रै कमजोर हुनु,
- तन तहको सहकारी कानुनमा सामन्जस्यता नहुनु
- कानुनी परिपालनामा सहकारी संस्थाको मानव संशाधन तथा सदस्यहरूको इच्छा कमाजोर हुनु,
- कोपोमिक्स्, एएमएलको सबै संस्थाहरूमा पूर्ण कार्यन्वयन नहुनु,
- सबै सहकारी संस्थालाई नियमन गर्न नसकी केही संस्था मात्र नियमनको दाएरामा ल्याएको हुँदा बाँकी संस्थाहरूमा प्रभावकारी कानुन कार्यन्वयन फितलो देखिनु,
- वित्तीय प्रतिवेदनहरूमा एकरूपना नहुनु
- केही सहकारीहरू नाफामुखी भएर सञ्चालनहुनु,
- शेयर सदस्यलाई दुइ थरी व्यवहार गर्नु,
- सहकारीको सफ्वेयरमा एकरूपता नहुनु तथा ब्याकडेटमा अभिलेख राख्न मिल्ने गरी प्रयोग गर्नु,
- गल्ति व्यवस्थापनको लागि फोर आर्य कन्सेप्ट लगाउन नसक्नु,
- समय सापेक्ष कानुन संशोधन नहुनु,
- साकोस ऐनको व्यवस्था नहुनु,
- ऋण लगानी तथा असुली सम्बन्धी कानुनी प्रावधानको पालना तथा कर्जा सूचना केन्द्र नभएको हुँदा ऋण जोखिममा पर्दै जानु,
- सहकारीको सबै सञ्चालक तथा कर्मचारीहरूले सहकारीको सिद्धान्त मूल्य, मान्यतामा कम प्रस्ट हुनु,
- नेतृत्वको बुझाइमा विविधता,
- स्तरीकरण कार्यक्रमले विधिमा चलाउने हुनाले स्विकार्न गाह्रो मान्नु,
- स्तरीकरण कार्यक्रम नबुझेका व्यक्तिहरू सङ्घहरूमा प्रतिनिधित्व गर्नु
- सहकारी बुझेका व्यक्तिहरूकै ऋण भाखा नाघेको पाइनु ।
- सङ्घहरूमा प्रतिनिधित्व गर्ने सबैले स्तरीकरण कार्यक्रमको बारेमा स्पष्टता नहुँदा कार्यन्वयनमा चुनौती देखिनु ।
- निस्क्रिय सङ्घ
- संस्था दर्ता गर्ने नियमनको क्षमता विश्लेषण नगर्ने ।

- समिति, कर्मचारीमा अध्ययनशीलताको अभाव,
- शेयर सदस्यलाई उद्यमी बनाउन सहकारी संस्थाहरूको ध्यान कम जानु,
- एकै सहकारी संस्थामा एकै घरबाट समिति र कर्मचारी रहनु,
- जगेडा कोष बृद्धिमा ध्यान नदिनु,
- स्वनियमन बलियो बनाउनको लागि सञ्चालक समिति, लेखा सुपरिवेक्षण समितिको योग्यता तोक्न नसक्नु,

**समाधान कसरी**

- निजामति सेवामा सहकारी सेवाको प्रावधानको व्यवस्था गर्ने,
- नियमनमा विषयविज्ञको व्यवस्था गर्ने,
- वित्तीय प्रतिवेनदहरूमा एकरूपता कायम गराउने,
- सहकारी सफ्वेयरमा विशेष मापदण्ड तोक्ने, इडिट गर्न नमिल्ने सफ्वेयर प्रयोगमा ल्याउने,
- कोपोमिस, एएमएलको पूर्ण कार्यन्वयन गर्ने,
- प्रविधिमा आधारित भएर नियमन गर्ने,
- लेखापरीक्षणको शुद्धता जाँच गर्ने संयन्त्र विकास गर्न र प्रविधि प्रयोग गर्न सहकारी संस्थाले आइटी अडिट गराउने,
- सम्पत्तिको आधारमा सहकारीहरू बर्गीकरण गरी नियमन कार्यतालिका बनाउने,
- सहकारी संस्थाको सञ्चालकहरसँग नियमित रूपमा अन्तक्रिया गर्ने,
- कानुनी प्रावधानको विषयमा सुसूचित गर्ने,
- सबै सहकारीलाई नीति, विधि प्रविधिमा चलाउने वा डिडिए सहित फोर्स मर्जको व्यवस्थापन गर्ने,
- सहकारीको सिद्धान्त, मूल्य मान्यता ऐन कानुन विनियम परिपालनको अवस्था निरीक्षण गर्ने,
- सहकारीको मानव संशाधनलाई नजिक राख्नको लागि बेला बेलामा कार्यक्रम गर्ने,
- नियामकहरूबाट निर्देशनमा एकरूपता कायम गर्ने,
- साधारण सभामा सदस्यको सक्रियता बृद्धि गर्न पहल गर्ने,
- कार्यकारी सञ्चालकलाई ऐन कानुन निर्देशन बमोमिज हटाउने,
- पारिवारिक बाहुल्यतामा भएको सहकारी संस्थालाई सघन अनुगमन गर्ने,
- सहकारी संस्थाको मानव संशाधन एकै घरपरिवारबाट बस्न नपाउने गरी व्यवस्था गर्ने,
- उत्तराधिकारी योजना तयार पार्ने,
- एक व्यक्ति एकै पदमा दुई कार्यकालभन्दा बढी नबस्ने,
- सहकारी सिद्धान्त प्रयोगको एकिन हुन परीक्षण गर्ने,

# भीमेश्वर नगरपालिकाको प्राथमिकतामा सहकारी

भीमेश्वर नगरपालिका, दोलखाका प्रमुख प्रशासकीय अधिकृत शिरिर पौडेलले सहकारीलाई प्राथमिकतामा राखेर कार्य गरिरहेको बताउनुभएको छ । उहाँले सहकारी व्यवस्थापन समितिको कार्यालयले मङ्सिर २३ र २४ गते दोलखाको चरिकोटमा आयोजना गरेको सुशासनको प्रवर्धनमा सहकारी संस्थाको सञ्चालन तथा व्यवस्थापन विषयक कार्यक्रममा सो धारणा राख्नुभएको हो । पालिकास्तरीय सहकारीको नियमन र सुशासनको लागि गरिएको कार्यहरु विषयक कार्यपत्र प्रस्तुत गर्दै पालिकाले गरेका क्रियाकलापको विषयमा जानकारी गराउनुभएको थियो । भीमेश्वर नगरपालिका कार्यक्षेत्र रहेका सहकारीको सङ्ख्या ७८ रहेकोमा ३६ वटा कृषि, ३० वटा बचत तथा ऋण, १० वटा बहुउद्देश्यीय तथा उपभोक्ता सहकारी र अन्य विषयका २ वटा सहकारी रहेको पौडेलले जानकारी दिनुभयो । भीमेश्वर नगरपालिमा रहेका १४ सहकारीको भने प्रदेश कार्यक्षेत्ररहेको छ । कोपोमिसमा आवद्ध सहकारीको संख्या भने २९ मात्र रहेका र सबै सहकारीलाई कोपोमिसमा आवद्ध गराउन पालिकाले कार्य गरिरहेको समेत पौडेलले बताउनुभयो ।

सो नगरपालिकाले अहिलेसम्म नयाँ चारवटा मात्र सहकारी दर्ता गरेको र ती सबै कृषि सहकारी रहेको पौडेलले बताउनुभयो । सहकारी दर्ता गर्दा पूर्व सहकारी शिक्षा लिनुपर्ने अनिवार्य गरिएको उहाँले बताउनुभयो । जसले अनावश्यक रूपमा सहकारी दर्ता गर्न परिपार्टीको अन्त्य भएको देखिएको छ ।

सो नगरपालिमा सहकारीको योगदानलाई बृद्धि गराउन र सहकारी क्षेत्रलाई प्रभावकारी रूपमा नियमन र प्रवर्धन गर्नका लागि दक्ष कर्मचारीको अभाव भएको र सहकारीमा समेत दक्ष कर्मचारी नभएको उहाँले बताउनुभयो । सहकारीमा शेयर, बचत तथा कोषहरूबीच तालमेल हुन नसकेको, सहकारीको बुझाइमा एकरूपता नभएको, कोपामिसमा सबै सहकारी आवद्ध नहुदा र विवरण अद्यावधि नगर्दा पनि सुशासनमा ल्याउन अप्ठ्यारो परेको पौडेलको भनाइरहेको छ ।

नगरपालिकाले सहकारीमा सुशासन कायम गर्नका लागि नीति नियम तर्जुमा गरेको, नियमित प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन बुझाउन लगाएको, सहकारी संस्थाको बार्षिक साधारण सभामा उपस्थित भई सहकारीको अवस्था जानकारी लिने र सुझाव दिने गरिएको, अनुमगन तथा सुपरिवेक्षण नियमित भएको र कोपोमिस प्रणालीबाट सहकारीको अवस्थाको अध्ययनको शुभारम्भ भएको उहाँले बताउनुभयो ।

सो अवसरमा उहाँले भन्नुभयो 'सहकारीसँगको सहकायृमा ने सदस्यको हितका लागि काम गर्न साझेदारी कार्यक्रमसमेत सञ्चालन गरेका छौं । त्यसैगरी सहकारी एकीकरणमा समेत हाम्रो जोड छ । क्षमता विकास तालिम सञ्चालन गर्नेदेखि परामर्श समेत दिइरहेका छौं ।'

सो कार्यक्रममा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लिमिटेड(नेफ्स्कून)का परियोजना विकास तथा साझेदारी प्रवर्धन इकाईका वरिष्ठ अधिकृत नविनराज दाहालले वित्तीय सहकारी संस्थाको नियमन र अनुगमन विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । नेफ्स्कूनले सहकारी उेन २०७४, सहकारी नियमावली २०७५, बागमती प्रदेश सहकारी ऐन २०७६ , भीमेश्वर नगरपालिका सहकारी ऐन २०७४ को आधारमा नियमन गरिरहेको बताउनुभयो । सङ्घको सुशासनका आधरहरू एक्सेस, प्रोवेशन ,कर्वस र आधारशिला कार्यक्रम रहेको बताउनुभयो ।

# ऋण लगानी र असुलीमा अपनाउनु पर्ने विधि



**नवराज दहाल**
प्रमुख कार्यकारी अधिकृत
जनसचेतन बचत तथा ऋण सहकारी संस्था, काभ्रे, दोलखा

ऋण सुविधा हो । अधिकार होइन । तर, धेरैको बुझाइ के छ भने ऋण अधिकार नै हो । केही निश्चित समयभित्र ब्याज सहित तिर्नुपर्ने गरी अरूसँग लिएको रकमलाई ऋण भनिन्छ । चल अचल सम्पत्ति धितो बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई वा नलिई दिइएको वा लिइएको रकम नै ऋण हो । ऋण लगानी गर्ने र ऋण लिने दुवै पक्षले यसलाई बुझ्न जरूरी छ । ऋण व्यवस्थापन गरेको खण्डमा यो साधन हो । यसले प्रगति गर्न सहयोग गर्दछ । व्यवस्थापन गर्न नजाने यो तनाव हो । चुनौती हो । यसले थप समस्या सिर्जना गर्न सक्छ । त्यसैले यसलाई ध्यान दिन आवश्यक छ ।

| व्यवस्थापन गर्नेहरूका लागि | व्यवस्थापन नगर्नेहरूका लागि |
|---|---|
| सुविधा हो | तनाब हो |
| सम्भावना हो | चुनौति हो |
| साधन हो | साध्य हो |
| उपाय हो | समस्या थप गर्नु हो |
| व्यवसायको सुरूवाती हो | व्यवसायको अन्त्य हो |
| समृद्धिको सूचक हो | गरिबीको कारक हो |

सहकारी संस्थाहरूले ऋण लगानी गर्दा ऋण व्यवस्थापनमा ध्यान दिनुपर्छ । ऋण कार्यविधिमा ऋण लगानी गर्दा अवलम्बन गर्ने विधिलाई स्पष्ट उल्लेख गरेको हुनुपर्छ । त्यसमा ऋण माग र परामर्श दिने, विश्लेषण र स्वीकृति गर्नेदेखि ऋण लगानी गर्ने कार्यको विषयमा स्पष्ट जानकारी हुनुपर्छ । त्यसैलाई अबलम्बन गरेर ऋण लगानी गर्नुपर्छ । ऋण लगानी गरेमात्र पनि संस्था पन्छिन मिल्दैन । ऋण सदुपयोगिताको अवस्थाको समेत अनुगमन गर्नुपर्छ ।

सबै प्रक्रिया पुऱ्याएर ऋण लगानी भएको छैन भने ऋण असुली वा फिर्तामा समस्या हुन्छ । त्यसैले प्रारम्भिक चरणमा विशेष ध्यान जान जरूरी छ । ऋणको अभिलेख प्रणालीको विकास गर्ने अभिलेख सुरक्षित राख्नुपर्छ । ऋण एउटा प्रोडक्ट हो । यसको विक्रीबाट प्रतिफल प्राप्त हुन्छ । जसलाई समान रूपमा कानुनले तोकेअनुसार वितरण गर्नुपर्छ ।

## ऋण माग फारम र परामर्श किन आवश्यक ?

- वास्तविक आवश्यकताको पहिचान गर्न,
- व्यवसायको छनौट, माग गर्ने प्रक्रिया र ब्याजदरको बारेमा जानकारी दिन,
- परियोजनाको लागतको बारेमा जानकारी लिन र दिन,
- परियोजनाबाट हुने आम्दानी पहिचान गर्न ।
- उत्पादित वस्तु तथा सेवाको माग र बजार अवस्थाको जानकारी लिन,
- सम्भावित वित्तीय सङ्कट र ऋण असुली प्रक्रिया सहज गराउन,
- परियोजनामा जोखिमको विश्लेषण गर्न ।
- परियोजनामा सदस्यको सहभागीता र लगानीको अनुपात,

- नीतिगत विषयको जानकारी र सञ्चार सम्बन्ध विकास गर्न,

## ऋण विश्लेषण र स्वीकृति

- ऋण मागकर्ताले पेश गरेका कागजातहरू
- ऋण आवेदन,
- ऋणी र धितोवालाको फोटो, नागरिकताको प्रतिलिपि, (ऋणी, धितोवाल, जमानीकर्ता, व्यक्तिगत जमानी, एकाघर परिवारका बालिक सदस्य) जग्गाधनी पूर्जाको प्रतिलिपि, ट्रेस नक्सा, चारकिल्ला, हालसालैको तिरो तिरेको रसिद,
- व्यवसायको दर्ता, प्यान र हालसालैको करचुक्ता,
- आयश्रोत प्रमाणित गर्ने कागजात,
- व्यवसायिक योजना र लेखापरीक्षण प्रतिवेदन (आवश्यकता बमोजिम)
- अन्य उदेश्यसंग सम्बन्धित कागजातहरू
- ऋण नीति बमोजिमका कागजातहरू
- संस्थासँगको कारोबार (विगतको ऋण कारोबार र हालको बचतको अवस्था)
- ऋण मागकर्ताको आम्दानी र खर्चको विश्लेषण
- ऋणको उदेश्यसँग सम्बन्धीत कागजातहरू
- ऋणीले ऋण फिर्ता गर्न चाहेको अवधी र भुक्तानी तरिका
- परियोजनाको सम्भावना, वातावरणीय पक्ष र बजार
- सुरक्षणको लागि पेश भएको धितोको मूल्याङ्कन (आन्तरिक र बाह्य),
- ५ सी को विश्लेषण (तिर्न सक्ने क्षमता, चरित्र, पूँजि, धितो, अवस्था),
- ऋण माग कर्ताको अन्य वित्तीय संस्थासँगको कारोबार
- ऋणको स्वीकृति (स्वीकृति अधिकार अनुसार),

## ऋण लगानी

- धितो मूल्याङ्कन प्रतिवेदन,
- ऋणको सम्झौता पत्र वा ऋण परामर्श पत्र,
- धितो रोक्का तथा दृष्टिबन्धक,
- ऋण लगानीको लागी आवश्यक कानुनी कागजातहरू,
- ऋणको तमसुक वा लिखत,
- ऋणी र धितोवालाको परिवारको मन्जुरीनामा,
- व्यक्तिगत धन जमानी,
- प्रतिज्ञा पत्र,
- ऋण भुक्तानी तालिका,
- टिप्पणी र आदेश,
- भरपाई,

## ऋण सुदपयोगिताको अनुगमन

- परियोजनाअनुसार ऋण सदुपयोग भयो, भएन एकिन गर्न ।
- जोखिमको मूल्याङ्कन र विश्लेषण गर्न ।
- ऋण भाखा नाघ्न नदिन ।
- ऋण सदुपयोगीता जाँच फारमको प्रयोग गरेर ।
- (फारमको ढाँचा, अनुगमन गर्ने व्यक्ति, अनुगमनको अन्तराल, प्रतिवेदन)

## ऋण असुली वा फिर्ता प्रक्रिया

ऋण लगानी गर्न जस्तो सहज नहुन सक्छ ऋण असुली । त्यसैले ऋण लगानी गर्दा नै सुरक्षित भएर गर्ने, पाँच सीको मूल्यांकन गर्ने गर्नुपर्छ । मानिसहरूको स्वभाव नै हो । ऋण लिने बेलामा विरालो जस्तो भएर नरम भएर नजिक बनेर ऋण लिने । जब ऋण तिर्ने बेला आउँछ स सानो कुरामा निउ खोज्ने, बाघ जस्तो भएर प्रस्तुत हुने । धेरैले यो समस्या भोगेको हुनुपर्छ । विविध कारणले पनि ऋण असुलीमा समस्या आउँछन् । अनुत्पादन क्षेत्रमा भएको लगानीमा बढीजस्तो असुलीमा समस्या देखिन्छ । क्षमताभन्दा बढी ऋण दिदा पनि असुलीमा समस्या आउँछ ।

## ऋण असुलीमा पर्ने समस्याका कारणहरू

- आन्तरिक कारण
- अनुत्पादन क्षेत्रमा लगानी ।
- क्षमता भन्दा बढी ऋण ।
- सहज र कमजोर ऋण लगानी प्रक्रिया ।
- कमसल धितो ।
- भावनात्मक र व्यक्तिगत प्रभावमा ऋण लगानी ।
- प्रष्ट नीति तथा कार्यविधीको अभाव ।
- फितलो अनुगमन ।

## कर्मचारी, ऋण उपसमिति र समितिको सक्रियतामा कमी ।

- बाह्य कारण

- अस्वस्थ्य प्रतिस्पर्धा,
- कानुनी परिपालनाको अभाव,
- प्राकृतिक प्रकोप र महामारी,
- अस्थिर आर्थिक अवस्था,
- वातावरणीय प्रभाव,
- राजनैतिक अस्थिरता,

## ऋण असुलीका लागि के गर्ने त ?

- ऋण नीति तथा कार्यविधिको निर्माण ।
- असुलीको जिम्मेवारी बाँडफाँड ।
- समयमै किस्ताको जानकारी ।
- ऋण सदुपयोगिताको अनुगमन ।
- उत्पादनमूलक क्षेत्रमा लगानी ।
- ५ सी विश्लेषणको आधारमा मात्र ऋण लगानी ।
- पर्न्याप्त धितो सुरक्षण लिने ।
- कानुनको पूर्ण परिपालना ।

## भाखा नाघेको ऋणको व्यवस्थापन

- कतिपयलाई भाखा नाघेको ऋण ठूलो चुनौतीको रूपमा रहेको हुन सक्छ । यसको समयमा नै व्यवस्थापन गर्नुपर्छ । नत्र यसले नकारात्मक असर गर्दछ । ऋण लगानीका बखतमा गरिएका सर्त र भुक्तानी तालिका अनुसार ऋण फिर्ता वा असुल हुन नसक्नु नै भाखा नाघेको ऋण हो ।

## ऋण भाखा किन नाघ्छ ?

भा भावनामा बहेर
खा खाम्नै नसक्ने गरी वा विश्लेषण नगरी
ना नातागोता वा साथीभाई
घे घेराभित्र नरही
को कोही कसैको दबावमा परी

## भाखा नाग्ने कारणहरू

- ऋण पूर्व विश्लेषणको अभाव,
- ऋण सम्बन्धी सूचना सङ्कलनमा कमी,
- नगद प्रवाहको विश्लेषणमा कमी,
- ऋण पोर्टफोलियोको स्वास्थ्य अनुगमन हुन नसक्नु,
- असुली सम्बन्धी सूचना प्रवाहमा अनियमितता,
- ऋण जोखिम कोषमा अत्याधिक खर्च,
- बिना धितो वा कमसल धितो,
- शेयर धितो जमानतमा ऋण लगानी,
- ऋण पूँजिकरण र नविकरणको अभ्यास,

## ऋणको वर्गीकरण र नोक्सानी कोषको व्यवस्था

ऋणलाई भाखा नाघेको आधारमा वर्गीकरण गरेर जोखिम व्यवस्थापर्न गर्नुपर्ने हुन्छ । एकातिर खराब ऋण बढिरहने अर्कोतिर मुनाफा चाँहि वितरण गरिरहने हो भने त्यसले समस्या सिर्जना गर्छ । त्यसैले भाखा नाघेको ऋणको आधारमा नोक्सानी व्यवस्था गर्नेगरी कोषको व्यवस्थापन गर्नुपर्छ । यो वैज्ञानिक आधारलाई फलो गरेको खण्डमा संस्थामा समस्या सिर्जना हुदैन । लगानी भएको सम्पूर्ण ऋणको हकमा १ प्रतिशत भने छुट्टाउनुपर्छ । त्यो असल ऋणको हकमा हो । १ बर्षसम्म भाखा नाघेको ऋण शंकास्पद ऋण हो । यसको असुलीका लागि ताकेता गरिरहने र नाफाबाट ३५ प्रतिशत रकम यो ऋणका लागि छुट्टाउने । त्यसैगरी १ बर्षभन्दा बढी भाखा नाघेको ऋण खराब कर्जा हो । यसको हकमा ऋण जति छ सतप्रतिशत रकम कोषमा छुट्टाउनुपर्छ । यसो नगरेको खण्डमा नाफाको पैसा बाँडेर सकिन्छ यता जोखिम बढ्दै जान्छ ।

| ऋणको प्रकार | अवस्था | कोषको व्यवस्था |
|---|---|---|
| असल ऋण | भाखा ननाघेको | १ प्रतिशत |
| शङ्कास्पद ऋण | १ बर्षसम्म भाखा नाघेको | ३५ प्रतिशत |
| खराब ऋण | १ बर्षभन्दा बढी भाखा नाघेको | १०० प्रतिशत |

## भाखा नाघेको ऋण असुली कसरी

ऋण लगानी गर्दा विशेष ध्यान नदिएको खण्डमा असुलीमा पनि समस्या सिर्जना हुन्छ । कार्यविधिमा टेकेर ऋण लगानी गर्नेहरूका लागि यो जटिल र झन्झटिलो पनि हुन सक्छ । ऋण लगानीलाई ट्युबबाट टुथपेष्ट निकाले झैं सजिलो ठान्नेहरूको लागि असुली गर्नु निस्किएको पेष्ट फेरि ट्युबमा हुल्नु झैं कठिन हुन्छ ।

- ऋण असुली गर्ने दायित्व कस्को ? उसले यसमा बढी फोकस गर्ने । नीतिगत रूपमा सञ्चालक समितिले सहयो गर्ने । ऋण असुलीको योजना बनाएर नै असुलीमा लाग्ने
- कर्मचारीबीच कामको बाँडफाँड गर्ने, नियमित रूपमा छलफल गर्ने
- नीति कार्यविधिको पूर्ण पालना गर्ने

- सदस्यहरूलाई गाली गलौजको व्यवहार र भाषाको अन्त्य गरी सम्मान जनक व्यवहार र साझेदारी कायम गर्ने ।

## ऋण असुलीका लागि अपनाउनुपर्ने विधिहरू

- किस्ता नाध्ने वित्तिकै स्मरण/जानकारी पत्र पठाउने
- पुनः विर्सिनुभएको हो भन्ने व्यहोराको पत्र पठाई चाँडै भुक्तानी गर्न आग्रह गर्ने,
- क्रमश पहिलो, दोस्रो, तेस्रो ताकेता पत्र र त्यसपछि ३५ दिने ताकेता पत्र पठाउने,
- कानुनी प्रक्रियाको अबलम्बन गर्ने, ३५ दिने ऋण तिर्न आउने बारेको सार्वजनिक सूचना प्रकाशन,
- ३५ दिने धितो लिलाम सम्बन्धी सार्वजनिक सूचना प्रकाशन,

## लिलामको सूचना प्रकाशनपश्चात् गर्नुपर्ने कार्यहरू

- ३६ औं दिनमा सार्वजनिक स्थलमा लिलाम बढाबढको कार्यक्रम ।
- धितो सकार । (दोस्रो व्यक्तिबाट र संस्थाबाट)
- संस्थाबाट सकार भएमा
- सुरुको ६ महिनासम्म ऋणी स्वंयमलाई अवसर दिनुपर्ने ।
- २ वर्ष सम्ममा बिक्री गरिसक्नुपर्ने ।

## ऋण असुली सम्बन्धी कानुनी व्यवस्था

सहकारी ऐन २०७४ मा ऋण असुल सम्बन्धी व्यवस्था छ । दफा ७९ मा ऋण असुली तथा बाँकी बक्यौता सम्बन्धी व्यवस्था छ । कुनै सदस्यले सहकारी संस्थासँग गरेको ऋण सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा, लिखतको भाखाभित्र ऋण चुक्ता नगरेमा वा लिएको ऋण हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले क्रिण लिदा राखेको धितोलाई सम्बन्धीत सहकारी संस्थाले लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा, ब्याज र हर्जना असुल उपर गर्न सक्नेछ ।

त्यसैगरी सदस्यले सहकारी संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक छोडिदएमा वा अन्य कुनै कारणबाटत्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सकिने व्यवस्था समेत छ ।

त्यसैगरी धितोबाट ऋण असुल हुन नसकेमा ऋणीको हक लाग्ने अन्य जायजेथाबाट पनि साँवा ब्याज, हर्जना असुल उपर गर्न सकिने व्यवस्था छ । यसरी ऋण असुलीमा लागेको खर्चको रकम तथा असुल उपर भएको ऋण कट्टा गरी बाँकी रहन आएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनुपर्छ ।

सहकारी ऋणीको धितो जायजेथा लिलाम विक्री गर्दा लिलाम सकार्ने व्यक्तिको नाममा सो धितो प्रचलित कानुन बमोजिम रजिष्ट्रेसन वा दाखिल खारेज गर्नका लागि सम्बन्धीत कार्यालयमा लेखी पठाउने र सम्बन्धीत कार्यालयले पनि सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी सोको जानकारी संस्थालाई दिनुपर्ने व्यवस्था छ ।

धितो राखेको सम्पत्ति लिलाम विक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संस्था आफैले सकार गर्न सक्ने छ भनेर ऐनमा उल्लेख छ । आफैले सकार गरेमा त्यस्तो सम्पत्ति सम्बन्धीत सहकारी संस्थाको नाममा रजिष्ट्रेसन वा दाखिल खारेज गर्न सम्बन्धीत कार्यालयमा लेखी पठाउने र सो कार्यालले आवश्यक कार्य गर्नुपर्ने व्यवस्था छ ।

सहकारी नियमावली २०७५ को दफा ३० मा ऋण असुली तथा बाँकी बक्यौताको व्यवस्था छ । जसमा जायजेथा लिलाम विक्री गरी असुलउपर गर्दा संस्थाले निम्न अनुसारको कार्यविधि अपनाउनुपर्ने व्यवस्था छ ।

- बाँकी बक्यौता तिर्नु, बुझाउनुपर्ने ठहर भएको व्यक्तिको नाममा बाटोको म्यादबाहेक ३५ दिनभित्र तिर्नु, बुझाउनुपर्ने रकम तिर्न, बुझाउन वा रकम तिरी बुझाइसकेको भए त्यसको प्रमण पेश गर्न आउनु भनी म्याद जारी गरी पठाउने,
- म्यादभित्र तिर्नु बुझाउनुपर्ने रकम तिर्न नआएमा निजको नाममा लिलाम विक्री गर्ने सूचना प्रकाशन गर्ने ।
- धितो राखेको घर, जग्गा, जमिन मालपोत कार्यालयबाट रोक्का नगराइएको भएमा रोक्का गर्न लगाई त्यसको प्रमाण राख्ने ।
- धितोमा राखेको चलअचल सम्पत्तिको लिलाम विक्री गर्दा धितोको विवरण निजले बुझाउनुपर्ने साँवा, ब्याज र हर्जनाको रकमसमेत उल्लेख गरी चल सम्पत्ति भए १५ दिन र अचल सम्पत्ति भए ३५ दिनको म्याद दिई उक्त म्याद भित्र तिर्नु बुझाउनुपर्ने रकम नबुझाएमा धितो लिलाम विक्री गरी सावाँ, ब्याज र हर्जनाको रकम असुलउपर गरिने बारेको सूचना सम्बन्धीत व्यक्तिलाई बुझाई संस्थाको कार्यालय, स्थानीय तहको सम्बन्धीत वडा कार्यालय र सार्वजनिक स्थानमा टाँस्नुका साथै स्थानीय वा राष्ट्रियस्तरको कुनै एक दैनिक पत्रिकामा सूचना प्रकाशन गर्ने । तर सम्बन्धीत व्यक्तिलाई सूचना बुझाउन नसकिएको वा निज फेला नपरेको खण्डमा दैनिक पत्रिकामा प्रकाशित सूचनाबमोजिम लिलाम विक्रीको प्रक्रिया अगाडि बढाउन बाधा पर्ने छैन ।
- धितो लिलाम विक्री गर्दा कार्यालय खुल्ने समयदेखि

सुर गरी बन्द हुने समयभन्दा एक घण्डाअगाडि समाप्त गर्नुपर्ने ।

- लिलाम विक्री हुने भनी तोकिएको दिन विदा पर्न गएमा त्यसको भोलिपल्ट सोही स्थान र समयमा लिलाम विक्री गर्नुपर्ने ।
- धितो लिलाम विक्री गर्दा लिलाम गरिने चलअचल सम्पत्ति रहेको सम्बन्धीत वडाको प्रतिनिधि, मालपोत कार्यालय वा स्थानीय तहको मालपोत विषय हेर्ने कर्मचारी, सम्बन्धीत विषयका प्राविधिक, सम्बन्धीत संस्थाको व्यवस्थापक सहितको समितिले चलनचल्तीको मोल कायम गरी सोही रकमबाट डाँक बढाबढ गरी सुरू गर्नुपर्ने तथा डाँक बोल्न उपस्थिति भई डाँक बढाबढ गर्ने व्यक्तिहरू मध्ये सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम विक्री स्वीकृत गर्ने
- सञ्चालक समितिका पदाधिकारी, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी, उपसमितिका पदाधिकारी, संस्थामा कार्यरत कर्मचारी निजका निजकका नातेदारले डाँक बढाबढमा भाग लिन पाउँदैनन् ।
- डाँक बोल्न सुरू गरी बढाबढ गर्नेले डाँक अङ्क बोलेपछि संस्थाको विनियम वा आन्तरिक कार्यविधिमा तोकिएबमोजिमको ढाँचाको फारममा निजले बोलेको अङ्क स्पष्ट खोली निजको सही छाफ गराउने ।
- लिलाम विक्री गर्दा जिल्ला प्रशासन कार्यालय वा लिलाम विक्री हुने ठाउँ नजिक कुनै सरकारी कार्यालय भए सो कार्यालय र स्थानीय तहको वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी मुचुल्का गराउनु पर्ने तर लिखितरूपमा अनुरोध गर्दा कुनै कार्यालयका प्रतिनिधि उपस्थित नभएमा उपस्थित प्रतिनिधि र स्थानीय तहको वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी लिलाम विक्री गर्ने ।
- जुन व्यक्तिको चलअचल सम्पत्ति लिलाम विक्री गरिने हो सो व्यक्तिलाई लिलाम विक्री हुने समय र ठाउँ तोकी उपस्थिति हुने सूचना पठाउनुपर्ने । तर त्यसरी लिलाम विक्री हुने दिन सरोकारवाला व्यक्ति उपस्थित नभएमा पनि लिलाम विक्री गर्न बाधा पुगेको मानिने छैन ।
- लिलाम विक्री स्थगित गर्न सक्ने : लिलाम विक्रीको सूचना प्रकाशित भइसकेपछि ऋणी सदस्यले कर्जा चुक्ता गर्न आएमा वा समितिले तोकिदिएको रकम जम्मा गरी निश्चित अवधिभित्र कर्जा चुक्ता गर्छ ऋणी र संस्थाबीच सहमति भए स्थगित गर्न सक्ने छ ।
- लिलाम विक्री गर्दा कसैले नसकारेमा सहकारी संस्थाले उक्त जायजेथाको स्वामित्व आफूमा लिन सक्नेछ र त्यस्तो स्थितिमा सम्बन्धीत कार्यालयहरूले सहकारी संस्थाको जनाउबमोजिम आफ्नो कार्यालयमा रहेको स्रेस्तामा तदनुसार रजिष्ट्रेसन वा दाखिला खारेज गरिदिनुपर्ने छ ।
- संस्थाको नाममा कायम हुन आएको जायजेथा छ महिनाभित्र सम्बन्धीत ऋणी सदस्यले आफूले तिर्नु बुझाउनुपर्ने साँवा र अघिल्लो दिनसम्मको ब्याज, हर्जना र लिलाम प्रक्रियासँग सम्बन्धीत खर्चसेत चुक्ता गरी फिर्ता लिन चाहेमा सम्बन्धीत सहकारी संस्थाले आवश्यक प्रक्रिया पुर्‍याई फिर्ता दिनुपर्ने छ ।

## प्रतिफल वितरण

सहकारी कोष बाँडफाँड गरेर मात्र प्रतिफल वितरण गर्नुपर्ने हुन्छ । संस्थाको सुद नाफालाई दुई भागामा बाँडन सकिन्छ वितरण योग्य नाफा र जगेडा कोष । जगेडा कोषका रकम वितरण तथा खर्च हुदैन । अन्य कोषको रकम खर्च हस्तान्तरण हुन्छ । नाफाको २५ प्रतिशत जगेडा कोषमा राखिन्छ । त्यसपछि बाँकी रहेको रकमलाई सतप्रतिशत मानी २५ प्रतिशत संरक्षित पुँजि फिर्ता कोषमा छुट्टाइन्छ । यसो सदस्यमा नै कारोबारका आधारमा वितरण हुन्छ । त्यसपछि प्रवर्धन कोषमा ०.५ प्रतिशत छुटटाइन्छ । त्यसलाई मन्त्रालयले तोकेको खातामा जम्मा गरिदिनुपर्ने हुन्छ । त्यसपछि सहकारी शिक्षा कोषमा, शेयर लाभां कोष, कर्मचारी बोनस कोष, सहकारी विकास कोष, घाटापूर्ती कोष, सामुदायिक विकास कोष, स्थिरीकरण कोष अन्य जोखिम कोषमा रकम छुटटाउन सकिन्छ ।

# वित्तीय सहकारी संस्थाको नियमन र अनुगमन



**नविन राज दाहाल,**
वरिष्ठ अधिकृत, नेफ्स्कुन

सहकारी नियमनको कानुनी आधार भनेको सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, बागमती प्रदेश सहकारी ऐन २०७६ हो । त्यसैगरी स्थानीय तहको हकमा स्थानीय पालिकास्तरको ऐन पनि यसको आधार भयो । त्यसैगरी विभिन्न स्तरीयकरण कार्यक्रम अन्तर्गत नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घले पनि नियमन गरिरहेको छ । एक्सेस कार्यक्रम, प्रावेशन कार्यक्र,म कर्वस कार्यक्रम र आधारशिला कार्यक्रममा आवद्ध संस्थालाई नियमन र अनुगमन गरेर नियमित रूपमा सङ्घले पनि पृष्ठ पोषण गरिरहेको छ ।

नियामक निकायले सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप देशका कृषक, कालिगड, श्रमिक, न्यून आय समूह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ता माँझ छरिएर रहेको पूँजि, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र स्वशासित सङ्गठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्धनात्मक नियमन गर्ने उल्लेख छ ।

## अनुगमन औचित्यता

सहकारी संस्थाको मूल्याङ्कन सदस्यहरूको उन्नयनका अर्थमा गरिने अभ्यास छ ।

- वैयक्तिक सशक्तिकरण, सामाजिक पूँजि सिर्जना र प्राकृतिक स्रोत संरक्षण गरी तीनोटा आयाममा उन्नयनलाई हेर्न,
- सहकारी कार्यबाट तीनैतिर प्रभाव परिरहेको हुन्छ, जसको लेखाजोखा गर्न,
- अन्तिममा सहकारी गतिविधिहरूको प्रभाव जानिराख्ने विकल्पको रूपमा नियामकबाट सदस्य केन्द्रीयता सूचकाङ्क नतिजा हेर्न,

अनुगमनका क्षेत्रहरू : संस्थापकीय सरोकार, सञ्चालकीय सक्रियता र संरक्षकीय सम्बन्ध ।

अनुगमनका औजारहरू : पर्ल्स अनुगमन, सहकारी सिद्धान्त अनुगमन, अनुपालन अनुगमन

## स्तरीकरण तथा जोखिम सुपरिवेक्षण अभ्यास

एक्सेसको छहारीमा गुणस्तरीय सहकारी रहेका छन् । जसमा ८० वटा संस्था आवद्ध छन् भने २४ वटाले ब्राण्ड पाएका छन् । प्रावेशनमा सहभागितामा गुणस्तर र व्यावसायिकता बृद्धि भएको छ । जसमा २४३ संस्था आवद्ध छन् भने ४० वटाले ब्राण्ड पाएका छन् । कर्व अन्तगर्तका ४४४ वटा संस्था छन् । जसमा सुरक्षित साकोस दिगो अभियान सञ्चालन भइरहेको छ ।

त्यसैगरी नेफ्स्कुनले जिल्ला सङ्घसँग साझेदारी गरेर कार्य गरिरहेको छ । ६५ विषयगत जिल्ला सङ्घमध्ये २६ वटामा साझेदारी अभ्यास गरेको छ । त्यसैगरी प्रदेश सङ्घसँग पनि साझेदारी गरिरहेको छ । ३ वटा विषयगत सङ्घ रहेकोमा २ वटासँग साझेदारी भइरहेको छ ।

त्यसैगरी सहकारी विभागसँगको साझेदारीमा सहकारी सुदृढीकरण तथा प्रणाली सुधार गरिरहेको छ । सहकारी सिद्धान्त परीक्षण भएको छ सम्पत्ति शुद्धीकरण सचेतीकरण तथा कोपोमिस अभ्यास भएको छ । त्यसैगरी विकास साझेदार अन्तर्गत आइएलओसँगको सहकार्यमा ६९ जना प्रशिक्षक

तयार गरेको छ । ६ वटा नीति तयारी भएको छ । १ रणनीतिक योजना निर्माण भएको छ । त्यसैगरी राष्ट्रिय युवा परिषद् नेपालसँगको साझेदारीमा ३७२ उद्यम समूह परिचालन भएको छन् । ४५ जना शैक्षिक प्रमाणपत्र उद्यम प्रवर्धन छ । १९ करोड ५० लाख परिचालन भएको छ ।

अक्कुसँगको साझेदारीमा १ सय उद्यम विकास प्रवर्धन र १० संस्थामा व्यवसाय विकास सेवा विकास तथा प्रवर्धन भएको छ । लायन्स क्लबसँग २० उद्यम समूह परिचालान र व्यवसाय प्रवर्धन भएको छ ।

नियमनलाई प्रभावकारी बनाउन र स्वनियमलाई प्रवर्धन गर्नका लागि सहकारी शिक्षाको अभ्यास भएको छ । जसमा सीटीभिइटी कोर्ष सञ्चालन छ । १५ वटा तालिम म्यानुअल मस्यौदा छ । १३ हजार प्रशिक्षित छन् । ३६ शीर्षकमा तालिम सञ्चालन भएको छ । विश्वविद्यालयहरूसँग सहकारी पाठ्यक्रम विकासको लागि सहकार्य हुर्दैछ । इकमर्श कोप मार्ट स्थापना गर्ने अवधारणा छ ।

नेफ्स्कुनले २२।६० अर्बको पूँजी परिचालन गरेको छ। स्तरीकृत सहकारी अभिलेख व्यवस्थापन गरेको छ । नेफ्स्कुन स्थापना हुँदा २०४५ सालदेखि प्रवर्धनमा जोड दियो । २०५० देखि विकासमा फोकस गऱ्यो । २०५५ देखि व्यावसायिकीकरणमा जोड दियो । २०६५ देखि गुणस्तर सुनिश्चिततामा जोड गरिरहेको छ भने २०७१ देखि एकरूपता प्रणालीका लागि काम भैरहेको छ । अनुगमनमा पनि यसलाई जोडिएको छ ।

## सहकारी सिद्धान्त परीक्षण

| | |
|---|---|
| स्वेच्छिक तथा खुला सदस्यता | समावेशी तथा समावेशिता<br>पहुँच योग्य<br>सम न्यायिक आवद्धता<br>जागरण तथा सचेतना<br>स्वेच्छिक परित्याग |
| सदस्यद्वारा प्रजातान्त्रिक नियन्त्रण | नीति, योजना तथा बजेट निर्माणमा सदस्को सर्वोच्चता<br>चुन्ने चुनिने समान अधिकार<br>लोकतान्त्रिक संस्कार<br>समावेशी सहभागिता<br>विस्तारित मञ्च |
| सदस्यहरुको आर्थिक सहभागिता | पूँजि निर्माणमा योगदान<br>वित्तीय सेवाको उपयोगिता<br>प्रतिफलको न्यायोचित वितरण<br>सम्पत्तिमा दिगो बृद्धि<br>संस्थागत पूँजि बृद्धि |
| स्वायत्तता तथा स्वतन्त्रता | साधारण सभामार्फत् नीतिगत सर्वोच्चता तथा परिपालन<br>सदस्यहरुकोमार्फत् स्वनियमन तथा अनुशासन<br>साधारण सभामार्फत् विनियमन तथा नियमको पारित<br>लोकतान्त्रक नियन्त्रणको सुनिश्चितता<br>सहकारिको नीत नियमभित्रको सर्वोच्चता |
| शिक्षा, तालिम तथा सूचना | अग्रसरतापूर्ण खुलासा<br>निरन्तर सदस्य शिक्षा<br>सहकारिता संस्कार<br>प्रभावकारी सञ्चार प्रणाली<br>अनुपालन<br>आवश्यकतामा आधारित क्षमता विकास |

| | |
|---|---|
| सहकारी वीच पारस्परिक सहयोग | सञ्जाल सहभागिता तथा आवद्धता<br>सिकाई आदान प्रदान<br>एकरुपता प्रणाली<br>सञ्जाल एक्यबद्धा<br>पहिचान |
| समुदायप्रति चासो | पहुँच अभिबृद्धि<br>दिगो विकास लक्ष्यका लागि सहकार्य<br>सामाजिक परीक्षण<br>सरोकारवालासँग साझेदारी<br>पर्यावरण संरक्षण |

## वित्तीय सुशासन परीक्षण

स्वार्थको द्वन्द्व

१ सामान्य नीति

२ सञ्चालक, कर्मचारीहरूमा संयमता (शक्तिको दुरूपयोगमा नियन्त्रण)

३ ऋणको उत्पादनमुखी परिचालन

४ संस्थाको कर्मचारीको अन्य व्यवसायमा संलग्नता

५ राजनीतिक गतिविधिहरु

६ सेयर सदस्यहरूका लागि फर्महरूको सिफारिस

७ आन्तरिक पक्षबाट संस्थामा पठाउने

८ नियामकहरूसँग सम्बन्ध

९ नागरिक, व्यावसायिक र सामुदायिक सङ्गठनमा सदस्यता

१० अभिलेख शुद्धता

११ प्रतिस्पर्धीहरूसँग सम्बन्ध

१२ सदस्यसँग सम्बन्ध

१३ प्रवर्धन र बजारीकरण

१४ संस्थाको सम्पत्ति बिक्री

१५ कानुनी र करका विषयमा सल्लाह

१६ बाह्य रोजगार

१७ आय हिस्सा

१८ ऋण र बचत कारोबार

वित्तीय सहकारीको नियमन र अनुगमनको अपेक्षाकृत सुधारहरू......

अपेक्षा गरिएका सुधारहरू

- नीतिगत सुधार
- योजना सुधार
- वित्तीय सुधार
- व्यवस्थापकीय तथा अभिलेखगत सुधार
- निर्णय प्रक्रिया तथा सहभागिता
- सुशासन व्यवस्था
- लागत तथा आय ढांचा
- नगद परिचालन लागत
- भौतिक पूर्वाधार सुधार

## नियामकको आँखामा सहकारी

**५०. निर्देशक सिद्धान्तहरू**

३. सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिकवृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धीहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ ।

**५१. राज्यका नीतिहरू**

**(घ) अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति :**

राज्यले देहायका नीतिहरू अवलम्बन गर्नेछ :-

(१) सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने,

(३) सहकारी क्षेत्रलाई प्रवर्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने,

सहकारी क्षेत्रको सुदृढीकरणमा राज्यको अपेक्षा

- विद्यालय तहको शिक्षामा सहकारी विषय समावेश भई पठनपाठन थालिएको हुनेछ ।
- विश्वविद्यालय तहमा सहकारिता विषयको शैक्षिक कार्यक्रम सञ्चालन भएको हुनेछ ।
- स्थानीय तह, प्रदेश र सङ्घबाट एकल तथा संयुक्त रूपमा अनुगमन प्रणालीको कार्यन्वयनबाट सहकारी सुशासनमा थप योगदान पुगेको हुनेछ ।
- सहकारी तथा गरिबी निवारण सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) को प्रभावकारी कार्यन्वयन भएको हुनेछ ।
- कूल गार्हस्थ्य उत्पादनमा सहकारी क्षेत्रको योगदान निर्धारण भएको हुनेछ ।
- सहकारी सम्बन्धी दीर्घकालीन रणनीति योजना तर्जुमा गरिएको हुनेछ ।
- सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रको पुनसंरचना भएको हुनेछ ।
- सहकारीमा महिला सदस्यता ५३ प्रतिशत पुगेको हुनेछ ।
- सञ्चालकमा महिला सहभागिता ४३.५ प्रतिशत पुगेको हुनेछ ।
- सहकारीमार्फत् परिचालित शेयर पूँजि रू.८६ अर्ब र बचत रू.३८४ अर्ब पुगेको हुनेछ ।
- सहकारीमार्फत् रू.३९३ अर्ब ऋण परिचालन भएको हुनेछ ।
- सहकारी क्षेत्रमा बार्षिक थप १७ हजार प्रत्यक्ष रोजगारी सिर्जन भएको हुनेछ ।

## वित्तीय सहकारी अभियानको भावी गन्तव्य....

क. वित्तीय सहकारी ऐन,

ख. सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को कार्यन्वयन

- स्थिरीकरण कोष दिगोपना,
- दिगो सहकारी विकास रणनीति योजना तर्जुमा,
- सहकारी कर्जा सूचना केन्द्र स्थापना,
- अभियानमैत्री कर प्रणाली विकास,
- केन्द्रीय तरलता कोष स्थापना,
- ऋण असुली न्यायाधीकरण स्थापना,
- वचत तथा कर्जा सुरक्षण कोष स्थापना,
- अभियानमैत्री सहकारी प्रबर्द्धन कोष स्थापना,
- अन्तर-सहकारी कारोबार तथा भुक्तानी फछर्यौट प्रणाली विकास,
- एकीकृत वित्त प्रणाली विकास,
- वचत तथा ऋण सहकारीमा आधारित भूमि बैंक स्थापना ।


SUSTAINABLE DEVELOPMENT GOALS
1 NO POVERTY
2 ZERO HUNGER
3 GOOD HEALTH AND WELL-BEING
4 QUALITY EDUCATION
5 GENDER EQUALITY
6 CLEAN WATER AND SANITATION
7 AFFORDABLE AND CLEAN ENERGY
8 DECENT WORK AND ECONOMIC GROWTH
9 INDUSTRY, INNOVATION AND INFRASTRUCTURE
10 REDUCED INEQUALITIES
11 SUSTAINABLE CITIES AND COMMUNITIES
12 RESPONSIBLE CONSUMPTION AND PRODUCTION
13 CLIMATE ACTION
14 LIFE BELOW WATER
15 LIFE ON LAND
16 PEACE, JUSTICE AND STRONG INSTITUTIONS
17 PARTNERSHIPS FOR THE GOALS
SUSTAINABLE DEVELOPMENT GOALS

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

**सहकारी व्यवस्थापन समितिको कार्यालय**

अनामनगर, काठमाडौं